
मितेरी नेपाल FRIENDSHIP NEPAL

# मितेरी

मितेरी हाम्रो अजम्बरी जहाँ रहौं पनि



२०६६

# मितेरी

*मितेरी हाम्रो अजम्बरी जहाँ रहे पनि*

२०६६ असार

**प्रधान सम्पादक**
चन्द्रकला नेवार

**सम्पादक**
यादब भट्टराई

**सम्पादन सहयोगी**
कमला रिसाल
मणिराज सिंह
लक्ष्मी उप्रेती

**प्रकाशक :**
मितेरी नेपाल
नयाँ बानेश्वर साझा
पो.ब.नं. ९५५४
फोन : ४७८३८५०

कम्प्युटर सेटिङ्ग : रोजेश मानन्धर
मुद्रक : बगलामुखी अफसेट प्रेस

मूल्य : १००।-

# सम्पादकीय

आज विश्व अशान्त छ । मानिस मनहरू अशान्त छन्... ! मानिस मानिससित सशंकित छन् । त्रस्त छन् । विज्ञानले चरममा पाइला टेकेको अवस्था छ । कसलाई थाहा देश-महादेश यसरी एउटा गाउँ जस्तो, एउटा शहर जस्तो बन्ने छन् ? यो पनि विज्ञानको चमत्कारै हो । जहाँ पुग्न महिनौ, वर्षौ लाग्ने गर्दथ्यो- त्यहाँ केही घण्टामै पुग्न सकिन्छ । यसो हुँदा भौतिक रुपमा मानिसहरू पनि नजिकिएका छन्- यसमा कुनै सन्देह छैन । तर, मानिस मन... ? मानिसका मनहरू झन्झन् टाढिदै गइरहेका छन् । एउटा मनदेखि अर्को मनसम्म पुग्ने त्यस्तो कुनै साधननै विज्ञानले बनाउन सकेको छैन । एउटा मनदेखि अर्को मनसम्म पुग्ने त्यस्तो कुनै साधन यो संसारमा छ भने त्यो हो 'साहित्य' साहित्यको माध्यमले हामी एक अर्काका मनलाई छाम्न सक्छौ, भावनालाई अनुभव गर्न सक्छौ, विचारलाई आत्मसात् गर्न सक्छौ, एउटा मनदेखि अर्को मनसम्म सजिलै पुग्न सक्छौ ।

सबै स्रष्टा केवल आत्मिक अनुभूतिमा मात्रै रमाएर बस्न सक्तैनन् ।स्रष्टा केवल स्रष्टामात्र हुँदैन । उभित्र देशको जल्दो बल्दो अनुहार पनि बाँचिरहेको हुन्छ । समाजको बौद्धिक तथा सचेत नागरिक पनि भएको हुँदा, कलात्मक प्रस्तुतिबाट युगको आवाजलाई सकारात्मक दिशातर्फ लैजान सर्वदा उन्मुख रहने गर्दछ । राष्ट्रको सुख शान्ति त्यो राष्ट्रको छिमेकीहरुसंगको सम्बन्धमा निर्भर गर्दछ । यी कुराहरुलाई ध्यानमा राखेर भाषा साहित्य तथा संस्कृतिको माध्यमले छिमेकी राष्ट्रहरुसित मित्रता कायम राख्ने, "मितेरी नेपाल" को उद्देश्य रहेको छ । भाषा साहित्यको कुनै भौगोलिक सीमाना हुँदैन; तर विस्तार पाउन बाटो पनि पाउनु पर्छ । मितेरी नेपाल एउटा बाटो बनेको छ, एउटा पुल बनेको छ-भाषा साहित्य तथा संस्कृति आदान प्रदान गर्ने । हरेक वर्ष मितेरी नेपालले नेपालभित्रको एकजना र नेपाल बाहिरका एकजना स्रष्टालाई "हरिभक्त प्रतिभा मितेरी सम्मान" तथा 'पारिजात साहित्य मितेरी सम्मान' ले सम्मानित गर्दै आएको छ । बेला बखत् नेपाल आउने स्रष्टाहरुलाई 'स्वागत सम्मान' गर्नु संस्थाको अर्को मुख्य कार्य रहेको छ । राष्ट्रिय स्तरमा रचना प्रतियोगिता राखेर समय समयमा साहित्य गोष्ठीहरुको आयोजना गरेर नेपाली भाषा साहित्यका संवर्द्धनमा सहयोग पुऱ्याउँदै आएको छ ।

यसै परिप्रेक्ष्यमा संस्थाका गतिविधि एवं विभिन्न स्रष्टाका रचनाहरू समावेश गरी संस्थाको मुखपत्रको रुपमा "मितेरी" प्रकाशित भएको छ । मितेरी नेपालका शुभचिन्तक, स्रष्टा व्यक्तित्वहरू तथा सहयोगी महानुभावहरुको सहयोगले संस्थाका गतिविधि सम्पन्न हुँदै आएको कुरा स्मरणीय रहेको छ । आगामी दिनहरुमा पनि सबैको सहयोग र सद्भावको "मितेरी नेपाल" ले अपेक्षा राख्दछ साथै भानुभक्त आचार्यको १९६ औं जन्म जयन्ती अवसरमा हार्दिक श्रद्धाभाव अर्पण गर्दछ ।

चन्द्रकला नेवार

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | भानुभक्त | १ |
| २. | नेपाली भाषा र साहित्यमा भानुभक्त आचार्यको योगदान | २ |
| ३. | स्रष्टाहरुका बीच सौहार्दता र मितेरी प्रबर्द्धनमा मितेरी नेपाल | ५ |
| ४. | तीन समस्यापूर्ति | ७ |
| ५. | अन्तर्वार्ता | ८ |
| ६. | मरूभूमि | १२ |
| ७. | काने-काने पिच्चा | १६ |
| ८. | मितेरी नेपाल | १८ |
| ९. | यात्रा | २८ |
| १०. | कलमको व्यथा | ३२ |
| ११. | गोर्खा जाति र गुरू गोरखनाथ | ३३ |
| १२. | मुख भरिएको थियो पानीले | ४० |
| १३. | महाकवि देवकोटाको बाल्यकाल | ४५ |
| १४. | भानुलाई कतै भुलेको त छैन | ४९ |
| १५. | माछा ! माछा ! ...!!! | ५० |
| १६. | चाहना | ६२ |
| १७. | नेपालमा 'मितेरी र चन्द्रकला' | ६३ |
| १८. | चाहिँदैन | ६५ |
| १९. | साहित्यमा नारी | ६६ |
| २०. | पेरिस | ७१ |
| २१. | सफाया | ७२ |
| २२. | एक दिन एक्लै हुँदा | ७६ |
| २३. | महाकवि लक्ष्मीप्रसाद देवकोटामा शब्द श्रद्धाञ्जली | ७८ |
| २४. | गोरखा-एक वृत्तचित्र | ८२ |
| २५. | सपनाको गीत | ८४ |
| २६. | गीत | ८५ |
| २७. | दुई मुक्तक | ८६ |

२८. धरातल ८७
२९. अन्धो न्यायलय ९२
३० समय साहू र ऋणीको लुकामारी ९३
३१. परदेशी सन्तान ९४
३२. काफ्ले गणराज्य ९९
३३ भजन १०१
३४. याग गरौं निरोगी रहौं १०२
३५. भानु तिमी १०७
३६. केही हाइकुहरू १०८
३७. तिमी 'र' होइनौ १०९
३८. मैले छिमेकीलाई भूत भनेको छु ११४
३९. गजल ११६
४०. अनामनगरकी अम्बिका दुई ११७
४१. कानून व्यवसायमा संलग्न महिलाहरुको पेशागत चुनौती र भविष्य ११८
४२. मितेरी साँघु १२६
४३. निष्पाप आँखाहरू १२८
४४. नारी १३४
४५. गन्धे पोखरी र पीयूषका थोपा १३५
४६. समय १३६
४७. निर्वासित बुद्ध : मनहरुबाट १३७
४८. अति नगर १३८
४९. भानुमोतीको खोजीनिती १३९
५०. गजल १४१

कविता

# भानुभक्त



भर्-जन्म घाँस-तिर मन्-दिइ धन् कमायो
नाम् क्यै रहोस् पछि भनेर कुआ खनायो ।
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो !
मो भानुभक्त धनि भैकन आज यस्तो ॥

मेरा इनार न त सत्तल पाटि क्यै छन् ।
जो धन् र चीजहरू छन् घरभित्र नै छन् ।
यस् घाँसिले कसरी आज दिएछ अर्ती,
धिक्कार हो मकन बस्नु नराखि कीर्ति ॥

लेख

# नेपाली भाषा र साहित्यमा भानुभक्त आचार्यको योगदान



– कमला रिसाल 'ज्योति'

*"नेपाल कोकिल कलाविद रामभक्त,*
*आवाल वृद्धवनिता कवितानुरक्त ।*
*पारेर देशकन वाग्विभुवादी दान,*
*गर्दै महापुरुष प्राण दियौ महान् ॥"*

"कवि बोलून् त यसरी, जसरी चराहरू बोल्छन्, न कि वस्ताजहरू कसरत गर्दछन् । हृदयले हृदय बोलाओस् कवितामा न कि आडम्बरलाई ।" आज भन्दा १९५ वर्ष पहिला जन्मेका भानुभक्त आचार्य चराहरूमा कोकिल हुन्, कला पारखीहरूमा वस्ताजहरूका पनि महावस्ताज हुन् । भक्तहरूमा रामभक्त हुन् नक्षत्रहरुमा भानु हुन् र कविहरूमा आदिकवि हुन् भने नेपाली साहित्यका सर्वोत्कृष्ट पात्र हुन् ।

हुन त सुवानन्ददास, यदुनाथ पोखरेल, इन्दिरस जस्ता कविहरूको प्रसङ्गले भानुभक्तको आदिकवित्वमा विवाद सिर्जना नभएको होइन तर यो समय आदिकवि वा अन्त्य कविको विवादमा फस्ने समय होइन, यो त नवयुगलाई आमन्त्रण गर्ने समय हो । भानुभक्तलाई आदिकवि वा आदिप्रतिनिधि कवि भन्नुमा कतै अतिरञ्जना नहोस् । इतिहासकार बाबुराम आचार्य भन्छन् –

कविको काव्यमा नभई नहुने मुख्य तीन गुण: लालित्य, सरलता र विचारमा मौलिकता हुन् । यी गुणहरू उनीभन्दा अगाडि र पछाडिका प्राथमिक र माध्यमिक कविहरूमा हत्तपत्त पाइदैन । तर भानुभक्तीय साहित्यमा प्रशस्तै पाउन सकिन्छ । यो नै उनको काव्य रचनाको महत्त्वपूर्ण कसी हो, कुनै आभूषण आवश्यक छैन । नेपालको भौगोलिक एकीकरणको बृहत् कार्य पृथ्वीनारायण शाहले शुरू गरे तर भाषिक र जातीय एकीकरण त बाँकी नै थियो । अनेकतामा बाँधिएको नेपाली जातिलाई भाषिक सूत्रको मालामा गाँस्न सक्नु उनको ठूलो

योगदान हो । पृथ्वीनारायण शाहलेत भौतिक एकीकरण गरे भानुभक्तले भाषासाहित्यमार्फत् मानसिक वा आत्मिक एकीकरण रे ।

नेपाली साहित्यमा भानुभक्तको अर्को उपलब्धि भनेको रामायण हो । रामायण मूलतः बाल्मीकीय अध्यात्म रामायणको अनुवाद भए तापनि यसमा भानुभक्तीय मौलिकता छताछुल्ल पोखिएको पाइन्छ । उनले त्यसबेला रामायण लेखें जुन बेला नेपाली भाषा नेपालीहरूको मुखमा मात्र सीमित थियो । त्यसले कुनै आकार र उद्देश्य प्राप्त गरेको थिएन । जब रामायण गर्भमा थियो, तब अहङ्कारी बाहुनवादीहरूले संस्कृत वेदभाषाको आडमा रहेर नेपाली भाषालाई भाँडिनी र तुच्छ दर्जामा गनिएको तत्कालीन परिवेशमा रामायण लेखेर उनले एकातिर घरघरमा एक पटक नैतिक आदर्श, जातीय एकता र भाषाप्रेम एकसाथ जगाइदिए । रामायणको अनुवादपछि पुनः एकपटक राम जागे, वनबास गए, हामी सबै रोयौं, सीता रोइन्, रावण मारियो । फेरि हामी सबै पहिलेकै युगमा घुसेझैं भान भयो । जहाँ राम राज्य थियो, रामका प्रजाहरू सत्यलाई आफ्नो जीवन ठान्दथे । घरघरमा सबैको जिब्रोजिब्रोमा रामायण यसरी गुञ्जिन थाल्यो ।

*"एक दिन नारद सत्य लोक पुगिगया*
*लोकको गरूँ हित भनी...... ।"*

एकतर्फ परम्परागत संस्कृत भाषा र अर्कोतर्फ सामन्ती अंग्रेजी भाषा, नेपाली भाषा त दुईढुङ्गा बीचको तरुलझैं च्यापिएको थियो । साथै कयौं स-साना भाषाभाषीहरूमध्ये नेपाली भाषाको वैभव भण्डारन गरी छुट्टै सशक्त अस्तित्व भानुभक्तले दिए । त्यसैले त उनको ठूलो योगदान रामायणलाई मानिन्छ तर उनको रामायणबाहेक थुप्रै फुटकर कविताहरू आफैं बोल्छन् । रामलीला, भक्तिमाला उत्कृष्ट अनुवाद हुन् र बधुशिक्षा, प्रश्नोत्तर आदि मौलिक कविताहरू पनि आफै बोल्दछन् ।

*"दरिन्द्र नाउँ नरमा छ कसको*
*विशाल तृष्णा घरमा छ जसको*
*जिउँदै मऱ्याको ? भनी नाम कसको*
*उद्यम बिना बित्दछ काल जसको ।"*

साँच्चै भानुभक्तमा साहित्यिक माधुर्य र सहअस्तित्वको भाव पाइन्छ । 'वालाजु र कान्तिपुरी नगरी' मा स्वदेश प्रेम धाराप्रवाहरूपमा पोखिएको पाइन्छ । भानुभक्तमा सरलता, सरसता, सहजता, व्यङ्ग्यभाव, तुर्णनमा चार्तुर्य जस्ता मौलिक विशेषता पाइन्छन् । त्यसैले उनको कवितामा कसैले औला ठड्याउने ठाउँ नै छैन । त्यसैले त देवकोटाजी घोषणा गर्छन । "उनी हाम्रा आदर्श

हुन्, उनी नेपाली साहित्याकाशका सर्वश्रेष्ठ पुरुष हुन् ।

आधुनिक नेपाली भाषाका प्रथम स्रष्टा र खारिएका नेपाली वाङ्मयका प्रथम प्रेरक भानुभक्तले खारिएको नेपाली भाषाको लागि ठोस शब्द र शैलीहरू प्रशस्तै दिएको पाइन्छ । नेपाली भाषामा नेपाली रङ मिल्नुको श्रेय उनलाई जान्छ । त्यसैले नेपाली साहित्य गंगा हुन् भने उनी गाग्रो हुन् उनले नेपाली हृदयलाई घाँसीको प्रेरणाले जगाए र त्यही प्रेरणाले नेपालीहरूको हृदयलाई प्रेरणा दिनका लागि भानुभक्तले कलम समाए ।

आज पनि धेरै तेज नेपाली वाङ्मयलाई चाहिएको छ । तर विडम्बना के छ भने अन्य देशमा झैं भानुभक्तलाई सम्मान गर्न सकेका छैनौं । पहिले देखिको इतिहास हेर्ने हो भने पनि तनहुँमा जन्मेका भानुभक्तको सालिक सर्वप्रथम दार्जीलिङमा स्थापना भएको पाइन्छ । साथै, सिक्किम, आसाम, बनारस, भुटान, वर्माजस्ता भूभागमा भानुभक्तको श्रद्धा जुन रूपमा भएको छ, त्यति नेपालमा हुन सकेको छैन । रानीपोखरीनजिकको भानुभक्तको आधा कदको सालिक यति धेरै पछि निर्माण भएको देखिन्छ ।

भानु संसारकै भानु तर हामीले नेपाली भानु भन्न पाउनु निकै गर्वको कुरा हो । आखिरी हाम्रै भानु गाढा छन्, भानुका धेरै संस्मरण अहिले नेपाली साहित्यलाई खाँचो छ । भानु नेपाली साहित्य आकाशमा ज्योति भर्न चाहिएको छ । त्यसैले मिल्टनले वर्डस्वर्थलाई बोलाए झैं धरणीधर कोइरालासँग एकाकार भएर हामी युगको आह्वान गर्न चाहन्छौं,

*आऊ प्रवेश कोही शरीर यहाँ,*
*भानु स्वरूपमै मार्ग बताऊ यहाँ ।*
*चोला गयो म पानी चेतन नित्य जानी,*
*गर्छु पुकार मनमा म त ढुक्क मानी ॥*

# स्रष्टाहरुका बीच सौहार्दता र मितेरी प्रवर्द्धनमा मितेरी नेपाल

भवानी घिमिरे

नेपाली स्रष्टाहरू ससारभरि फैलिएका छन् । नेपाली भाषा-साहित्यको उद्गम भूमि नेपालमा नेपाली स्रष्टाहरू हुने नै भए । नेपाली स्रष्टाहरूबाहेक नेपालमा अन्य भाषा-भाषी स्रष्टाहरू पनि छन् । ती पनि हाम्रै नेपाल भूमिका स्रष्टाहरू हुन् । तिनको अर्को भूमि छैन तसर्थ तिनको हकदावी यही भूमिमाथि हुनु स्वाभाविक छ । हाम्रो देशभित्र अनेक जातजातिका मानिसहरू छन् । तिनका आ-आफ्ना जीवन्त भाषाहरू छन् । हिमाल, पहाड र मैदानी भू-भागमा समेत फिँजिएको छ नेपाल भूमि-नेपाल । देशीय भू-भागको कुरा वेग्लै भयो तर जहाँसम्म नेपाली प्रश्न छ यो संसारभरि नै फैलिएको छ । भारतको दार्जिलिङ, डुवर्स, सिक्किम, आसाम, मेघालय, मणिपुर, देहरादुन, नागाल्याण्ड, बनारस, कलकत्ता आदि ठाउँहरूमा नेपाली भाषा अपनाउनेहरू धेरै छन् । यसभन्दा बाहेक बेलायत, चीन, क्यानडा, थाइल्याण्ड, कुवेत, अमेरिका आदि मुलुकहरूमा पनि नेपाली भाषा-भाषीहरू छन् र त्यहाँ पनि कुनै न कुनै रूपबाट नेपाली भाषा साहित्यको विकास गर्ने ध्याउन्न लिएर साहित्यिक, सांस्कृतिक गतिविधिहरू भइरहेका छन् ।

हिमाल हाम्रो शिर हो, पहाड शरीर जस्तो, तराई मधेश चाहिँ नेपालभूमिको हातखुट्टाजस्तो । हाम्रो देशमा प्रत्येक जातजातिका छुट्टाछुट्टै विशेषताहरू छन्, तिनका सांस्कृतिक विशेषताहरू पनि मनग्ये छन् र त्यसकै अनुप्रेरक पनि छन् । हाम्रै देशभित्र पनि विभिन्न जातजातिका बीच आपसी एकता र घनिष्टता र अर्को अर्थ आन्तरिक खाँचो रहेको छ । यसको अतिरिक्त देशभित्रै विविध भाषा-भाषी प्रतिभाहरूलाई एक-अर्को भाषाभाषी प्रतिभावीच परिचय स्थापित गर्नु र तिनीहरूका बीच प्रेम, सद्भावना बढाउँदै लैजानु त्यत्तिकै आवश्यक भएको छ । नेपालको राष्ट्रियतालाई वलियो वनाउन पनि यस्तो अन्तर-सम्वन्ध चाहिन्छ । आफ्नै देशभित्र रहेका साहित्यिक-सांस्कृतिक प्रतिभाहरूका अनेक संघ-संस्थाहरू सञ्चालित छन्, त्यसवाट पनि केही मात्रामा जातीय सांस्कृतिक सम्वन्धको

विकासमा योगदान पुगेको छ तर यो पर्याप्त छैन । यस्तो सम्बन्धलाई अझ प्रगाढ र गतिशील बनाउनुपर्छ । वास्तवमा यो हाम्रो विविधता बीच एकता प्रयत्न र सद्भावनाको खोजी हो ।

यस बाहेक देशबाहिर चारैतिर छरिएर रहेको हाम्रो सिर्जनाका प्रतिभाहरूको खोजी गर्नुपर्ने र तिनीहरूलाई नेपालका विविध जातजातिका प्रतिभाहरूका बीचमा ल्याएर आदानप्रदानद्वारा भाइचारा, बन्धुत्वको विकास गर्दै समस्त सिर्जना, संस्कृतिमै गति उत्पन्न गराउन सक्ता मात्र राष्ट्र-अन्तरराष्ट्र दुवैतिर हाम्रो सिर्जना-साहित्य कला, संस्कृतिले विकासको गति प्राप्त गर्न सक्छ ।

यही कुरालाई गम्भीरतापूर्वक मनन गरी 'मितेरी नेपाल' ले राष्ट्र र अन्तरराष्ट्रका नेपाली स्रष्टाहरूका बीच सम्बन्ध विकास गर्न र सो सम्बन्ध विकासद्वारा स्रष्टा-स्रष्टाबीच मितेरी गाँस्ने र त्यसको प्राप्तिस्वरूप नेपाली सिर्जनामा गति ल्याउने उद्देश्यले अभिप्रेरित भएर स्थापित गरिएको हो । देश बाहिरका स्रष्टाहरूलाई समेत सम्झी-सम्झी आमन्त्रण गर्ने, तिनको सम्मान गर्ने र विशेष कार्यक्रमको आयोजना गरेर नेपालका स्रष्टाहरूको बीच आपसी अनुभव र लेखनको आदानप्रदानद्वारा प्रेम, सद्भाव भाइचारा बढाउँदै नेपाली साहित्यको अभिवृद्धि गर्नमा नै सङ्कल्पित छ मितेरी नेपाल ।

यही उद्देश्यअन्तगत मितेरी नेपालले आसाममा जन्मेका तर नेपालीका प्रिय कवि हरिभक्त कटुवालका नाममा सम्मान गर्ने परिपाटी बसाएको छ । यही महान् उद्देश्यको परिपूर्ति गर्न देशभित्र र बाहिरका स्रष्टाहरूबीच मितेरी गाँस्न साँघु भएको छ मितेरी नेपाल । आसामका मुर्धन्य साहित्यकार लीलबहादुर क्षेत्री हुन् वा आसामकै विदुषी लेखिका गीता उपाध्याय, देहरादुनका होमबहादुर क्षेत्री हुन् वा लेखिका आशा क्षेत्री, आसामका कवि भविलाल लामिछाने हन् वा नव सापकोटा वा लेखिका एवं पत्रकार डा. शान्ति थापा सबैले नै यस संस्थाको न्यानो मायाको अँगालो पाएका छन्-स्वागत सम्मान पाएका छन् ।

वास्तवमा भन्ने हो भने स्रष्टाहरूलाई माया आफै नै सुखद् कुरा हो । त्यसमाथि माउभूमिको माया झन् सुखद् हो, त्यत्तिकै प्रेरणादायी पनि । 'मितेरी-नेपाल' माउभूमिको मायाको माध्यम भएको छ । अहिले देशभित्र र बाहिरका स्रष्टाले यो कुरा जति चाँडो बुझ्ने छौं त्यति नै यस संस्थाको औचित्य र आवश्यकता बोध हुने छ । यसको सम्पूर्ण सफलता यसैमा निहित छ ।

# तीन समस्यापूर्ति

कृष्णप्रसाद पराजुली

१. *राम्रो लाग्छ नदी सुसाउँछ जहाँ शोभिन्छ छाया पनि*
*आशा जाग्छ प्रभात-सान्ध्य क्षणमा सन्देश भर्छन् ध्वनि*
*त्यो बेला किन हो स्वयं लय भई चम्कन्छ रे लोचनी*
*बढ्दै छन् रसछन्दमा कविहरू लाग्दा मिठो मोहनी*

२. *रातै नीद भयो, भयो फरक के फर्की उषा आउँछ*
*पैलेदेखि अझै निरन्तर हुँदै धर्ती सदा गाउँछ*
*छर्दै छन् मुटुका कथा कति यहाँ छन्दै पियारो बनी*
*बढ्दै छन् रसछन्दमा कविहरू लाग्दा मिठो मोहनी*

३. *गाऊँ गीत र काव्यका स्वर छरूँ, रेटूँ कि तारै बसी*
*जे गर्दा पनि छर्छु रे हृदयका पन्नाहरूमा खुसी*
*स्वादै तिक्खर हुन्छ, दिन्छ रिस त्यो टाँकिन्छ छातीमनि*
*बढ्दै छन् रसछन्दमा कविहरू लाग्दा मिठो मोहनी !*


**१९६ औं भानुजयन्तीको अवसरमा मितेरी नेपाल-द्वारा आयोजित स्वदेश तथा विदेशमा रहेका नेपाली साहित्य बीचको घनिष्ठ सम्बन्ध राख्दै ११ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा निरन्तरता र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।**

भारती उपाध्याय कला प्रवर्द्धन केन्द्र
नयाँबजार-१७, काठमाडौं

# साहित्यकार वैरागी काँइलासँग मितेरी नेपालले गरेको कुराकानी

✍ *यसबेला के गर्दै हुनुहुन्छ ?*

☞ विशेष केही उल्लेख्य काम गर्न सकेको छैन । फाटफुट केही पढ्छु बस्छु ।

✍ *साहित्य किन लेखिन्छ ?*

☞ साहित्य किन लेखिन्छ ? यो प्रश्नको उत्तर पहिले जस्तो सहजसित दिन सकिन्छ जस्तो लाग्दैन आजकाल । हुन सक्दछ भानुभक्तले भनेझैँ नाम कमाउन सकिन्छ कि ? कृति लेखेर कीर्ति राख्न सकिन्छ कि ? भनेर पनि हुन सक्दछ । समाजको सेवाका लागि भनेर पनि लेखिन्छ होला कि ? राम्रो आदर्श निर्माण गरेर जीवन बाँच्नका लागि नयाँ मूल्य र मान्यता निर्माण गर्न सकिन्छ कि भनेर पनि हुन सक्दछ । लेखेर प्रकाशित गर्दै मनका भावहरू पाठक र उनीहरूमार्फत् समाजसँग साटासाट गर्न सकिन्छ भनेर पनि हुन सक्दछ । विद्यमान यथास्थितिलाई तोड्न, अन्याय-अत्याचार, शोषण र दलनमलन तथा विभेदको अन्त्य गर्दै विकृति र विसंगतिलाई जरैदेखि उखेलेर फ्याँक्नलाई पनि लेखिन्छ होला कि ? लेख्ने कारण सबैको एउटै नहोला । तर पनि सबै मानवताको पक्षमा रहेर नै लेखेका भने हुन्छन् ।

✍ **राजनीति र साहित्यको सम्बन्ध कस्तो हुनुपर्छ ?**

☞ राजनीति र साहित्य अलग-अलग हुन् । तर अलग भए पनि त साम्य धेरै पाउन सकिन्छ । विचार मिलेकाहरूले समान ध्येय लिएर संगठित भई समाज र राष्ट्रलाई रुपान्तर गर्दै अग्रगति दिन राजनीति आवश्यक माध्यम हो । त्यसरी नै साहित्यले पनि सोच र विचार, संस्कार र संस्कृतिमा आमूल परिवर्तन गर्दै समाज र राष्ट्रलाई अग्रगति दिन्छ । एउटाले बाध्य संरचनामा परिवर्तन गर्दछ भने अर्कोले अन्तरतहबाट नै परिवर्तन गर्न सक्दछ ।

✍ *वाद र विचारको साहित्य लेखन र स्वतन्त्र साहित्य लेखनको फरक कस्तो छ ?*

☞ वादले मानिसलाई बेग्लाबेग्लै पंक्तिमा उभ्याउँछ । विचारले संगठित भएर अलग-अलग पंक्तिमा आबद्ध भई लेखेको साहित्य सबैको हुँदैन, खेमाविशेषको

आग्रहमा उनैको हितसम्वर्द्धनका लागि लेखिएको हुन्छ, बादमा नबाँधिएर लेखिएको साहित्य सबै मानिसका लागि लेखिएको साहित्य भएको हुन्छ ।

✍ *देशको परिस्थितिले निम्त्याएको हरेक आन्दोलनमा स्रष्टाहरूको महत्त्वपूर्ण योगदान हुन्छ । तर सत्ता र कुर्सीमा पुगेपछि जसले पनि साहित्यकारको मर्म र साहित्यको धर्म साहित्यिक मर्मज्ञहरूले पनि किन नबुझेका होलान् जस्तो लाग्छ तपाईलाई ?*

☛ सामाजिक परिवर्तनका लागि, मुलुकभित्र विद्यमान भेदभाव, शोषण, अत्याचार, मानवअधिकारको हनन, माननीय मूल्यमान्यताका पक्षमा, विसंगति र विकृतिका विरोधमा स्रष्टाहरू जहिले पनि जहाँसुकै जस्तै परिस्थितिमा भए पनि विरुद्धमा उभिएका र सिर्जनारत रहन्छन् । सत्ता स्थापना र परिवर्तनमा यिनको भूमिका अहम् हुन्छ जहिले पनि । तर यिनीहरू सत्तामा गएर शासन गर्ने काम भने गर्दैनन् नै । हो, राज्यव्यवस्थाले हाम्रो मुलुकमा यिनको भूमिकालाई गौण र साहित्यलाई अनुत्पादक ठानेको यथार्थ भने दुःखदायी छ । साहित्यले व्यक्तिको अन्तर र समाजको अभ्यन्तरमा परिवर्तन गर्नसक्ने शक्तिलाई शासक र प्रशासकहरूले बुझिदिए समाजकै भलो अरू धेरै हुने थियो ।

✍ *प्राज्ञिक थलामा राजनीतिक नियुक्ति कतिको उचित हुन सक्ला ?*

☛ कुनै पनि निकायमा नियुक्ति वा मनोनयन तोकिएको विधिसम्मत हुनै पर्दछ । त्यसो नभएर शक्तिमा बसेकाहरूले, निजका सत्तासाझेदारहरूले सत्ता टिकाउने नियतले आग्रहपूर्वक गरेगराएमा पूर्वाग्रही हुनपुग्दछ । बौद्धिक क्षेत्र र प्राज्ञिक थलोमा समूह वा दलविशेषको आग्रहलाई शिरमाथि राखेर त्यस्तो नियुक्ति वा मनोनयन गरे राजनीतिकरण गरेको ठहरिन्छ । राजनीतिले प्राज्ञिकतालाई सर्वनाश गर्दछ ।

✍ *अहिले नेपालमा नेपाली भाषाको अवस्था कस्तो छ ? यस बेला नेपाली भाषा नै राष्ट्र भाषा हुनुपर्छ भन्नेहरूको भीड उत्तिकै छ र सबै भाषा नै राष्ट्र भाषा हुन भन्नेको भीड बढ्दो छ । यसमा तपाईको मत कस्तो छ किन ?*

☛ नेपाली भाषा भन्दा सामान्यतः खसनेपाली भाषा नै बुझिन्छ । खसबाट पर्वते हुँदै आज भनिने नेपाली भाषा मुलुकभित्र सम्पर्क भाषाको रूपमा विकसित भएको छ । यसका पछाडि २४० वर्ष निरन्तरता पाएको एकभाषिक नीति प्रमुख कारण हो भने मुलुकभित्र थोरै वक्ताहरूले धेरै भाषाहरू बोलिनु लेखिनु पनि अर्को कारण हुन सक्छ । नेपाल बहुजातीय र बहुभाषिक देश हुनाले नै एउटा कुनै एक

भाषालाई सम्पर्क भाषाका रूपमा विकसित हुनैपर्ने जस्तो पनि हुन्छ । तर यसो भन्दा अरू मातृभाषाहरूलाई सधैं ओझेलमा परेर मार्ने वा मर्न लगाउने अथवा दोस्रो दर्जाको स्थानमा राख्ने काम भने न्यायोचित हुँदैन । हेक्का राख्ने के कुरा छ भने नेपालमा बोलिने सबै भाषाहरू नेपाली भाषा हुन् । नेपालमा बोलिने सबै नेपाली भाषाहरू नेपालको राष्ट्रभाषा हुन् । ...धेरै ले बोल्ने भाषा होस्, वा थोरैले बोल्ने भाषाहोस् भाषा सबै सम्प्रभु हुन्छन् । यसैले कुनै भाषाको सम्प्रभुतामाथि आँच आउने गरेर राष्ट्रले भाषिक नीति बनाउनु हुँदैन । व्यवहारमा कुन भाषा उपयोगी हन्छ र काम गर्न सजिलो हुन्छ प्रयोगकर्ता र परिस्थितिले आफै निर्धारण गर्दै लाने कुरा हो ।

✍ ***कति स्रष्टाहरू राजनीतिबाट अलग्गा रहेर सिर्जना गर्न रुचाउँछन् तर सूचना प्रविधिबाट आन्दोलित भई देशको परिस्थितिले पिरोलिरहेको अवस्थामा त्यस्ता स्रष्टाहरूको भूमिका कस्तो हुनु पर्ला ?***

☛ ...राजनीतिबाट अलग रहेर सृजनारत रहनु भनेको खास कुनै एक राजनीतिक दलको घोषणापत्रलाई दिशाबोधक मानेर नलेख्नु भनेको हुनसक्छ । त्यसो भनेको भए त ठीकै हो । किनभने कति साहित्यकार आफ्नो दलगत राजनीतिक आस्थाको उज्यालोमा मात्र देख्ने र लेख्ने गर्दछन् अर्थात् दलीय लेखनमा रमाउँछन् । त्यस्तो साहित्यले समग्र समाजको आकांक्षालाई प्रतिविम्बित पनि गर्दैन । तर लेखक समाजबाट विच्छिन्न भएर लेख्दैन । त्यसैले सामाजिक उत्तार-चढाव; राजनीतिक गतिविधिबाट ऊ अलग रहन सक्दैन । अर्को शब्दमा भन्दा राजनीति र साहित्य अन्योन्याश्रित झैं देखिन्छन् ।

आज सूचनाप्रविधिले विश्वलाई एउटा ठूलो गाउँ बनाएको छ । सबै मानवजातिलाई सन्निकटमा ल्याएर एउटै परिवारको सदस्यझैं बनाएको पनि छ । तर पनि यस्तै परिस्थितिमा नै सबैले आफ्नो पना र पहिचान बनाउनका लागिपर्छन । पहिचान हराएको व्यक्ति, समाज र राष्ट्रको अस्तित्व नै हुँदैन पनि । स्रष्टाहरूले मानवीय मूल्य रक्षाका लागि नै सिर्जना गर्ने हुन् । प्रेम, स्नेह र सद्भावको विकासका लागि नै सिर्जना गर्ने हुन् तथापि साहित्य भाषामा नै लेखिने हुँदा पहिचानको सुरक्षाका लागि स्रष्टाहरू सचेत हुनै पर्दछ ।

✍ ***विदेशी साहित्यको तुलनामा नेपाली साहित्यको स्थिति कस्तो छ ?***

☛ विदेशी साहित्यको अध्ययनको कुरा गर्दा त्यस दिशामा मेरो कमजोरी पहिले नै भन्दछु कि मैले विदेशी साहित्यको उति अध्ययन गरेको छैन । त्यसैले

पहिले नै भन्दछु कि मैले विदेशी साहित्यको उति अध्ययन गरेको छैन । त्यसैले तुलना गरेर भन्न सक्दिन नै लाग्दछ । नेपाली साहित्य आफैमा उच्चकोटिको र समृद्ध भएको वास्तविकता सबैलाई थाहा नै छ ।

✍ *महिला साहित्यकारहरूको उपस्थितिसँगै सिर्जना पनि दह्रो रहेको अवस्थामा अब साहित्यकारहरूको हाराहारीमा महिला पनि छन् भन्न सक्नुहुन्छ तपाई ?*

☛ हो, महिला स्रष्टाहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ वर्तमान समयमा । त्यसरी नै तिनमा लेखनमा संख्यात्मक बृद्धि पनि भएको छ । स्तरीयतामा पनि धेरै माथि उठेका छन् भन्न जोसुकै नेपाली पाठकले निर्धक्कसँग सक्दछ । संख्यात्मक लेखन, विषयगत र विधागत लेखन तथा स्तरीयता पुरुष स्रष्टाहरूको हाराहारीमा छैनन् भन्ने अबको बेला कसले भन्न सक्दछ र ?

✍ *सोध्न नसकेका तर भन्नै पर्ने केही कुरा भए भन्दिनु न ?*

☛ सबै सोध्नु भो । सोधेकोभन्दा बढी उत्तरमा भनिसकेपछि अब भन्नु बाँकी रहेन नै । धन्यवाद !

प्रस्तुति : चन्द्रकला नेवार
लक्ष्मी उप्रेती

कथा

# मरुभूमि

- माया ठकुरी

शिवनाथ घर फर्केको निकै दिन भइसकेको छ तर उनको आगमनमा घरका सदस्यहरूले कुनै प्रकारको उत्साह र उल्लास देखाएका छैनन् । यहाँसम्म कि जीवनभरि सुख, दुःखमा एक भएर बिताउने बाचा गरेकी शिवरामकी पत्नी शोभालेसमेत पतिको आगमनलाई सामान्य रूपमा लिएको झैँ देखिन्छ ।

शिवरामको युवा पुत्र पितालाई भेट्न भनी घर आएको बेला पनि उसले पिताको समीपमा धेरै समय नबिताएर आफ्नी आमासँग नै आफूलाई आवश्यक परेको सामानबारे छलफल गर्नमा बितायो । "आज यतै बस न त बाबु...... ! बाउ-छोरो बसेर दुःख-सुखका कुरा गरौँला" छोरो होस्टेलमा फर्कने कुरो थाहा पाएपछि शिवरामले छोरोसँग भनेका थिए । "कहाँ हुनु बुबा ! भोलि प्राक्टिल छ । आज नर्फिए त हुँदैहुँदैन ।" पिताको कुरो सुनेपछि रमेशले तटस्थ भएर जवाफ दिएको थियो ।

शिवरामकी छोरी रञ्जुले पनि बाहिर विदेशमा पढ्न जाने तरखर गर्दै गरेको हुनाले ऊ आफ्नै काममा व्यस्त थिई यसर्थ उसलाई पितासँग बसेर कुराकानी गर्ने फुर्सद नै थिएन । शिवरामकी पत्नी शोभा विभिन्न सामाजिक संघसंस्थामा आवद्ध भएकी हुनाले अनेक थरिका कार्यमा व्यस्त रहनुपर्ने हुनाले प्रायः जसो घरदेखि बाहिर नै रहन्थिन् ।

घरको काम धन्दा सघाउनको निम्ति एउटी महिला बिहान सबेरै आएर काम गर्ने गरेकी थिइन् । बेलकाको निम्ति पनि उनैले खाना पकाएर फ्रिजमा राखेर छोड्ने गर्दथिन् ।

जीवनको एउटा लामो कालखण्ड अतिशय परिश्रम गरेर मानसिक तथा शारीरिक सङ्घर्षमा बिताएर शरीरमा रोग लिएर घर फर्केका शिवरामको हृदयमा आफ्नो परिवारले आफूप्रति गरेको व्यवहार र उनीहरूको चालढाल देखेर भित्र भित्रै निकै ठूलो आघात पुगेको थियो ।

एघार वर्षसम्म खाडी मुलुकमा एउटा अरब मालिकको मातहतमा बसेर बथानको बथान ऊँटको रखवाली गर्दै बिताएका थिए उनले ।

वर्षौंवर्षसम्म आफ्नो देश र आफन्तजनबाट टाढिएर मानिसको सभ्यताबाट धेरै टाढा रहेर ऊँटको लिदी सफा गर्दै बस्नुपर्दाको बाध्यतालाई सम्झँदा अहिले

पनि मन फाटेर आउँछ शिवरामको ।

साँच्चै भन्ने हो भने शिवरामले आफ्नो परिवारको प्रगति र सुखको निम्ति आफ्नो इच्छा, आकाङ्क्षा र जीवनको समेत च्याँखे थापेर अत्यन्त कष्टपूर्ण दिनहरू बिताएका थिए विदेशी भूमिमा । आफन्तहरूबाट हजारौं-हजारौं कोश टाढा रहेर अपरिचितहरूको अनुहारमा आफन्तहरूको अनुहार सम्झदै कति आँसु बगाए उनले त्यो भनी साध्य छैन ।

कति नैराश्यपूर्ण र उराठ लाग्दो जीवन थियो त्यहाँ उनको, कति वैराग छुट्दथ्यो । उनको मनमा आफ्नो घर परिवार सम्झेर ! ती सब भावनालाई परिवारका सदस्यहरूलाई अघि राखेर व्यक्त गर्न चाहन्थे उनी तर कसैलाई पनि उनको कथाव्यथा सुन्ने फुर्सद नै नभए जस्तो देखिन्थ्यो ।

धेरै पटक शिवरामले आफ्नी पत्नीको अघि सङ्क्षिप्त रूपमा आफूले त्यहाँ भोगेको अनुभव पोख्ने प्रयास गरेका पनि थिए तर किन हो कुन्नी शोभाले उनको कुरोलाई सामान्य रूपमा लिइन् र त्यस्तो कुनै खास प्रतिक्रिया जनाइनन् ।

बडो उराठे लाग्दो भएको छ शिवरामको दिनचर्या अहिले ।

उनी दिनभरि कहिले टि.भि. हेरेर र कहिले ओछ्यानमा पल्टेर आँखा चिम्म गरेर गहिरो सोचमा पर्दै दिन बिताउन बाध्य भएका छन् ।

शिवरामलाई घरको भऱ्याङ उक्लेर माथि कौशीमा गएर पर-परसम्म चारैतिर नियालेर हेर्न मन लाग्दछ तर घुँडा र जोर्नीको दुःखाइको कारणले गर्दा उनी एउटै थलोमा बस्न बाध्य भएका छन् ।

शिवराम घर आएको दोस्रो दिन शोभाले उनलाई डाक्टर कहाँ लगेर जचाएकी थिइन् । डाक्टरले उनलाई जाँचेपछि बाथ रोगको औषधी खान निर्देश दिएका थिए । कुनै बेला जब शिवराम यही आफ्नो देशमा बसेर सानोतिनो किराना पसल राखेर जीवन व्यतीत गर्दै थिए त्यस बेला उनको सानो परिवार कति खुसी थियो । एकल वृद्ध आमा, पत्नी शोभा र दुई सन्तान रमेश र रञ्जुको साथमा बसेर स-साना चाडबाडमा पनि रमाएर बसेका शिवरामलाई घरको आर्थिक अवस्थाको कारणले गर्दा विदेसिनु परेको थियो ।

शिवरामले घर छोडेको दुई महिना पनि नबित्दै उनले आफ्नी आमा बितेको खबर पाएका थिए तर बल्लबल्ल रिनपान गरेर विदेश पुगेका उनले तुरुन्तै घर फर्केर आमाको नाउँमा आशौच बार्न असमर्थ भएका थिए । शिवरामलाई जुन ठाउँमा काम गर्न खटाइएको थियो त्यहाँ प्रचण्ड गर्मीको तापमा सेकिंदा सेकिंदा उनको शरीर बल्दै गरेको अँगारझैं भएको मान हुन्थ्यो । त्यस्तो दुःखदायी क्षणमा

पनि शिवराम हतास नभएर आफ्नो मनको लगामलाई दृढनिश्चयी बनेर थामिरहे ।

प्रायः तीन-तीन महिनाको अन्तरालमा शिवरामको मालिक आफै आएर उनलाई शहर लिएर जाने गर्दथ्यो । त्यति बेला शिवरामले घरमा खर्च पठाउने र फोनमा शोभासँग कुराकानी गर्ने गरेका थिए ।

कहिलेकाहीँ शिवरामले आफू बिरक्तिएको हुनाले घर फर्कने इच्छा पनि जाहेर गर्दथे तर शोभा भन्ने गर्दथिन् "पर्खनोस् अहिले यता आएर केही काम छैन व बिदाको समयमा पनि त्यहीँ बसेर काम गर्नुस् । हामीलाई छोराछोरी पढाउन र उनीहरूलाई आत्म निर्भर बनाउनु परेको छ । तपाई दुई/चार वर्ष त्यहाँ बस्दैमा यहाँ केही बित्दैन यहाँ म छँदैछु ।"

पत्नीको कुरा सुनेर मनमा केही आघात पर्ने गरेको भए तापनि आफ्ना सन्तानहरूको भविष्य बनाउनको निम्ति शिवरामले आफ्नो इच्छा आकाङ्क्षाको पर्वाह गरेका थिएनन् ।

टाढा टाढासम्म समुद्रझैं फैलिएको मरुभूमिमा मूक पशुहरूको साथमा बसेर जीवनको एघार वर्ष बिताउनु भनेको चानचुने कुरो होइन तर शिवरामले छोराछोरीको निम्ति जीवनको एउटा ठूलो भाग नितान्त एक्ली र कठिन परिश्रम गरेर बिताएका थिए ।

अहिले शिवराम घर फर्केका छन् । पाँच आना जग्गाभित्र बनेको सानो चिटिक्क परेको अढाइतले घर छ । घरको अगाडि एउटा सानो दुबे चउर र फूलबारी पनि छ । छोरो रमेश मेडिकल कलेजको होस्टेलमा बसेर मेडिकल पढ्दै छ । रञ्जु विदेशमा गएर उच्च शिक्षा लिने तरखर गर्दै छे । शोभालाई दिन कटाउन गाह्रो छैन । उनी वेलावेलामा भन्छिन्- "तपाई अरू दुईचार वर्ष अलि दुःख गरेर त्यहाँ वसेर कमाउन सकेको भए साँधमा भएको जग्गा थप्न सकिन्थ्यो ।

शोभाको कुरो सुनेर उदेक लाग्छ शिवरामलाई "किन यस्ती भइन् शोभा ?" उनको मनमा वारम्वार प्रश्न उठ्दछ तर मनभित्र उठेको प्रश्नलाई मनभित्रै दवाएर राख्दछन् शिवराम ।

शिवराम वालकै छँदा उनको पिताको देहान्त भएको हुनाले उनलाई पिताको यति सम्झना छैन तर एक्ली आमाले दुःखसुख गरेर आफूलाई हुर्काएकी हुनाले आमाको अनुपस्थितिले भने निकै संवेदनशील बनाउँदछ उनलाई । "आज मेरी आमा जीवित भइदिएको भए कति खोतली-खोतली कुरा सोध्दथिन् होलिन् मसँग कति रून्थिन् होलिन् । मैले दुःख पाएको कुराहरू सुनेर कति ढाडस दिन्थिन्

होलिन् मलाई जीवनमा अघि बढ्नलाई...... कठै बरी ! आज मेरी आमा छैनन् ।

आमाको बारेमा यस्तै-यस्तै अनेकथरिका कुराहरू मनमा खेलाउँदा-खेलाउँदै आँखा रसाउन थाल्दछ शिवरामको ।

उमेरले साठी वर्ष नपुगेको भए तापनि अतिशय परिश्रम, मानसिक चिन्ता र शारीरिक रोगको कारणले गर्दा असमयमै बुढ्यौली खेप्न बाध्य भएका शिवरामलाई यस्तो लाग्न थालेको छ कि उनको मरुभूमिको बास अझ पनि सकिएको छैन ।

o o o


## गीतकार तथा साहित्यकार उन्नती बोहरा 'शीला' का कृतिहरू सर्वत्र उपलब्ध छन्

| | |
|---|---|
| १. कोसेली उसैलाई | *(कवितासङ्ग्रह)* |
| २. भावनाका तरङ्ग | *(कवितासङ्ग्रह)* |
| ३. अदृश्य घाउ | *(गीतीसङ्ग्रह)* |
| ४. काफल पाक्यो | *(बालगीत माला)* |
| ५. सिक्काका दुई पाटा | *(उपन्यास)* |
| ६. यादहरूमा | *(सि.डि. अल्बम)* |
| ७. लहर | *(सि.डि. अल्बम)* |
| ८. भुल भयो मबाट | *(सि.डि. अल्बम)* |
| ९. फर्की आऊ शान्ति तिमी | *(राष्ट्रिय गीत सि.डि. अल्बम)* |
| १०. फेरि एकपल्ट | *(कलेक्सन सि.डि अल्बम)* |
| ११. यो सिलसिला | *(कलेक्सन सि.डि. अल्बम)* |
| १२. मेरा आसक्ति | *(कलेक्सन सि.डि. अल्बम)* |
| १३. मेरो मायालाई | *(एकल स्वर सि.डि. अल्बम)* |
| १४. मायाले बाँध | *(भि.सि.डि.)* |
| १५. टु फेसेस अफ अ क्वाइन | *(अङ्ग्रेजीमा अनूदित उपन्यास)* |

पाइने ठेगाना :- साझा प्रकाशन, म्यूजिक नेपाल,
सम्पर्क नम्बर :- ९८५१०२६२६०

कविता

# काने-काने पिच्च

- डा.बेञ्जु शर्मा

आँखामा पट्टी बाँधिदिएर
तिमी अलग भयौ
म तिमीलाई खोज्न
यत्रतत्र, लर्खराइरहें
कुना काप्चा छापिरहें
तिमी कुन दिशाबाट हो कुन्नि
फेरि आउँछौ, छुन्छौ, हराउँछौ
फेरि म तिमीलाई
फनफनी घुमी खोजिरहन्छु
सम्भनाका वृत्तका मधुर मण्डलभित्र
घुमिरहन्छु कल्पिरहन्छु
पट्टी फुकाली हेर्दा
एउटा शून्य निराकार
शान्त समुद्रको मौन तटमा रहेछु
समुद्रमा तिम्रा हाँसोका छाल थिएनन्
आकाशमा तिम्रा निर्बाध मस्तीका
चराका चाल थिएनन्
रूखका पातका ओठाहरू
हावाविना स्वस्थ मौन थिए
बादलहरू जमेर
बरफ बनेका थिए
शून्य, निराकार समुद्रभित्र
पस्दै जान्छु, पस्दै जान्छु
तिमीमै हराइरहेको आफूलाई
आफ्नो अस्तित्वको खोजीमा
छातीमा हात राखेर छाम्दा

तिमी त मसँगै रहेछौं ।
म भएर नै
तिमी हुने रहेछौ
म नभए
तिमी कहाँ हुन्थ्यौ ?
मेरो आँखामा पट्टी बाँध्यौ ??
लामो जीवन अल्मलमा पार्‍यौ
भुलभुलैयाको भँगालको भङ्खालोमा खसाल्यौ
अब म निर्दिष्ट बाटोमा छु
म छु र तिमी पनि साथै छौ
तर पनि
आज पनि तिमी
काने-काने पिच्चको खेलमै
मलाई रुमलाउन चाहन्छौ
तर म निविघ्न मार्गमा छु
निर्बाध गतिमा छु
निर्दिष्ट लक्ष्यमा छु
मैले मलाई चिन्न सकेकाले नै
तिमीलाई चिन्न सकें ।

चिनारी

# मितेरी नेपाल

(मितेरी हाम्रो अजम्मरी, जहाँ रहे पनि...)

- महेन्द्र गुरुङ्ग उपाध्यक्ष
"मितेरी नेपाल"

## विषय प्रवेश

मातृभूमिको माया प्रत्येक मानिसको मुटुमा हुन्छ । साँच्चै भन्ने हो भने मुटुको प्रत्येक स्पन्दनमा देश बाँचिरहेको हुन्छ । अनि देशप्रतिको भक्तिभाव र मातृभूमिप्रतिको माया जति देशभित्र रहँदा हुन्छ, त्यो भन्दा कयौं देशको भौगोलिक सिमानालाई पार गरेर दूर सुदूर मुलुकमा रहँदा हुन्छ, हुने गर्छ । यो प्रायः सबैको शाश्वत भोगाइ हो र स्वाभाविक पनि ।

स्वाभाविक किनभने, मुलुकबाहिर रहँदा आफन्तहरुसंग टाढा रहँदा, आफ्ना मीतहरूसँग दूर रहनुपर्दा मुटुभित्र एक प्रकारको एक्लोपना, बिरानोपना अनि कता-कता असुरक्षाको भाव महसुस हुने गर्छ । विज्ञानले पनि यसलाई पुष्टि गर्छ, त्यो कसरी भने कुनै पनि वस्तुलाई उदाहरणस्वरुप रबडलाई जति धेरै दुवैतिर विपरीत धुवमा खिँचिन्छ, त्यति नै मात्रामा धेरै उसले पनि आफूतिर खिँच्दछ, खिँचेको महसुस गर्न सकिन्छ । भावना पनि त्यही हो-आफन्तबाट जति टाढा त्यति नै धेरै व्याकुलता र माया ।

नेपालीहरू नेपालमा बसेकाले भन्दा नेपाल बाहिर बसेकाले नेपालको माया बढी गरेको देखिन्छ, सुनिन्छ, पाइन्छ । भारतको आसाम, मणिपुर, शिलाङ, देहरादून आदि तथा अन्य परदेशको कुरा गर्दा पनि त्यो स्वभाव र व्यवहार देखिन्छ ।

आसाममा लाखौं नेपालीहरू बस्ने गर्थे, अझै पनि छन् । आसामलाई कर्मथलोका रूपमा विकसित गर्दै भारतीय मानचित्रमा सशक्त ढंगले छुट्टै पहिचान प्रस्तुत गर्नमा नेपालीहरूको स्पष्ट र ठोस योगदान रहेको त्यहाँको इतिहासले बताउँछ । त्यहाँको समाजप्रति उत्तरदायी व्यवहार गर्दै त्यहाँको असहज परिस्थितिमा पनि टाकुरा फोर्दै फुल्ने गुराँस जस्तो वा भनूँ वनमा फुल्ने वनफूल जस्तो भएर नेपाली भाषा, साहित्य र कलाको सुरम्य महक हुर्केर, फैंक्रेर बसेको

थियो । त्यसै प्रदेशका भाषा सेवीहरू नेपाल आएपश्चात् नेपालका अन्य भाषा-साहित्य-कलासेवीहरूसँग सम्मिलित भई त्यो सेवाभावलाई एउटा उचाइमा अगाडि बढाउने जमर्को प्रारम्भ भयो ।

वस्तुतः पुर्ख्यौली थलो नेपाल नै भएका कारण आफूभित्र रहेका प्रतिभा र सिर्जनाका असीमित सम्भावनाहरूलाई उत्कट प्रेमका रूपमा नेपालमै समर्पण गर्ने सामूहिक अठोटबाट एउटा संस्थाको जन्म भयो-मितेरी नेपाल ।

आजभन्दा १० वर्षअघि २०५६ सालमा अनामनगरभित्र अक्सिडेन्टल पब्लिक स्कूलमा सर्वप्रथम भाषासेवी, श्री केशवलाल जोशीको अध्यक्षतामा बैठक बसी, मितेरी नेपाल संस्थाका अवधारणाको आकार तयार गरिएको थियो । पटक-पटक बसेका ती बैठकहरू स्वयंमा एउटा लक्ष्यप्राप्तिप्रतिको प्रतिबद्धताका प्रतिबिम्बहरू थिए, जसमा मितेरी नेपालको सुन्दर भवन निर्माणमा सहभागी सबैले एउटा-एउटा गरी ईटा थप्ने र थप्दै जाने संकल्प व्यक्त गरेका थिए । फलस्वरूप तत्काल विधिवत् दर्ता हुन नसके पनि संस्थाको सरिता प्रवाहित हुन थाल्यो ।

## मितेरी नेपालको स्थापना र संस्था दर्ता

२०५६ सालमा बसेका बैठक र क्रियाशीलताको फलस्वरूप संस्थालाई विधिवत् दर्ता गराउन २०५७ सालमा विधान तर्जुमा गरियो । त्यस विधानमा चन्द्रकला श्रेष्ठ (नेवार) सहित १० जनाको दस्तखत देखिन्छ । तर संस्था दर्ता भने हुन सकेको देखिदैन ।

संस्था दर्ता हुन नसके पनि विभिन्न भाषिक साहित्यिक क्रियाकलापका कार्यक्रमहरू सञ्चालन हुँदै आएको देखिन्छ । विशेष गरी आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती पारेर मनाइने भानुजयन्ती प्रत्येक वर्ष आयोजना गरेको पाइन्छ ।

२०६२ सालमा विधान तर्जुमा गरी संस्था दर्ताको विधिवत् प्रकृया २०६३ सालमा पूरा भयो । जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा मिति २०६३।३।२६ का दिन दर्ता नं. ८६७।०६२।६३ मा दर्ता भएको यस संस्थाका ७ जना संस्थापक कार्यकारिणी पदाधिकारीहरू तथा ९ जना सल्लाहकार रहनु भएको छ । नामहरू यस प्रकार छन् :-

**संस्थापक कार्यकारिणी समिति**

१. चन्द्रकला नेवार (श्रेष्ठ) - अध्यक्ष
२. जलश्वरी श्रेष्ठ - उपाध्यक्ष

३. महेन्द्र गुरुङ्ग - महासचिव
४. लक्ष्मी उप्रेती - सचिव
५. प्रताप शर्मा - कोषाध्यक्ष
६. भारती उपाध्याय - सदस्य
७. तुंगनाथ उपाध्याय - सदस्य

**संस्थापक सल्लाहकार :**

१. श्री भवानी घिमिरे
२. श्री केशवलाल जोशी
३. श्री गिरिप्रसाद उपाध्याय
४. श्री नवराज कार्की
५. श्री माया ठकुरी
६. श्री पीताम्बरा उपाध्याय 'पीयूष'
७. डा. मृदुला शर्मा
८. स्व. श्री शारदा अधिकारी ढकाल
९. श्री पूर्णप्रसाद विष्ट

यस संस्थामा हाल निम्न अनुसारको कार्यकारिणी समितिले कार्य सञ्चालन गरिरहेको छ :

१. चन्द्रकला नेवार - अध्यक्ष
२. महेन्द्र गुरुङ्ग - उपाध्यक्ष
३. यादव भट्टराई - महासचिव
४. नम्रता उपाध्याय - सचिव
५. मणिराज सिंह - कोषाध्यक्ष
६. शम्भु गुरागाईं - सदस्य
७. कमला रिसाल - सदस्य
८. सङ्गीता शर्मा - सदस्य
९. ललिता 'दोषी' - सदस्य

**संरक्षक**

१. सुश्री भद्रकुमारी घले
२. रूकु कार्की

**सल्लाहकार :**

१. श्री भवानी घिमिरे
२. श्री गिरिप्रसाद उपाध्याय
३. श्री माया ठकुरी
४. श्री नवराज कार्की

**संस्थाको उद्देश्य :**

मितेरी नेपाल नेपाली भाषा, साहित्य, कला र संस्कृतिको सम्बर्द्धन, प्रवर्धन र उन्नयनप्रति समर्पित मुनाफा रहित सामाजिक संस्था हो । कुनै जात, धर्म, राजनीति, पन्थ वा सम्प्रदाय विशेषसँग यसले सम्बन्ध राख्दैन । यो नेपाल, नेपाली समाज र नेपाली सभ्यतालाई समग्र रूपमा उन्नत, गतिशील र समृद्ध वनाउन लागिपर्ने तथा नेपाल राष्ट्रको एवं कानुनको अधिनमा रही नेपाली भाषा, साहित्य, कला र संस्कृतिसंविधान क्रियाकलापहरू गर्ने एउटा स्वतन्त्र एवं अविच्छिन्न अधिकारवाला सामाजिक-साहित्यिक संस्था हो ।

विधानमा उल्लेख भएअनुरूप संक्षेपमा यस संस्थाका निम्न तीनवटा उद्देश्यहरू रहेका छन् ।

१. देश विदेशमा छरिएर रहेका नेपालीहरूबीच भाषा, साहित्य र कलाको माध्यमबाट पारस्परिक सम्बन्ध स्थापित गर्दै नेपालको राष्ट्रियता र राष्ट्रिय एकतालाई सुदृढ गर्ने ।
२. नेपाली भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना, उन्नयन तथा व्यापक प्रचारप्रसारका लागि प्रयत्नशील रहने ।
३. यी क्षेत्रहरूमा जीवनको उल्लेखनीय अवधि समर्पण गर्ने स्रष्टा र साधकहरूलाई सार्वजनिक रूपमा सम्मान गरी समाजमा आदर्श, मूल्य र मान्यता स्थापित गर्न योगदान गर्ने ।
४. सिर्जनशील नवप्रतिभाहरूलाई प्रोत्साहन गर्ने ।

**क्रियाकलापहरू** :

आफ्नो स्थापना कालदेखि अझ भन्ने हो भने प्रकृयागत औपचारिकता पूरा हुन पनि पर्खिकनै अर्थात् २०५७ सालदेखि नै मितेरी नेपालले विभिन्न साहित्यिक क्रियाकलापहरू गर्दै आएको छ । यहाँनिर स्मरणीय छ कि नेपालका आदिकवि भानुभक्त आचार्य जसरी नेपालको भाषा, भाषिक राष्ट्रिय एकता र सभ्यताको जगेर्नामा एउटा केन्द्रीय पुरुषको रूपमा स्थापित नाम हो, यसरी त्यही

गरिमामय व्यक्तित्वलाई यस संस्थाले आफ्ना क्रियाकलापहरूको सिंहासनमा राखेको छ, आत्माको रुपमा स्वीकार गरेको छ। के महसुस गरिएको छ भने भाषा र साहित्यका शिखर पुरुषलाई वर्षको एक पटक मात्रै श्रद्धाका साथ स्मरण गर्‍यौं भने त्यसबाट अन्ततः मुलुकको सेवा हुन्छ, मुलुकबासीको सेवा हुन्छ।

छोटो शब्दमा मितेरी नेपालले भानुजयन्ती दिवसलाई श्रद्धा, उत्साह र उमङ्गका साथ अविच्छिन्न रूपमा मनाउँदै आएको छ। यसको विवरण तल दिइएको छ :

१. २०५७ साल : १८६ औं भानुजयन्ती
स्थान : रुसी सांस्कृतिक केन्द्र
प्रमुख अतिथि : राजपरिषद्का सम्माननीय सभापति डा. केशरजंग रायमाझी

२. २०५८ साल : १८८ औं भानुजयन्ती
स्थान : हिमालयन ह्वाइट हाउस कलेज
प्रमुख अतिथि : राजपरिषद्का सम्माननीय सदस्य डा. स्वामी प्रपन्नाचार्य

३. २०५९ साल : राजदरबारमा भएको दुःखद् घटनाको कारण थगित।

४. २०६० साल : १९० औं भानुजयन्ती
स्थान : अक्सिडेन्टल पब्लिक स्कूल
प्रमुख अतिथि : केशवलाल जोशी
विशिष्ट अतिथि : माया ठकुरी

५. २०६१ साल : १९१ औं भानुजयन्ती
स्थान : डि.ए.भी. सुशील केडिया विश्वभारती उच्च माध्यामिक विद्यालय
प्रमुख अतिथि : सम्माननीय भू.पू. प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द
सम्मानित व्यक्तित्व : भारती उपाध्याय, मितेरी प्रतिभाद्वारा सम्मानीत।

यसबीच मितेरी नेपालले एउटा अत्यन्त महत्त्वपूर्ण निर्णय गर्‍यो। मिति २०६२ वैशाख ३ को कार्यकारिणी समितिको बैठकले साहित्यकार र स्रष्टाको सम्मान गर्न दुईवटा सम्मान पुरस्कार स्थापना गर्ने निर्णय गर्‍यो। त्यसमध्ये अग्रज एवं नेपालबाहिरका वरिष्ठ साहित्यकार स्रष्टाहरूको सम्मान गर्न प्रख्यात

नारीवादी उपन्यासकार स्व. पारिजातको स्मृतिमा 'पारिजात स्मृति साहित्य मितेरी सम्मान' स्थापना गरियो भने भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने प्रतिभाहरूलाई प्रोत्साहित गर्न प्रख्यात गीतकार एवं कवि स्व. हरिभक्त कटुवालको स्मृतिमा 'हरिभक्त कटुवाल स्मृति प्रतिभा मितेरी सम्मान' पुरस्कार स्थापना गरियो । यी सम्मान पुरस्कारका लागि स्रष्टाहरू चयन गर्दै सम्मान गर्ने कार्य २०६२ सालदेखि क्रमिक रूपमा अगाडि बढाएको छ ।

६. २०६२ साल : १९२ औं भानुजयन्ती
स्थान : रुसी सांस्कृतिक केन्द्र
प्रमुख अतिथि : वरिष्ठ संस्कृतिविद् श्री सत्यमोहन जोशी

सम्मानित व्यक्तित्व:

१) पारिजात स्मृति साहित्य मितेरी सम्मान : आख्यानकार श्री भागिरथी श्रेष्ठ
२) हरिभक्त कटुवाल स्मृति प्रतिभा मितेरी सम्मान : शिक्षासेवी श्री केशवलाल जोशी

७. २०६३ साल : १९३ औं भानुजयन्ती
स्थान : प्रोग्रेस कलेज
प्रमुख अतिथि : वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधान
विशिष्ट अतिथि : वरिष्ठ कवयित्री डा. गार्गी शर्मा

सम्मानित व्यक्तित्व:

पारिजात स्मृति साहित्य मितेरी सम्मान : सिक्किम (भारत) निवासी साहित्यकार श्रीमती गीता शर्मा

हरिभक्त कटुवाल प्रतिभा मितेरी सम्मान : विराटनगर निवासी सशक्त समालोचक श्री दधिराज सुवेदी

८. २०६४ साल : १९४ औं भानुजयन्ती
स्थान : प्रज्ञा-प्रतिष्ठान
प्रमुख अतिथि : वरिष्ठ साहित्यकार श्री कमलमणि दीक्षित
विशिष्ट अतिथि : वरिष्ठ साहित्यकार डा. वानिरा गिरी

सम्मानित व्यक्तित्व:

पारिजात स्मृति साहित्य मितेरी सम्मान : शिलाङ, भारत निवासी वरिष्ठ

आख्यानकार सुश्री गीता उपाध्याय

हरिभक्त कटुवालले प्रतिभा मितेरी सम्मान : वरिष्ठ कवि एवं साहित्यकार भवानी घिमिरे

९. २०६५ साल : १९५ औं भानुजयन्ती
स्थान : हिमालयन ह्वाइट हाउस कलेज
प्रमुख अतिथि : वरिष्ठ संस्कृतिविद् श्री सत्यमोहन जोशी
सम्मानित व्यक्तित्व:
पारिजात स्मृति साहित्य मितेरी सम्मान : डुवर्स, जलपाईगुडी (भारत) निवासी वरिष्ठ साहित्यकार श्री कितापसिंह राई

हरिभक्त कटुवाल प्रतिभा मितेरी सम्मान : वरिष्ठ गीतकार श्री चेतन कार्की

यसैगरी आज मिति असार २८ गते, २०६६ का दिन १९६ औं भानुजयन्ती मनाउने क्रममा साहित्यकारहरुको ठूलो जमघत भएको छ। आजको यस कार्यक्रममा कविवर श्री माधवप्रसाद घिमिरेज्यूको प्रमुख आतिथ्यमा पारिजात स्मृति साहित्य मितेरी सम्मानद्वारा कवि नव सापकोटा, असम भारती एवं हरिभक्त कटुवाल स्मृति प्रतिभा मितेरी सम्मानद्वारा कवि मञ्जू काँचुली सम्मानित हुनुभएको छ।

<u>अन्य उल्लेखनीय क्रियाकलापहरू</u>

मितेरी नेपाल नेपालभित्र र बाहिर (विशेष गरी पूर्वी भारत) का नेपालीहरूका लागि सुन्दर संगम केन्द्रझैं बनेको छ। तर त्योभन्दा बढी यसले समय-समयमा कवि गोष्ठी तथा साहित्यिक प्रतियोगिताहरू पनि आयोजना गरी लुकेर रहेका प्रतिभाहरूलाई प्रष्फुटन हुन दिने वातावरण पनि तयार गरेको छ। यस सन्दर्भमा केही महत्त्वपूर्ण क्रियाकलापहरू उहाँ उल्लेख गरिन्छन् :

मिति २०६१ फागुन ८ गतेका दिन भारतका प्रवासी नेपाली वरिष्ठ स्रष्टा उपन्यासकार लीलबहादुर क्षेत्री र भाषासेवी दिलबहादुर नेवारलाई उहाँहरू काठमाण्डौं आउनुभएको अवसर पारेर मितेरी नेपालले सम्मान गऱ्यो। भाषासेवी

दिलबहादुर नेवारको असामयिक निधनमा २०६२ बैशाख ७ गते साझा प्रकाशनको महाप्रबन्धक श्री नवराज कार्कीको प्रमुख आतिथ्यमा शोकसभा आयोजना गर्‍यो ।

त्यसैगरी २०६२ चैत्र १४ गतेका दिन भारतको विभिन्न स्थानबाट नेपाल भ्रमणमा आउनु भएका विशिष्ट एवं अग्रज साहित्यकारहरूको स्वागत एवं सम्मानमा गोष्ठीको आयोजना गरियो । त्यस गोष्ठीमा असमका डा. लख्खीदेवी सुन्दास, सिक्किमका डा. राजेन्द्र भण्डारी र डा. दिवाकर प्रधान, देहरादूनका श्री भुपेन्द्र अधिकारी, असम (तेजपुर) का श्री गीता उपाध्याय तथा वाराणसीका श्री दुर्गाप्रसाद श्रेष्ठलाई मितेरी नेपालका अध्यक्ष चन्द्रकला नेवारले सम्मान अर्पण गर्नु भएको थियो ।

## अन्तरविद्यालय निबन्ध प्रतियोगिता

१९२ औं भानुजयन्तीको अवसर पारेर मितेरी नेपालले अन्तरविद्यालय राष्ट्रिय निबन्ध प्रतियोगिता आयोजना गरेको थियो । "आदिकवि भानुभक्त र राष्ट्रिय एकता" विषय राखिएको सो प्रतियोगिताबाट भोलिको नेपालका कर्णधारहरूभित्र रहेको सिर्जनशील प्रतिभा, सोंच, विचारहरू उजागर हुने आशा राखिएको थियो । गोरखापत्रको सार्वजनिक सूचना र मितेरी नेपालको परिश्रमको फलस्वरूप स्याङ्जादेखिका विद्यालयहरूको सहभागिता रह्यो । जम्मा १० वटा विद्यालयहरूबाट २४ जना विद्यार्थीहरुबीच प्रतिस्पर्धा भयो ।

प्राप्त निबन्धहरूलाई निष्पक्ष मूल्याङ्कन गर्न प्रा.डा. ज्ञानु पाण्डे, प्रा. प्रभा भट्टराई, श्री ध्रुव मधिकर्मी तथा श्री युवराज नयाँघरे रहनु भएको निर्णायक मण्डल गठन गरियो । मूल्याङ्कनपश्चात् भएको निर्णयअनुसार देहायबमोजिमका छात्रछात्राहरू विजयी घोषित गरिए ।

प्रथम पुरस्कार : सुश्री ईसा कन्दङवा, कक्षा ९
पिस प्वाइन्ट बोर्डिङ स्कूल, सिनामङ्गल ।

द्वितीय पुरस्कार : सुश्री उषा ढकाल, कक्षा ९
कन्या उच्च माध्यमिक विद्यालय, लैनचौर ।

तृतीय पुरस्कार : श्री सुजन कोइराला, कक्षा १०
रोशनी उच्च माध्यामिक विद्यालय, प्रगतिनगर, स्याङ्जा ।

सान्त्वना पुरस्कार: १) सुश्री सीमा भट्टराई, कक्षा १०
अक्सिडेन्टल पब्लिक स्कूल, अनामनगर

२) श्री महेश लम्साल, कक्षा १०
रोशनी उच्च माध्यमिक विद्यालय, प्रगतिनगर, स्याङ्जा

यस प्रकारको प्रतियोगिताले विद्यार्थीहरूमा रहेको प्रतिभा प्रस्फुटन मातृभूमिप्रतिको कर्तव्य बोध गर्नमा ठोस सहयोग पुग्ने आशा राखिएको छ।

२०६२/०६३ सालम नवोदित साहित्यकार तथा समाजसेवी श्रीमती रुकु कार्कीलाई मितेरी नेपालले आफ्नो पहिलो पटक संरक्षकको भूमिका दिने निर्णय गऱ्यो।

२०६३ असार २ गते मितेरी नेपालद्वारा अध्यक्ष चन्द्रकला नेवारको नयाँ कविता सङ्ग्रह "याशिलालाई मेरो आज" प्रकाशित गऱ्यो। कृतिको विमोचन कार्यक्रममा प्रमुख अतिथिका रूपमा सशक्त नारीवादी साहित्यकार डा. वानिरा गिरी हुनुहुन्थ्यो।

मिति २०६५ जेठ ३ गते बसेको कार्यकारिणी समितिको बैठकद्वारा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीलाई मानार्थ सदस्य तथा साहित्यकार एवं समाजसेवी सुश्री भद्रकुमारी घलेज्यूलाई संरक्षक सदस्यको रूपमा ग्रहण गर्ने निर्णय गरियो। यसरी अब यस संस्थाका संरक्षक सदस्यहरू दुईजना हुनु भएको छ।

**अबको मार्गदिशा**

मितेरी नेपाल नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उन्नयनको मूल उद्देश्य लिएर स्थापना भएको संस्था हो तर धेरै विधाहरूमा यसले अझ थुप्रै कार्यहरूलाई अगाडि बढाउन आवश्यक छ। तीमध्ये केही निम्न छन् :

१) साहित्यका विविध फाँट जस्तै कविता, निबन्ध आदिमा उद्देश्यमूलक स-साना नियमित गोष्ठी गर्न र त्यसका निष्कर्षहरूको अभिलेख तयार गर्दै जाने।

२) विद्यालयस्तरमा प्रतियोगिता गराउने।

३) नेपाली भाषाको समग्र उन्नति समृद्धि र यसको व्यापकीकरणमा कसरी योगदान पुऱ्याउन सकिन्छ, खोजी गरी कार्यान्वयन गर्ने।

४) कलाका फाँटमा कार्य गरिरहेका संघ, संस्था तथा व्यक्तिहरूसँग सम्पर्क, सम्बन्ध र सहकार्य गर्ने तथा आफ्नो भूमिका पहिचान गरी कार्यान्वयनमा जाने।

५) संस्कृतिको फाँटमा कार्य गरिरहेका संघ, संस्था तथा व्यक्तिहरूसँग सम्पर्क, सम्बन्ध र सहकार्य गर्ने तथा संस्कृतिलाई धरोहरको रूपमा

विकसित गर्न संयुक्त सोंच अगाडि ल्याउने एवं पहल गर्ने ।

६) सरकारी/गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वयन गरी सहकार्य गर्ने ।

## उपसंहार

नेपालमा भाषा, साहित्य, कला र संस्कृतिका विभिन्न फाँटमा काम गर्ने विभिन्न संघ संस्थाहरू नभएका होइनन्, छन् । उनीहरू सबैलाई हामी सम्मान गर्दछौं । तथापि यी चारै विधालाई पक्रेर संयुक्त र समग्ररूपमा अगाडि बढ्न तम्सने संस्थाहरू मुलुकमा कमै छन् । र, ती केही संस्थाहरूको पंक्तिमा मितेरी नेपाल प्रचुर सम्भावनाका साथ उभिएको छ भन्न पाउनु गर्वको विषय भएको छ। साथै, नेपालभित्र मात्र होइन, नेपालबाहिर पनि छरिएर नेपाली भाषा, साहित्य, कला र संस्कृतिका विविध फाँटमा आफ्नो अमूल्य जीवनको उल्लेखनीय यौवन खर्चेर बस्नुभएका कल्पनाशील स्रष्टाहरूसँग पनि यो संस्थाले मितेरी सम्बन्धको हात बढाएको छ, बढाउने गरेको छ र बढाइरहने छ । यस संस्थाको यो एउटा अर्को विशिष्ट पक्ष हो ।

सम्भावनाका क्षितिजहरू विशाल छन्, असीमित छन् । संस्था सानो छ, यसका हातहरू थोरै छन् तर, पनि जिज्ञासा, चाहना र सेवाभावलाई उचित व्यवस्थापन गर्न सकिएको खण्डमा अझ बढी सिर्जनशीलता फुल्न सक्छ, अझ बढी सम्भावना खुल्न सक्छ अनि समग्र गतिशीलता अझ बढी उपलब्धिका रूपमा फुल्न सक्छ सहयोगी मस्तिष्क र हातहरू स्वीकार गर्न मितेरी नेपाल सधै तयार छ ।

# यात्रा

- बिन्दु सुवेदी

नीलम ठूलो-ठूलो सास फेर्दै मूलबाटोमा आइपुगी । मूलबाटो भन्नाले मोटर चल्ने बाटो थियो । तल बेंसी गाउँबाट कस्सिएर एक घण्टा हिँडेपछि बल्ल मूलबाटो भेटिन्छ । घामको प्रचण्ड रापमा जङ्गलको उकालो उक्लन कम्ति कठिन हुँदैन । उसको शरीर पसिनाले निथ्रुक्क भिजेको थियो । मूलबाटो छेउको फलैंचामा थचक्क बसेर ऊ तलतिरको गाउँ हेर्न लागी

कति रमणीय छ उसको घर । तल अब जति-जति सुविधाहरू बढे उसको गाउँको अनुहार पनि त्यति नै बदलिंदो छ । हुन त सुखसुविधा चाहिँदैन तर त्यो सँगै अरू थप्रै आवश्यक, अनावश्यक कुराहरू पनि गाँसिएर आउने र हेछन् । तल डाँडा खेत छिचल्दै आठराइतिर जाने बाटो फुस्रो भएर पल्टिएको थियो ।

नीलम एकपटक उसको कवि साथीलाई लिएर गाउँ आएकी थिई । काठमाडौंमा जन्मेको उसको साथीले त्यति वेलासम्म उपत्यका नाघेको थिएन । कलेजमा पढ्दा नीलमको उसँग घनिष्ठता बढ्यो कविताकै माध्यमले । नीलम उसको कविता ध्यान दिएर सुन्थी र उसलाई कवि भनेरै बोलाउँथी । बेलाबेला नीलम उसको कवितालाई आलोचना गर्न पछि पर्दैनथी । भन्थी-

"तिम्रो कवितामा धेरै जसो धुलो, धुँवा, फोहोरमैला र विकृति मात्र विषय हुन्छ । त्यसैले तिमी शहरीया कवि हौ । हिँड मसँग गाउँ । पहाड, झरना, जङ्गल हेर्न जाऔं । तिम्रो सिर्जनामा फरक पक्कै पर्नेछ ।"

धरानबाट शुरू भएको यात्रामा उसको कविसाथी निकै रमाएको थियो । जीपले उकालो ओरालो कुईनेटा पहाडको माथि-माथि पुग्दा ऊ केही आत्तिएको थियो । एउटा आठ नौ जना अट्ने जीपमा चौध पन्ध्र जना यात्रुलाई कोचाकोच गरेर हालिसकेपछि मात्र जीप चलेको थियो । कविले भने "यस्तो पेरुङ्गोमा चेपिए जसरी कसरी जाने ? तिमी सधैं यसै गरी घर आउँथ्यौ ?"

"त्यसो नभन । यो जीप हो । पेरुङ्गो होइन ।"

"अँ थाहा छ मलाई । मैले गाउँबाट आउनेहरूले सानो चेप्टो पेरुङ्गोमा नअटाई परेवा, कुखुरा हालेर ल्याएको देखेको छु ।"

साथीको व्यङ्ग्य सुनेर नीलम केही लज्जित भई । हुन त त्यो वास्तवमै

पेरुङ्गो यात्रा थियो । अझ कहिलेकाहीं त डाँडाहरूका कुइनेटाहरूमा जीपले मोड काट्दा ढोका खुल्न सक्छन् र यात्रुहरू खस्छन् भनेर मोटो नाइलनको डोरीले जीपलाई फलफूलको बाकस बाँधे जस्तो बाँधिएर पनि नीलमले यात्रा गरेकी थिई । के गर्नु घर परिवारको माया मोह र सुविधाको आकर्षणमा सबै कुरा सहनै पर्ने ।

त्यस्तो पेरुङ्गो यात्रा उसलाई मात्र कहाँ निको लाग्थ्यो र ! तर छोटो बिदामा पनि नीलम एउटा झोला टिपेर हिँडिहाल्थी । कति पटक त ऊ तेन्हथुमदेखि धरान र धरानदेखि तेन्हथुम हिँडेरै पुगेकी थिई । साँघुरी भञ्ज्याङको त्यो चिसो हावा, तल लेउती खोलाको न्यानो बगर, अझै पर पुग्दा तमोर नदीको मनै हर्ने टलटल पन्नाको विस्कुन टल्केजस्तै हरियो पानी अझैँ पनि आँखामा लहराइ-रहन्छ । टेकुनालाको ठाडो उकालोमा सुइ...... य...... सुस्केरा हाल्दै उक्लँदा फतक्क गलेका गोडाहरू घुमाउने चौतारोमा थकाइ मार्न अडिएको हिजो अस्ति जस्तो मात्र लाग्छ । बर र पीपलका ठूलाठूला रूखहरूलाई वरिपरिबाट ढुङ्गाहरूले गोलाकार पारेर चौतारी बनाइएको छ । त्यो बडे बडे चौतारो जाँतो र रूखहरू हाँतो जस्तै लाग्थ्यो नीलमलाई । पसिनाले निथ्रुक्क शरीरलाई बर पीपलको शीतल हावाले त्राण दिन्थ्यो भने यात्रुहरूको तीर्खा मेटाउन ठेकीमा मोही र घैटोमा जाँड लिएर बसेका दिदी बहिनीहरूको ठट्टाले थकाइ बिर्साइदिन्थ्यो । साँझपख धनकुटामा पाइला टेक्दा पश्चिम आकाशमा डुब्न लागेको सूर्यको दृश्य र मीठो निन्द्रा पनि नीलमको सम्झनामा ताजै छ ।

भोलिपल्ट झिसमिसेमा उठेर सल्लाका बासनादार पातहरूमाथि पाइला सार्दै उकालो लागेर हिले पुग्दा हरहरी तातो बाफ उडाएर चिया पर्खिरहेको हुन्थ्यो । सिँदुवामा पुगेर सखारै दही चीउराको नास्ता खानेकुरा त अब कल्पना मात्र भयो । हिलेदेखि सिँदुवा बीचका नागीहरूमा उड्दै गरेका भूइँकुइरो र चिसो हावा, स-साना पोथ्रा र बुकी फूलहरूले ढाकिएको गोरेटो हिँड्दा नीलमलाई पृथ्वीभन्दा माथि-माथि उड्दैछु जस्तै लाग्थ्यो । दिनको सुरुवात जस्तै सिँदुवाबाट भालुखोप हुँदै चित्रेको लेक पार गर्दा उसको मुटु छिटो-छिटो चलिरहेको हुन्थ्यो डरले ।

भालुखोपको जङ्गलमा यात्रुहरू डाँकाबाट लुटिन्छन् त्यसैले एक्लै दुक्लै नहिँड्नु भन्ने आग्रहहरूको निर्देशन हुन्थ्यो । साथीभाइकै हुलमा यात्रा गरे पनि चित्रेको घना लेकाली जङ्गलमा हुने बाघ, भालु, चितुवा र अन्य जङ्गली जनावरहरूसँग जम्काभेट हुन सक्ने शङ्काले उनीहरू चुपचाप छिटो-छिटो हिँड्ने गर्थे । उत्तरतर्फको त्यो बाक्लो चिसो जङ्गली बाटाका भूइँमा ढुङ्गाका कापमा,

घाँसहरुमा र रुखका पातहरुमा लगलग कमिरहेका जुका का ताँती देख्दा नीलमको आङ सिरिङ्ग हुन्थ्यो । ऊ जहिले पनि साथीहरूभन्दा अगाडि हिँड्ने गर्थी । उसलाई थाहा थियो जुकाहरू मानिसको गन्ध पाएपछि सलबलाउन थाल्छन् । त्यसैले जुकाहरू चनाखो हुनुभन्दा पहिले नीलम अघि बढ्ने कोसिस गर्थी । जङ्गली जनावरहरूदेखि चोर लुटेराहरूदेखि जुकासम्मको डरले उसले कहिले पनि अडिएर तलतल बग्दै गरेका अरुण नदीको आवाज र सेता कुइरा, पारिपट्टिको हरिया पहाड र अझै पर झलमल्ल झल्केर बसेका हिमशिखररूलाई धीत मर्ने गरेर कहिले हेरिन । अहिले सम्झँदा पछुतो लाग्छ उसलाई । आजकल त गाडीले अर्कै बाटो लिइसकेको छ । चित्रेको लेकमा बास बसेको सम्झना त उतै छुटिसक्यो ।

चित्रेको बासपछि भोलिपल्ट सबेरै पाइला चालेपछि सुरु हुन्थ्यो अर्कै संसार । त्यतिबेलासम्ममा नीलमले दिन र बार भुलिसकेकी हुन्थी । चौरी गाईहरूको घाँटीमा झुण्डिएको घण्टीको टिङ...... टिङ...... टुङ...... टुङ...... आवाजलाई पछ्याउँदै उनीहरू वसन्तपुर पुग्थे ।

वसन्तपुर एउटा व्यापारिक केन्द्र । त्यहाँबाट तेन्ह्रथुम, भोजपुर, चैनपुर र ताप्लेजुङ जानेहरूका बाटा छुट्टिन्छन् । माथि-माथि मिल्के डाँडाको गुराँसका हाँगाहरूमा सुरेली खेल्दै चौकी र गुफा पोखरी हुँदै चैनपुर, भोजपुर जानेहरू बाटो काट्थे भने तेन्ह्रथुमेहरू तल बेसीबाट उठेका कुइरोभित्रदेखि पस्दै बाटो लाग्थे ।

तीन घण्टा जतिका रमणीय पच्याङ काटेपछि आइपुग्छ लसुने डाँडा । बाटामा बडे-बडे घरजत्रा ढुङ्गाहरूमा जीवजन्तुहरूका फोसिल बनेका छापहरू देख्दा धेरै वर्ष पहिले त्यहाँ नदी वा सागर थियो होला भन्ने अनुमान गर्थी नीलम । ऊ ती छापहरूलाई हत्केलाले मुसार्न कहिले बिर्सन्नथी ।

लसुने पग्दा नपुग्दै दिनले पखेटा फैलाइसकेको हुन्थ्यो । लसुनेको ठाडो ओरालो ओर्लेर फेदीमा छङछङ गर्दै तीनजुरेको लेकबाट झरेको पिगुवा खोला पुग्दासम्ममा झोलामा पोको पारेर ल्याएको खाजा खाइसकिन्थ्यो । फतक्क गलेका पाइलाहरूले जिरीखिम्तीको आँगनमा टेक्दा नीलमको मन खुसीले नाच्न थाल्यो । अब केही घण्टामा नै घर पुग्ने, आमाबुबा, दाजु भाउजू, र भाइ बहिनीसँग भेट्ने बाखा पाठासँग खेल्ने, ठूलो घर, माझ घर, छेउ घर, तल घर गएर दही, मोही अचार चाख्दै हिँड्ने सोच्दै नीलम बुट्यान झाडी, काँडा ढुङ्ग्यान ओरालो केही नहेरी कुद्न थाल्यो ।

"गाउँ छोड्न सारो पऱ्यो जस्तो छ । हिँड अब कति बे थकाइ मार्नु । तिमीलाई जिरीखिम्ती पुऱ्याएर फर्किनु पऱ्यो । रात पर्छ ।" ठूलीको स्वरले नीलम

झस्किन्छे। हो त ऊ कल्पनामा विगतमा पुगेकी रहिछ।

ठूली नीलमको सरसामान भएको डोको बोकेर अघि-अघि र ऊ पछि-पछि हिँड्न लागे। एउटा जीप उबडखाबड सडकमा जाँड खाएर लड्खडाएको मानिसजस्तै ढुनमुनिदै म्याङलुङतिर लाग्यो। त्यसले उडाएको धुलोमा नीलम र ठूली छोपिए।

सुरुसुरुमा ठूलीले उसलाई धरानसम्म पनि पुऱ्याउन आएकी छ। त्यसपछि वसन्तपुरसम्म। अहिले त जिरीखिम्ती अथवा म्याङलुङ बजार पुगे हुन्छ। ऊ एक्लै आउनेजाने गर्न सक्छे। दृश्यहरू बदलिसकेको छ। साँघुरीको ठाउँ अब भेडेटारले लिइसक्यो। ग्यामरा उखु मामा चाउचाउ भइसके बाटाका कञ्चन बुट्यानहरू धुले पाउडरमा फुस्रिसके। टिङ...... टिङ....... टुङ...... टुङ...... गर्ने चौरीका घण्टीहरू मोटरहरूका कानै चिर्ने हर्नहरूका अगाडि हारिसके। चराहरुको कुहुकुहु र चिरचिर धुँवामा निसासिइसके। उसले मायाले मुसारेको फोसिलका आकारहरू बुल्डोजरका राक्षसजस्ता नङ्ग्राहरूले कोतारेर कता पुऱ्याइसके कता।

उनीहरूलाई छोप्ने धुलोलाई हावाले उडाएर पर-पर पुऱ्यायो। भोलि त नीलम पनि यस्तै धुलो उडाउँदै विराटनगर पुगिसकेकी हुन्छे।

o o o


**कथाकार माया ठकुरीका कृतिहरू**

**खोजी-खोजी पढ्नुहोस्**

*आमा ! जानुहोस् (कथासङ्ग्रह - २०६४)-रत्न पुस्तक भण्डार*

*इन्द्र धनुष (गीतसङ्ग्रह - २०६१)*

**लोककथा संकलन तथा अङ्ग्रेजीमा अनुवादपछि इन्टरनेटमा प्रसारित**

*माया ठकुरीका कथाहरू (कथासङ्ग्रह - २०५८) प्रज्ञा प्रतिष्ठान*

*चौतारो साक्षी छ (कथासङ्ग्रह - २०४६) साझा प्रकाशन*

*साँघु तरेपछि (कथासङ्ग्रह - २०३९) साझा प्रकाशन*

*गमलाको फूल (कथासङ्ग्रह - २०३३) साझा प्रकाशन*

*नजुरेको जोडी (कथासङ्ग्रह - २०३०) रत्न पुस्तक भण्डार*

कविता

# कलमको व्यथा

- मञ्जु काँचुली

एउटै कलमको लौरोले
खोलाहरू तर्दैछु
एउटै कलमको मसीले सागरहरू भर्दैछु
सेतो मस्तिष्क थाकेको छ, पानी थाकेको छ
राता पानीहरूका घर्षणलाई
अर्को सेतो सगरमाथा बनाउनु छ
कलमले जमीनमा गर्भाधान गरेको छ बीजहरूबाट
सेता/हरिया खोलाका रूखहरू उमार्नु र उभ्याउनु छ
हाम्रा पनि शान्त तलाउका सपनाहरू छन् पानी रंगले पोतेको
रगतका छिटाले त्यसलाई भो नबिटुल्याइदेऊ

कलमको आकाश हुन्छ, समुद्र र छाल हुन्छ
कलमको पनि शरीर हुन्छ
मन र आभास हुन्छ
दमनका धेरै झरी बादलपछि
मानिसहरूका अनुहारमा सूर्य उदाउन देऊ
साना-साना नानीहरूका कलम कापीलाई
तिनका व्यथालाई
रगतका सिर्काले बिन्ति छ नपोतिदेऊ, नबिथोलिदेऊ
बेपत्ता नपारिदेऊ
निहत्था नमारिदेऊ ।

# गोर्खा जाति र गुरु गोरखनाथ

-युवराज काफ्ले

यस लेखनमा गोरखनाथलाई समग्र गोर्खा जातिका गुरूका रुपमा उभ्याउने प्रयास गरिएको छ । कुरो नयाँ लाग्ला, अपत्यारिलो लाग्ला औ उड्नठेउलो लाग्ला। तर गोरखनाथ र गोर्खा जातिको सम्बन्ध किन हुन सक्दैन त ? यति प्रश्न गरिसकेपछि गोर्खा जाति सम्बन्धमा अध्ययन गरिआउने पाश्चात्य विद्वान् W.B. Northay र C.J. Morris ले आफ्ना ग्रन्थ The Gurkha's भन्ने पुस्तकमा उल्लेख गरेका उक्तिलाई अघि सार्दा असुहाउँदो नहोला कि ?

"Shri Gorakh Nath is the patron saint of all Gorkhas and the saint, they invoke and praise in all times of stress and exaltation . He is to the gorkha nation for more present and infinitely more of a living gorce than ever saint George ware to Marrie England. He is also supposed preside in person, when regiments go to war."

गोरखनाथ को हुन् त ? गोर्खा जातिका संरक्षकका रूपमा रहिआएर यस जातिको सर्वतोमुखी कामना गरी आउने यस्ता साधु व्यक्तित्वका बारेमा ठ्याम्मै नजान्ने अक्षम्य अपराध हुन जाला अनि जान्ने र बुझ्नेसम्म प्रयासचाहिँ नगर्नु यस जातिको दुर्भाग्य मात्रै होइन, अरूथोकै केही होला, यथोचित शब्द ओकल्न कलमले चाहेको छैन । यस्ता आदरणीय श्रद्धालु/माननीय व्यक्तित्वका बारेमा निम्नलिखित बुँदाहरूका सामान्य सीमित पंक्तिका आधारमा यहाँ अध्ययन प्रस्तुत गर्ने जमर्को गरिएको छ :

**गोरखनाथको समय :** गोरखनाथको समय निर्धारण गर्नका लागि उनलाई अनादि पुरुष ठान्दै संसारको सृष्टिपूर्वका तत्त्व ठानिन्छ । यसप्रकारका चमत्कारमूलक कथाहरूमा कल्पनाको विशेष सम्मिश्रण रहेको देखिन्छ । यसरी यिनका वास्तविक अयुयायीहरूले यिनलाई आफ्ना प्रवर्तक ठान्दै सर्वोच्च आदि तत्त्व वा आदि पुरुषका पद प्रदान गरेका देखिन्छन् । यसो हुँदा उनलाई माथिभन्दा उठाउने दृष्टिकोणबाट गरिएका प्रयासले गर्दा जीवन-जागतिक दृष्टिबाट गोरखनाथको अवस्थिति प्रायः अविश्वसनीय भएर देखा परेको छ । भनिन्छ,

गोरखनाथले विभिन्न युगमा विभिन्न अवतार लिएका थिए। यसको स्वीकार योग्य व्याख्या गरिएको छ। विदेशी विद्वान् साम्प्रदायिक मठका प्रत्यक्ष-परोक्ष नियन्त्रणबाट लिखित ग्रन्थहरूमा संकलित कथाहरूका आधारमा भन्नु पर्दा गोरखनाथले सत्ययुगमा पंजाबको पेशावरमा, त्रेतामा गोरखपुरमा, द्वापर अनि कलियुगमा कठिवावाडको गोरखमढीमा अवतार लिएका थिए । उनी यसरी कथित चारै युगमा विद्यमान थिए भन्ने मानिन्छ। उपर्युक्त कथाहरूभन्दा ऐतिहासिक मानिने नेपालमा प्रचलित एउटा यस्तो कथा बढी विश्वासयोग्य ठानिन्छः आफ्नो दीक्षा सिद्धिएपछि गुरु मत्स्येन्द्रनाथ वा मच्छिन्द्रनाथसँग उनी नेपाल पुगे । त्यहाँ कुनै कारणवश गोरखनाथलाई आदरसत्कार गरिएन । यसो हुँदा उनले त्यहाँ बादलहरूलाई रोकेर त्यसमाथि आसन लगाएर बसे फलस्वरुप अनावृष्टि भएर त्यहाँ खडेरी पऱ्यो । धेरै सोच-विचारपछि मानिसहरूले गुरु मत्स्येन्द्रनाथलाई ध्यानमा शिष्य गोरखनाथको अघिल्तिर पुऱ्याए । गुरुका सम्मानमा हस्याङ्ग-फस्याङ्ग गर्दै जुरुक्क उठेपछि बादलहरू स्वतन्त्र भएर बाह्र वर्षपछि नेपालमा जोडसँग पानी पऱ्यो। यो कथा विभिन्न पाराले रुपान्तरित किंवदन्तीका रूपमा पनि पाइन्छ। यस कथामा उल्लिखित घटना सत्य भएको खण्डमा गोरखनाथको समय नेपालका राजा महेन्द्रदेवको शासनकाल सन् ४२७ देखि ४२८ को अवधिलाई मानिन्छ । के यसैलाई गोर्खा साम्राज्यको स्थापनाको प्रारुप मान्न सकिएला ? नेपालका लिच्छवी राजवंशमा ईशाको पाँचौ शताब्दीमा पुत्र महिदेव नामक एक जना राजा थिए। 'योगिसम्प्रदायाविष्कृति' का यस कथाका आधारमा भन्नु पर्दा गोरखनाथको समय ईशाको पाचौँ शताब्दी मानिन्छ । तर गोरखनाथ त्यतिखेर वास्तवमा नेपाल गएका औं त्यहाँ त्यतिखेर उल्लिखित घटनाको ऐतिहासिक उल्लेख उपलब्ध छैन। तर खडेरीको घटनालाई भने इतिहाससम्मत मानिन्छ। गोरखनाथका काल-निर्णय अन्य अनेक साधनहरूमध्ये दुई साधनको उपयोग काम लाग्दो हुन सक्छ। निश्चित प्रायः भइरहेका सिद्धिहरूका युगका आधारमा पुस्ताका काल-गणना गरेर गोरखनाथको समय तोक्नु पर्छ। गोरखनाथका समकालीन महापुरुषहरू अथवा साधु-सिद्धहरूको समयलाई आधार मानेर उनको समय निर्धारण गर्नुपर्छ। यस तथ्यलाई दृष्टिमा राखेर गोरखनाथको काल-निर्णय गर्नका लागि आठवटा विश्वासयोग्य तथ्यहरू प्रस्तुत गरिएका छन् । यिनैका आधारमा भन्नुपर्दा नाथमार्गका मत्स्येन्द्रनाथ गोरखनाथका समय ईशाको नवौं शताब्दीको मध्य भागलाई निश्चित गरिएको छ ।

**तत्कालीन स्थिति :** राजनैतिक ईशाको नवौं शताब्दीतिरको भारतका विविध

प्रकारका स्थितिहरूलाई निरीक्षण गर्दै त्यसैका आधारमा गोरखनाथमाथि विचार गर्नु हो भने उनको व्यक्तित्वको महत्त्व उद्‌घाटन गर्नु सजिलो हुन आउँछ। सम्राट हर्षवर्धनपछि उत्तरी भारतको राजसत्ता विस्तारसँग छरपस्टिँदै थियो । अघि केही घटना ईशाको ७१२ मा अरब विजेता मुहम्मद बीन कासिमले दाहिरलाई पराजित गरेर सिन्धलाई अरब साम्राज्यमा मिलाएका थिए । मुहम्मदलाई पनि उत्तरमा काबुल अनि पंजाबका शाही राजाहरूले, पूर्वमा प्रतिहारहरूले घेरेर तिनको प्रगति अवरूद्ध गरेका थिए । प्रतिहारहरूको विरोध मान्यखेटका राष्ट्र कुटहरूसँग थियो भने राष्ट्रकुटहरुसँग सिन्धका अरबहरूको मित्रता थियो । ईशाको ९७७ पछि सुबुक्तगीनले पंजाबका शासक जयपालमाथि आक्रमण गरेर तिनलाई हराएका थिए । नवौं शताब्दीमा कश्मीर राज्य कर्कोट वंशको अधिकारबाट फुत्किएर उत्पल वंशको अधिकारमा पुग्यो । अवन्ति वर्मा यसका योग्य शासक थिए । यस अवधिभित्र कान्यकुब्जमाथि प्रतिहारवंशी शासकको शासन थियो । बंगालमा पाल वंशले शासन गर्दै थियो । यस वंशका धर्मपाल, देवपाल र विग्रहपालका नाम विशेष रूपले उल्लेखनीय छन् । यिनको शासन मगधसम्म फैलिएको थियो, तर राजनैतिक सिमाना परिवर्तन भइरहन्थे । कान्यकुब्जका प्रतिहारसँग यिनको युद्ध प्रसिद्ध छ । बुन्देलखण्डमा चन्देल राजवंश, मालवामा परमार राजवंश कलिंगमा गंग राज्य र कामरूप आसाममा रत्नपालका राज्य थिए ।

**धार्मिक स्थिति :** धार्मिक दृष्टिमा ब्राह्मण, शैव, जैन, बौद्ध अनि ब्राह्मण धर्मको प्रचार यस युगमा भएको देखिन्छ । पूर्वमा पाल शासनहरूले शैव अनि बौद्ध धर्मलाई सँगसँगै पोषण गरिरहेका थिए । दक्षिणमा शैव लिंगायत सम्प्रदायको प्रचारको कारणले जैन धर्मलाई आघात पुगेको थियो । तर राष्ट्रकुटहरूले जैन धर्मलाई विशेषरूपले आश्रय दिएका थिए। युद्धप्रिय राजपुतहरूले ब्राह्मण धर्म र शैव धर्मलाई विशेष प्रश्रय दिएका थिए। अवतारवाद र भक्तिवादको प्रचार यस पुरात्तोर कालमा स्पष्ट देखिँदै थियो। दोस्रो शब्दमा यो युग पौराणिक धर्मकै प्रचार को युग थियो, शैवका विविध रूप पाशुपत, कापालिक, कालामुख, वीरशैव आदि रूपमा प्रचारित भएको थियो। कश्मीर र दक्षिणका चोल र पाण्ड्य शासनहरूले विशेष रूपमा शैवहरूलाई पोषण गरेका थिए । महाराष्ट्रमा पनि यसको प्रचार भएको थियो । यस काल-अवधिमा तन्त्रवादको व्यापक प्रचार-प्रसार भएको थियो। प्रायः सबै धर्म-सम्प्रदाय नै यसबाट कुनै न कुनै रूपमा अवश्यै प्रभावित थिए । ती साधन सम्प्रदायहरूले तांत्रिक साधनका धेरै तत्त्वलाई स्वीकार गरिसकेका थिए। गोरखनाथभन्दा केही अघि नै कुमारिल र शंकराचार्यले कर्मकाण्डीय

तथा ज्ञानमार्गी वैदिक धर्मको व्यापक प्रचार गरेका थिए । यीमध्ये शंकराचार्यको अद्वैत वेदान्त दर्शनले वैदिक दार्शनिक चिन्तनलाई एकातिर प्रतिष्ठित तुल्यायो अनि वेदानुयायी शैव सन्यासीहरूलाई व्यवस्थित तुल्याएको थियो । यसो हुँदा वैदिक कर्मकाण्डले ब्राह्मण धर्मानुयायी गृहस्थ जीवनलाई व्यापकरूपमा प्रभावित पार्‍यो । यस साथै पौराणिक धर्मको विशेष रूपले समन्वय पार्‍यो । यस युगमा धेरै देवताहरूको प्रतिष्ठा भइसकेको थियो । यस कालको विशेषता मूलतः पौराणिक अवतारवाद थियो । यो समय सामान्यतया भारतीय जनसमाज औ शासनवर्गको धार्मिक कट्टरताको समय थिएन । धार्मिक सहिष्णुता अनि उदारता चारैतिर व्याप्त थियो । यस कालका धार्मिक स्थितिको अधिक यथार्थ परिचय गोरखनाथभन्दा केही अघि भएको कुरो आदि बौद्ध सरहपादको रचनामा पाइन्छन् । यिनको समय समय आठौं शताब्दी मानिन्छ । यिनको कठोर आलोचनात्मक दृष्टि तत्कालीन धार्मिक स्थितिमाथि रह्यो । यसरी नै जालन्धरपादका शिष्य कृष्णपाद गोरखनाथका समकालीन थिए । तर १००-१२५ वर्षपछि पनि परिस्थितिमा कुनै परिवर्तन आएको उनले देखेनन् ।

**तत्कालीन धार्मिक स्थितिमा शैव :** विविध प्रकारका सम्प्रदायहरूमा शैवको स्थिति पर्याप्त जटिल थियो । पुराण, नाटक जस्ता साहित्यिक रचना, शिलालेख, ताम्रपत्र आदिका माध्यमबाट प्राप्त सूचनाअनुसार यस युगमा विविध सम्प्रदायहरू यी नामबाट प्रसिद्ध थिए-शैव, शिवशाशन, पाशुपात, कालानन, लकुलीश, कापालिक अनि सोमद्धिन्तित, भैरव, वाम, महाव्रत आदि ।

**नाथहरूको स्थिति :** तांत्रिक बौद्ध, जैन, शैव, शाक्त आदि सम्प्रदायहरूमध्ये तांत्रिक तत्वहरूको समानताको कारणबाट तिनमा प्रायः अभिन्नताको भ्रम देखा पर्छ अथवा विद्वान्हरूले कुनै एउटालाई दोस्रोबाट विकसित अथवा उद्भाव भएको मान्ने गल्ती गरेका छन् भन्ने नाथहरूको साम्प्रदायिक स्थितिमाथि विचार गर्दा स्पष्ट हुन आउँछ । यस प्रकरणमा मूलतः तांत्रिक बौद्धभन्दा प्राचीन शैव सम्प्रदायलाई ध्यानमा राख्नुपर्छ । यसरी नै महापण्डित राहुल सांकृत्यायन, डा. बड्थ्वाल, रामचन्द्र शुक्ल तथा अरू धेरै विदेशी विद्वान् पनि तांत्रिक बौद्ध परम्परामा नाथ सम्प्रदायलाई विकसित मान्छन् ।

गोरखनाथको अभ्युदयकाल छेउछाउ भारतको धार्मिक वातावरण विविध वैदिक-अवैधिक धार्मिक सम्प्रदायबाट आकीर्ण थिए । शैव सम्प्रदायको आधिक्य थियो । निष्कर्षमा यस धार्मिक वातावरणमा पनि प्राचीन माहेश्वर सम्प्रदायको

विकासक्रममा नाथ सम्प्रदायको उदय सिद्धमार्ग औ योगिनी कौल मतका माध्यमबाट भयो । यसमा विविध अवैदिक सम्प्रदायको पनि संगठन भयो । यसका नेता गोरखनाथ थिए ।

**तत्कालीन सामाजिक स्थिति :** उपर्युक्त बुँदाहरूमा उल्लिखित परस्पर विरोधी वृत्तिहरू तत्कालीन समाजमा पाइन्थे । ती वृत्तिहरू महत्त्वपूर्ण मानिए तापनि तिनका कारणबाट भएको सामाजिक परिवर्तनबारे विद्वान्हरूले विवादपूर्ण तर्क प्रस्तुत गरेका छन् । धार्मिक, राजनैतिक, सामाजिक आदि विविध दृष्टिकोणबाट यस काल अवधिको सबैभन्दा महत्त्वपूर्ण घटना मुस्लिम आक्रमणलाई मानिन्छ । यस आक्रमणले हिन्दु समाजमा महान् परिवर्तन ल्याएको देखिन्छ भन्ने कुरा केही विद्वान्हरूले गरेका छन् तर वास्तविकता भने अर्कै रहेको देखिन्छ । ब्राह्मण धर्म र वर्णाश्रमका विरोधी वा समर्थक उदारवादी विचारधाराको प्रवाह अघिबाटै थियो । बौद्ध युगभन्दा अघिदेखि नै यो विद्यमान थियो । दोस्रो, अति प्राचीनकालदेखि नै आइरहेको तांत्रिक साम्यवादी विचारधारा पनि तिनमा समाविष्ट हुन खोज्दै थियो । पौराणिक धर्मको आरम्भका साथै तांत्रिक प्रभावलाई पनि विद्वान्हरूले स्वीकार गरेका छन् । तर केही विद्वान्हरूले भने कुल्लुक भट्टका प्रमाणमा वैदिककालदेखि नै तांत्रिकी श्रुति पनि विद्यमान रहेको प्रमाणित गर्छ । यसकारण, यस उदार भाव र क्रान्तिकारिताको उदय मुस्लिम आक्रमण हुनुभन्दा धेरै अघिदेखि नै भएको थियो भन्ने कुरो मान्नुपर्छ । मुस्लिम र इस्लामको पदार्पणबाट भारतीय जनसमाजमा यस्तो परिवर्तन देखा पऱ्यो भन्ने कुरा र रूढिवाद, कर्मकाण्ड अनुक्षरताको विरूद्ध प्रतिक्रिया भयो भन्ने कुरा स्वीकार गर्नु भारतीय गतिशील तत्त्वलाई असत्य बनाउनु हो । धर्म औ सम्प्रदायले यहाँको सामाजिक संघटनको परिवर्तनमा पनि महत्त्वपूर्ण भुमिका खेल्छन् भन्ने कुरा भारतीय समाजको महत्त्वपूर्ण तथ्य हो । यसकारण गोरखनाथको अभ्युदय कालअघिको सामाजिक स्थितिको आँकलन गरेर त्यसको महत्त्वको अनुमान लगाउन सकिन्छ । गोरखनाथ युग-भन्दा धेरै अघिदेखि नै वर्णव्यवस्था जन्मगत औ वंशगत प्रक्रियाभित्र परिसकेको देखिन्छ । निष्कर्षमा के भन्नुपर्छ भने गोरखनाथ युगको आरम्भ हुनुभन्दा अघिदेखि नै सामाजिक स्थिति दिनदिनै जटीलतर हुँदै जाँदै थियो । विभिन्न प्रकारका जातिहरूका विकासको कारणबाट जातीय भेदभाव पनि बढ्दै थियो । मुस्लिम आक्रमण, अनुलोम-प्रतिलोम विवाह, वर्णाश्रम व्यवस्थाको कठोरता, आपदर्मको छुट, वैश्य र शुद्रको संख्या-वृद्धि तांत्रिक साधन सम्प्रदायको अभिवृद्धि, विविध प्रकारका जाति-उपजातिहरूको उदय आदि कारणहरूबाट समाजमा विघटन

'गोर्खा' जाति कहलान थाले ।

उपर्युक्त धर्म-संस्कारभित्र खस र किरात मूलका जाति मात्र पर्दैनन् । भोट-हिमाली अञ्चलका तिब्बती, लेप्चा-भूटिया, टोटो वा संलग्न जनजातिहरू पनि पर्छन् । खोजी नै गरे कोचे र मेचे पनि यसबाहिर पर्दैनन् । वर्तमान विसंगतिपूर्ण परिस्थितिले सत्यलाई धमिलोपनको च्यादर ओढाइदिएकै मात्र हो । संघीय व्यवस्था भएको भारतमा सबै जात-जातिले संघको सदस्इ हुनै पर्दछ । आफ्नो परिचयबेगर हामी संघका सदस्य त के एउटा समूहका रूपमा पनि चिनिने छैनौं । चिनिएनौं भने छरपस्टिएर फाल्टै र बग्रेल्तै हुन गएका हामी परिचयहीन मानव पशु मात्र रहिरहनेछौं । गोर्खा संस्कृतिमा सबै थरीका टुक्रा समूहलाई जोड्ने शक्ति थियो, छ पनि । यसलाई आविष्कार गरेर निकाल्ने दायित्व हाम्रो हो । यसैले गोर्खा जातिका जातीय गुरूका रूपमा गुरु गोरखनाथलाई प्रतिष्ठापित गराउन सकेको खण्डमा यस जातिको बिग्रिने के छ र !

**सन्दर्भ सूची :**


१. गोर्खा संस्कृति र गुरु गोरखनाथ-प्रा. शान्तिराज शर्मा (आजको साहित्य, नेसाप्रस-अङ्क ८)

२. गोरखनाथ - नागेन्द्रनाथ उपाध्याय

३. गुरु गोरखनाथ - कुलचन्द्र कोइराला

४. श्रीगोरख महापुराण - श्री पृथ्वीराजजी

५. गोरखनाथ एण्ड कनफट्टा जोगिज् - जी.डब्ल्यू, विक्स

६. खस किरात संस्कृति - प्रा. शान्तिराज शर्मा

७. द गुर्खाज -डब्ल्यू, बी. नोर्दे र सी.जे मोरिस

८. नाथ सम्प्रदायेर इतिहास, दर्शन ओ साधना प्रणाली - डा. कल्याण मल्लिक

९. हिमवत् संस्कृति - योगी नरहरिनाथ ।

१०. हाम्रो परम्परा औ प्रगति - सुधीन घोष ।

'गोर्खा' जाति कहलान थाले ।

उपर्युक्त धर्म-संस्कारभित्र खस र किरांत मूलका जाति मात्र पर्दैनन् । भोट-हिमाली अञ्चलका तिब्बती, लेप्चा-भूटिया, टोटो वा संलग्न जनजातिहरू पनि पर्छन् । खोजी नै गरे कोचे र मेचे पनि यसबाहिर पर्दैनन् । वर्तमान विसंगतिपूर्ण परिस्थितिले सत्यलाई धमिलोपनको च्यादर ओढाइदिएकै मात्र हो । संघीय व्यवस्था भएको भारतमा सबै जात-जातिले संघको सदस्इ हुनै पर्दछ । आफ्नो परिचयबेगर हामी संघका सदस्य त के एउटा समूहका रूपमा पनि चिनिने छैनौं । चिनिएनौं भने छरपस्टिएर फाल्टै र वग्रेल्तै हुन गएका हामी परिचयहीन मानव पशु मात्र रहिरहनेछौं । गोर्खा संस्कृतिमा सबै थरीका टुक्रा समूहलाई जोड्ने शक्ति थियो, छ पनि । यसलाई आविष्कार गरेर निकाल्ने दायित्व हाम्रो हो । यसैले गोर्खा जातिका जातीय गुरूका रूपमा गुरु गोरखनाथलाई प्रतिष्ठापित गराउन सकेको खण्डमा यस जातिको बिग्रिने के छ र !

**सन्दर्भ सूची :**


१. गोर्खा संस्कृति र गुरु गोरखनाथ-प्रा. शान्तिराज शर्मा (आजको साहित्य, नेसाप्रस-अङ्क ८)
२. गोरखनाथ - नागेन्द्रनाथ उपाध्याय
३. गुरु गोरखनाथ - कुलचन्द्र कोइराला
४. श्रीगोरख महापुराण - श्री पृथ्वीराजजी
५. गोरखनाथ एण्ड कनफट्टा जोगिज् - जी.डब्ल्यू, विक्स
६. खस किरात संस्कृति - प्रा. शान्तिराज शर्मा
७. द गुर्खाज -डब्ल्यू, बी. नोर्दे र सी.जे मोरिस
८. नाथ सम्प्रदायेर इतिहास, दर्शन ओ साधना प्रणाली - डा. कल्याण मल्लिक
९. हिमवत् संस्कृति - योगी नरहरिनाथ ।
१०. हाम्रो परम्परा औ प्रगति - सुधीन घोष ।

कथा

# मुख भरिएको थियो पानीले

- कृष्ण धरावासी

माइतीमा पनि खासै खान लगाउनको अभाव थिएन । आमाबाबाहरूको आर्थिक अवस्था धेरै राम्रो नभए पनि नराम्रो थिएन । वर्षभरिलाई खान पुग्ने अन्न ढिकुटीमा रहेकै हुन्थ्यो । पहाडको ठाउँमा वर्ष दिन खान पुग्ने अन्न थन्क्याउन सक्नु भएको राम्रै अवस्था हो भन्ने बुझ्नुपर्छ । खान, खेल्न, काम गर्न हामीलाई पूर्ण स्वतन्त्रता थियो । गाउँमा स्कूल थिएनन् । घरबाट दुई घण्टा उकालो हिँडेपछि स्कूल पुगिन्थ्यो । स्कूलमा पनि छोरीहरू त्यति पढ्न आउँदैन थिए । हाम्रो गाउँबाट स्कूल पढ्न जानेहरू सारै थोरै थिए । साथीको अभावका कारणले गर्दा मैले धेरै दिनसम्म स्कूल पढ्न पाइन । स्कूल पढ्दापढ्दै दाजुले बीचैमा गाउँकी एउटी केटी लिएर भागेपछि आमाबाबाले मलाई पनि स्कूलबाट निकाल्नुभयो ।

स्कूल पढ्ने बानी भएपछि ममा भित्रभित्रै निकै परिवर्तन भएझैँ लाग्न थालेको थियो । टाढाटाढाका साथी भाइहरूसँग भेट हुने, ओल्लो पल्लो गाउँका कुरा थाहा हुने समाचार बुझिने, आउजाउ हुने, मान्छे चिनिने आदि नयाँ-नयाँ साथीहरूसँग उठबस हुने । मन त्यसै रमाएर आउने । रहरहरू थपिँदै जाँदै थिए । सँगै पढ्ने केही केटा साथीहरूसँग पनि मन मिल्न थालेको थियो । घरभन्दा दुई घण्टाको बाटो उकालो हिँडेर स्कूल पुग्दा जीउ गलेर लखतरान भएको हुन्थ्यो तैपनि पढ्न पाइएको खुशीले सबै बिर्सिन्थेँ । केही न केही नयाँ कुराहरू सधैँ सिकिन्थ्यो । मनमा धेरै रहर र इच्छाहरू हुर्कंदै जाँदै थिए ।

आमाले सम्झाउने गर्नुहुन्थ्यो-गाउँभरि कसैले छोरी पठाएका छैनन् । दाजुको पछि लगाएर स्कूल पठाएका छौँ । तेरा बाबाको विचारलाई मेरै ढिपीले जितेर स्कूल जान पाएकी छेस् । राम्ररी पढ्नू उत्ताउली नहुनू उहिले आफ्ना पालामा यस्तो पढ्ने व्यवस्था थिएन । तँ जान्ने भइस् भने म पनि सिक्छु रातिराति ।

आमाका कुराले मनमा डर र खुशी सँगसँगै उम्लेर आउँथ्यो । मन सतर्क हुन्थ्यो । आफूभित्र उठ्दै गरेका अनोठा इच्छाहरूबाट आफै सतर्क हुन खोज्थेँ । निकै उमेर हुर्केपछि म स्कूल भर्ना गरिएकी थिएँ । घरमै बुवाबाट साँब अक्षर चिनिसकेकी थिएँ । साधारण चिट्ठी तमसुक लेख्न सक्ने भएकी थिएँ । टाढाको स्कूल धाउन सक्ने भएपछि मलाई दाजुको पछि लगाइएको थियो ।

दुई वर्ष जति स्कूल आएपछि दाजुले बीचैमा एउटी केटी लिएर भागे। सोह्र वर्षकै उमेरमा दाजुले केटी भगाएपछि हाम्रो घरमा एकाएक तनाव उत्पन्न भयो। बाबा दाजुसँग रिसाउनुभयो छोराछोरीलाई धेरै पढाउँला ठूला मान्छे बनाउँला भन्ने आफ्नो धोको सबै फुटाइदियो। बेलै नपुगी किन केटी लिएर हिँड्नु ? त्यै पनि पढ्दै नपढेकी केटी !'

दाजुले गर्दा ममाथि पनि बाबाको विश्वास भत्कियो। स्कूल जान छोडेपछि मेरो स्कूल जाने साथी भएन। मेरा रहरका सबै पखेटाहरू एकाएक कुँजिए। स्कूलमा चिनिएका र बनिएका साथीहरू पनि सबै छोडिए। म फेरि गाउँमै कुजिएँ। वस्तुभाउ, गोठगोवर आँगन, भान्छामै दिबित्न थाले। साधारण लेखपढ गर्न सक्ने भएकीले घरमै भएका पुस्तकहरू पढ्ने र नयाँ कुनै पत्रपत्रिका भेटे आमालाई पढेर सुनाउने गर्न थालें। बेलुका-बेलुका आमालाई पनि सावाँ अक्षर सिकाउथें तर पढ्दापढ्दै उँध्न थाल्नुहुन्थ्यो।

आऽऽऽ ! भो है अम्विके ! यो बुढेसकालमा मैले यो सिकेर पनि के काम ! म त हिँडे सुत्न।'

तै पनि छ महिना जतिमा आमाले साधारण लेखपढ गर्न थाल्नु भो। आमाले 'लेखपढ गर्न थालेको देखेर बाबाले खुशी हुँदै भन्नु भो-

- जे होस्, छोरीलाई स्कूल पठाएको आज यो फाइदा भो, तिमी पनि अव साक्षर भयौं कौशिला।

आमाबाबा दुवै खुशी भएको देखेर म झन् धेरै खुशी भएकी थिएँ। शहर बाट आएका पत्रपत्रिकहरू आमा पनि धेरै वेर लगाएर पढ्नुहुन्थ्यो। पत्रिकाको खबर आफैले पढेर बुझ्न सकेकोमा उहाँको अनुहार अनौठो खाले उज्यालो हुन्थ्यो। कहिलेकाहीँ आमा भन्नुहुन्थ्यो।

'ए. अम्विके ! होइन एउटा किताव ले न किनेर, अब आफैं पढ्नु पर्‍यो।'

के किताब, कस्तो किताव भन्ने उहाँहरूलाई केही थिइन खालि किताव चाहिएको थियो। शहरी गएको बेला बावाले आमालाई के-के सामानसँग कुनै न कुनै किताव पनि ल्याइदिनुहुन्थ्यो। महिनौं लगाएर उहाँले ती अक्षरहरू पढ्नुहुन्थ्यो। दाजुले केटी भगाएकोमा केही दिन रिसाएर पनि वुवाले चाँडै नै उहाँलाई घरमा स्वीकार गर्नुभयो। मभन्दा एकवर्ष मात्र जेठी थिइन् भाउज्यू। पन्ध्र वर्षकै उमेरमा उहाँले किन दाजुसँग भाग्नुपरेको होला ! मलाई अनौठो लागेको थियो। आमाबावाले चित्त दुखाए पनि हर्ष लागेको थियो। हाम्रो घरमा भाउजू भएर एउटी साथी आएकी थिइन् मेरी। हामी सारै मिल्थ्यौं। भाउजू काम गर्ने

सिपालु घरका सबै काम गर्ने । आमालाई धेरै सजिलो भएको थियो ।

स्कूल जान छोडेपछि म पनि सँगसँगै हुन्थें तर भित्र मनमा एक खालको खल्लो जस्तो लागिरहन्थ्यो । मनमा कुनै खाल्लो ठाउँ दिनदिनै बढिरहेझैं लाग्थ्यो ।

सोह्र वर्षकै उमेरमा मेरो बिहेको कुरा चलेकी शुरूमा थाहम नपाए पनि एक दिन आमाले लामो भूमिका बाध्दै भन्नुभो-

'छोरीको जात ! के गर्नु छोरी । एकदिन अर्काको घर नगइ हुँदैन ।

माइतमा जति नै भए पनि छोरीको आफ्नो भनेको पराइ धेरै हो । मेरो पनि तेह्र वर्षमा बिहे भएको थियो । यस घरमा आएर नङ्ग्रा खियाएको आज तेह्र वर्ष भयो । तेरो त मेरो भन्दा तीन वर्ष बढी भइसकेको उमेर । तेरी भाउजू नै हाम्रो घरमा आएको तीन वर्ष भइसक्यो । त्यो कति वर्षकी छे र ?' आमाको भूमिकाले मन झसङ्ग भयो । तर मैले सोध्नै परेन । उहाँले नै भन्नुभो ।

"बाबाले तेरो पनि बिहेको कुरो छिनेर आउनुभएछ । धेरै टाढा पनि होइन, त्यही तम्मोर पारि त हो । चाहेमा एकै दिनमा आउजाउ हुन सक्छ । हुने खाने घराना छ रे । के खाउँ के लाउँ भन्नु नपर्ने बँसी खेतै मात्र पनि पन्ध्र मुरी बिउको छ भन्छन् । भन्दा-भन्दै आमाले कुरा सक्नुभो । म ट्वाल्ल परें । मुखबाट एक शब्द निस्केन । यति चाँडै मेरो बिहे भइहाल्ला भन्ने कल्पना पनि गरेकी थिइन । म कत्री नै भएकी थिएँ ? यसो आफू र आफ्नो शरीरलाई हेरें खै के थिएँ र म ! तर अब त्यहाँ मेरो कुनै उपाय थिएन । म बिहे गर्दिन भन्नका लागि मसँग कुनै कारणहरू थिएनन् । पढाई छुटेको थियो, सोह्र वर्षकी थिएँ, मैले मनमा अरू कुनै पुरुषलाई स्थान दिएकी पनि थिइनँ ।

अनि एक दिन अरूकै जस्तो मेरो पनि बिहे भयो ।

मेरो कुनै रोजाइ थिएन मभन्दा पाँच वर्ष जेठो केटो बेहुलो थियो । ठूलो तीन तले झिंगटीको घरको आँगनमा मलाई एउटा केटाका छेउमा राखेका थिए । धेरै विधि विधानहरूका साथ म त्यो घरमा प्रवेश गरें । मभन्दा माथि तीन वटी बुहारी रहेछन् र त्यसमध्ये दुइटी छुट्टिसकेका रहेछन् । म त्यो घरमा भित्र्याइएको एक वर्षभित्रै नै अर्की बुहारी पनि सासूबाट छुट्टिएर अलग भइन् । उनीहरू सबैले मलाई माया गर्थे । भन्थे-

'काँइली बहिनी ! तिमी हामीभन्दा पढेलेखेकी र बुझेकी छ्यौ । हाम्रो भन्दा हुने खाने छन् तिम्रा माइती पनि । तिमीलाई त सासूले राम्रै गर्लिन्, हामीले त सकेनौं बाबै ! सारै गाह्रो भो मूल घरको हार्तन ।'

केही महिनामै मैले पनि अनुभव गर्न थालिसकेकी थिएँ । धनी बाउकी

बुहारी भए पनि काम र माममा धेरै फरक रहेछ। ससुरा सँग त प्रायः भेटै नहुने, भए पनि बोलचाल नहुने। पतिदेव सारै सोझा हो कि, अड्बाङ्ग केही नबोल्ने। सधैं आमाबाबुका अघि डरले लुगलग भएझैं देखिने। उनले मलाई कुनै दिन पनि मेरो यच्छा र रहरको चासो राखेनन्। दिनभरि काममा गएर, गलेर आउथे। जे पाकेको छ, चुपचाप खाएर सुत्थे। तैंले खाइस खाइनस्, तँलाई के खान मन छ कि भनेर कहिल्यै सोधेनन्। माइतमा जाँदा पनि आमाबाबाले त्यस्तो खासै चासो लिँदैनथे। एक दिन बलैले आमालाई भनें-

'आमा ! चामलको भात खान नपाएको कन्ति दिन भइसक्यो। सधैं मकै र ढिँडो दिन्छन्।'

आमाले हाँस्दै भन्नुभो -

'मीठो त सासू भएपछि मात्र खान पाइन्छ नानी ! तँलाई के ? मेरो दुःख सुनिस् भने छक्क पर्छेस्। बुहारीले त पाउने ढिँडै त हो नि !'

आमाका कुराले मन झन् भरङ्ग भएर आयो। कहाँ जाऊँ के गरूँ जस्तो आँत्तेस लाग्यो। अन्धकारमा डुब्दै हराउँदै भएझैं लाग्यो। त्यो दिनदेखि मैले आमालाई घरका कुनै दुःखहरू सुनाइनँ।

बिहे भएको दुई वर्षपछि नै एउटी छोरी जन्मी केटाकेटी जन्मेपछि त झन् के-के खान मन लाग्ने, भोक लाग्ने हुँदोरहेछ। आफ्ना हातमा केही थिइन। सासूले खटाएर दिएको रासन पानीमा खुम्चिनुपर्ने।

त्यो दिन बेलुका पनि कोदोको रोटी र ढिँडो खाएकी थिए। छोरीलाई पनि त्यही कोदाको ढिंडो पकाउँदै ख्वाएकी थिएँ। हातमा एउटा रोटीको टुक्रो खेलाउँदै ऊ निदाएकी थिई।

विहान उठेर कोठा बडारिरहेकी थिएँ। छोरी पर कुनापट्टि सुतिरहेकी थिई। उसका बबु उठेर अघि नै काममा गएसकेकी थिए। हतार-हतार बडार कुँडार सकेर भान्सामा जानु थियो। भान्सा सम्झिनेबित्तिकै मन विरक्त भएर आउँथ्यो। कहिलै केही मीठो मसिनो पाके पो ! सासू ससुरालाई कहिले चामलको कहिले च्याँख्ला मिसाएको खाना पकाए पनि आफूलाई त सधैं ढिँडै त हो !

भोकले भुँडी नराम्रो गरी कोक्याइरहेको थियो। हातगोडा लुला भएका थिए। तल्लो पेटमा एउटा डल्लो घुम्न थालेको थियो भर्खरैदेखि। ओछ्यान मिलाउन लाग्दा एउटा सानो रोटीको टुक्रा देखें। भोकले कस्तो-कस्तो भएको बेला त्यो रोटीको टुक्रालाई टिपेर क्वाप्प मुखमा हालेर एकपल्ट चपाएँ। मुखमा हाल्नु र चपाउनु छिटो भएको थियो। तर एक पल्ट चपाईसक्दै एकदम नै अनौठो स्वाद र गन्ध मुखभरि भयो। तल नाइटोदेखि नै आन्द्रा बटारिएरु आयो। बाक्क

# महाकवि देवकोटाको बाल्यकाल

## नरेन्द्रराज प्रसाई

लक्ष्मीप्रसाद देवकोटाको जन्मका विषयमा थोरै विवाद रहेको छ। उनी जन्मेपछि धेरै समयसम्म उनको जन्मलाई उनैद्वारा पनि १९६५ साल नै लेखियो। तर खास गरेर उनको जन्म संवत् १९६६ कात्तिक २७ गते शुक्रबार कृष्णपक्ष अमावस्या तिथि लक्ष्मीपूजाका दिन भएको थियो। उनी विशाखा नक्षत्र र तुलाराशिको समयमा २१.५४ बजे अर्थात् राति ९ बजेर ५४ मिनेटमा जन्मेका थिए। उनको जन्म काठमाडौंको डिल्लीबजारस्थित धोबीधाराको ब्लकनम्बर २१२५४१ मा भएको थियो। उनको चिनाको नाउँ तीर्थमाधव देवकोटा थियो। महाकवि देवकोटाको जन्मका अवसरमा चारैतिर दीपावलीको रमझमले छाएको थियो। त्यस बेला औंसीको कालरात्रि पनि उज्यालोमा परिणत भएको थियो। बेलुका राति लक्ष्मीपूजा गरिसकेपछि यस भूगोलमा देवकोटाको सुखद अवतरण भएको थियो। लक्ष्मीपूजाको समयमा जन्मेको हुँदा तीर्थमाधव देवकोटालाई लक्ष्मीप्रसाद देवकोटामा रूपान्तर गरिएको थियो।

महाकवि देवकोटाको जन्म हुँदा एकातिर दीपावलीको उज्यालो र अर्कातिर कृष्णपक्षको अमावस्याका कारण उनको जीवनमा पनि अत्यन्तै अँध्यारो र अत्यन्तै उज्यालोको तादात्म्य हुने तत्कालीन ज्योतिषीजनहरूको समेत ठहर थियो। त्यस्तै उनी जन्मेपछि देवकोटा कुञ्जमा जति शान्ति छाएको थियो त्यति नै दुख्खकष्ट पनि थपिँदै जान थालेको थियो। देखेको भन्दा लेखेको हराउँदैन भने झैं उनी जन्मेपछि उनका घरमा थप कष्टहरूको ओइरो लाग्न थाल्यो। खास कुरा के हो भने देवकोटाको जन्मपछि उनको शारीरिक दुर्बलताले क्रमशः ठाउँ ओगट्न थाल्यो। शिशुकालदेखि नै उनको शारीरिक अवस्था खस्कँदो क्रममा बामे सरिरहेको देखिन्थ्यो।

महाकवि देवकोटा चार वर्षको हुँदा उनलाई रगतमासीले थला पारेको थियो। उनलाई कुनै पनि औषधि र जरिबुटीले पनि छोएन। त्यस बेला उनी नबाँच्ने अवस्थामा नै पुगिसकेका थिए। उनकी दिदी लोकप्रियादेवीद्वारा एकजना दुढावाजे (धामी) घरमा ल्याएर उनलाई निको पारिएको थियो।

महाकवि देवकोटा बाल्यकालमा रगतमासीबाट उस्केपछि तिलमाधव

देवकोटाको परिवारमा खुसीको वातावरण सृजना भएको थियो । त्यसपछि उनलाई अक्षरारम्भ पनि गराइएको थियो । उनलाई अक्षरारम्भ गराउने गुरु उनकै बुबा तिलमाधव देवकोटा थिए । बालक देवकोटाले पाँचै वर्षभित्रमा कखरा कण्ठाग्र पारेका थिए । तिलमाधव देवकोटाले नै भावी नाट्यसम्राट् बालकृष्ण समलाई पनि देवकोटालाई कखरा सिकाउनुभन्दा बाह्र वर्षपहिले नै अक्षरारम्भ गराएका थिए ।

महाकवि देवकोटा आठौं वर्षमा टेकेपछि संसारिक मोहमा लहसिएका थिए । त्यही उमेरमा उनले आफ्नो जीवनको लक्ष्य कोर्न थालेका थिए । त्यस बेला उनका जेठा दाजु लेखनाथले ट्युसन पढाएर मासिक तीनसय रुपियाँजति पैसा कमाउँथे । त्यस बेलाको प्रसङ्गमा उनी आफैं लेख्छन् "म उहाँ (लेखनाथ देवकोटा) लाई दुनियाँको आदर्श ठान्दथें । माताजी पनि बराबर 'त्यसरी नै पढ्नुपर्छ बाबै ! दाजु जस्तै' भनेर स्नेहको अङ्गुलीले उहाँलाई देखाउने गर्नुहुन्थ्यो ।" त्यस बेला आफ्ना दाजुको मास्टरी धाक, रवाफ र दबाब अनि गाम्भीर्य देख्ता महाकवि देवकोटा त्यसै निहुरिन्थे, डराउँथे र झनै आज्ञापालनमा तल्लीन रहन्थे । त्यसै बेलादेखि उनले 'म पढेर मास्टर नै हुन्छु' भन्ने मनमनै प्रतिज्ञा गरेका थिए । त्यसैले यसबारे उनले लेखे पनि "पैसा कमाउनुपर्छ, अङ्ग्रेजी पढ्नुपर्छ' को धाइआमाका शिक्षाहरूलाई अक्षरशः अनुसरण गर्न म चाहन्थें ।"

महाकवि देवकोटाको व्रतबन्ध १९७४ सालको चैतमा गरिएको थियो । त्यस उपनयन कर्ममा उनैका बुवा तिलमाधव देवकोटाले उनका कानमा गायत्रीमन्त्र वाचन गरेका थिए । त्यसपछि उनलाई उनका बुबाले 'अमरकोश' लगायत संस्कृत साहित्यका अन्य रचना, मन्त्र र स्तोत्रमालाहरू घोकाएका थिए । देवकोटा पनि आफ्ना बुवाले दिएका जुनसुकै पाठ बुबासमक्ष फटाफट बुझाउने गर्थे । उनको लगनशीलता देखेर तिलमाधव देवकोटा गद्गद हुन्थे । त्यसैले उनी दस वर्ष नपुग्दै उनका बुवाले उनको अर्को नाउँ सरस्वतीप्रसाद पनि राखिदिए । त्यस बेला तिलमाधव भन्थे 'मेरो साइँलो छोरो सरस्वतीको अवतार हो ।' महाकवि देवकोटाले आफ्ना बुवा तिलमाधव देवकोटालाई ब्रह्मनिष्ठ, कर्मनिष्ठ, आस्तिक देवर्षितुल्य पण्डित माने । उनी उनका बुबालाई भूगोलको सबैभन्दा ठूलो मान्छे ठान्थे ।

महाकवि देवकोटालाई घरैमा पढाउन थालिएको थियो । उनका बुबाका प्रेरणाले उनले नेपाली भाषा र संस्कृत भाषा पनि पढ्न थाले । खास गरेर उनका जेठा दाजु लेखनाथ देवकोटा अङ्ग्रेजी भाषामा पारङ्गत भएकाले देवकोटाका लागि पनि त्यो बाटो हिँड्न सजिलो भयो । त्यसैले उनी सानैमा नेपाली, संस्कृत

मास्टरैहुन्छु र धेरै पैसा कमाउँछु।" उनले उनका घरको खस्कँदो आर्थिक अवस्थालाई धेरै पढेर समाधान गर्छु भन्ने हिम्मत सानैमा राखेका थिए। उनी बाल्यकालदेखि नै संवेदनशील थिए।

महाकवि देवकोटाले बाल्यकालमा नै कविता लेखे। आफ्नै चेतनाले अह्राएर उनले साहित्यरचनामा भाग लिएका थिए। यसै परिवेशमा उनी स्वयम् नै भन्छन् "मैले कविता लेख्न कसैसँग सिकिनँ। पिताजी अक्सर ईश्वरको स्तुति संस्कृत र नेपालीमा लेखिरहनुहुन्थ्यो। म साफी गरिदिन्थेँ– रातो मसीमा बाँसको कलमको सफा टाँका लगाएर। स्कूलबाट फर्किएपछि चार र छ बजेको अन्तरमा मेरो यही काम ज्यादा हुन्थ्यो र मलाई पनि कविता लेख्ने सोख त्यसैबाट बढेर आयो।"

# भानुलाई कतै भुलेको त छैन

- सुधा भट्टराई

मनका भावनाहरू छताछुल्ल छन्
पोख्ने प्रयास गर्छु भाषा छैन
यस्तो क्रम निरन्तर चलिरहेछ,
यस्तो क्रम निरन्तर चलिरहेछ
समयको जोड घटाउले
मन खिन्न हुन्छ
मेरो मन खसक्क हुन्छ
सम्झन्छु थचक्क बस्न मन लाग्छ
परिस्थितिको लेखाजोखा गर्दा
आफै चकित पर्छ
अनि भानुलाई सम्झन्छु
आजको परिवेश
धेरै परिवर्तन भइसकेका छ
मानिसले पुरातन भुलेझैं लाग्छ
उही हाम्रा डाँडाकाँडा गोठखेत
दोहोरी, मारुनी देउडा नाचको सट्टा
डिस्को क्यासिनो रिमिक्समा
रमाउनु परेको छ
ती शब्द नै हराएझैं
शहरका मानिसमा
विस्मृतिको भाव देखापरेको छ ।
आजको परिस्थितिले
शहरका मानिसलाई डोऱ्याएको छ
यी शब्दहरूसँगै कतै भानुलाई
मैले पनि भुलेको त छैन ।

कथा

# माछा ! माछा !!...!!!

- अविनाश श्रेष्ठ

पात्र-परिचय

वास्तवमा यो कथा मेरो एक जना मित्रको हो। खै उसलाई मित्र भन्नू कि नभन्नू ? 'मित्र' शब्दले अचेल पहिलेपहिलेको जस्तो अर्थ दिन छाडेको छ। त्यसैले उसलाई 'परिचित' मात्र वा 'अलि बढी परिचित' भन्दा हुन्छ। नाम हो उसको वी.आर.अर्थात् बाबुराम। नामतिर नजानुस्। नाम मात्र सुन्दा त ऊ साह्रै सोझो गौप्राणी लाग्न सक्छ तपाईलाई। तर छ ऊ नम्बरी धुरन्धर। धुरन्धर कुन अर्थमा भने-उसले नजानेको कुरा अथवा उसले थाहा नपाएको विषय यस अक्षार संसारमा शायदै होला। उसको समग्र व्यक्तित्वलाई बुझाउन 'धुरन्धर' शब्द पनि अपर्याप्त छ, त्यसैले।

उसको भित्री र बाहिरी दुवै व्यक्तित्वको चित्र उतार्न यथासम्भव प्रयास गर्दै म यहाँ रत्तीभर कन्जुस्याइ नगरी अरू केही पर्यायवाची किसिमका लोकप्रचलित शब्दहरू पस्कँदै छु, जस्तै-चालू, घाँघ, चतुरचम्बु, चल्तापुर्जा, खली, खुराँट, चड्ख, डेढअक्कली, खलीफा, छट्टु, धूर्त, नकचरो, लम्पट आदिआदि। उपर्युक्त सारा विशेषण जोर्दा पनि अझै उसको खूबी प्रस्ट पार्न नसकेको खिन्नताबोध-मभित्र पहाडी खहरे बनी गडगडाइरहेको छ यस बेला।

यस्तो छ हाम्रो कथाको नायक ! के गर्ने- जमानाअनुसारको नायक कथामा राख्नुपर्ने बाध्यता ! यो नायक परम्परित नायक जस्तो न 'धीरप्रशान्त' छ, न "धीरोदात्त; नधीलदिदै" नै ! वरु 'धीरोद्धत्त' नायकमा पाइने केही गुण (बेगुन ?) हाम्रो यस कथाको नायकमा नपाइने होइन। अब कथा-नायक नै यस्तो 'दगाबाज' 'छली', 'असाधु' भएपछि नायिका पनि बत्तीस लक्षणले जुरेकी 'स्वकीया' नभएर 'परकीया' 'सामान्या', 'पद्मिनी','हस्तिनी', 'खण्डिता', 'अभिसारिका', 'भोग्या' अझ 'सर्वभोग्या' हुनु पनि कुनै आश्चर्यको कुरो भएन।

हाम्रो यस कथामा अझ एक जना लम्बरी सहायक पात्र पनि छ। उसको परिचय कथा आफैले यथास्थान, यथासमयमा तपाईलाई दिने नै छ। त्यस सहायक पात्रलाई चरित्रहरूको कुन कोटीमा राख्ने हो पाठक ! त्यो तपाई आफैले विचार गर्नुहोला।

मैले माथि नै भनिसकें, म यो कथाको प्रस्तोता मात्र हुँ भोक्ता होइन

यस कथाको भोक्ता अर्थात् नायक (खलनायब) उही मेरो 'अलि बढी नै परिचित' व्यक्ति 'बी.आर.' अर्थात् बाबुराम हो । अब अगाडिको कथा उही मेरो परिचित अधीर अशान्त, अधीर लम्पट नायकको मुखारबिन्दबाट सुनौं ।

**नायिका-भेट**

बिल्डिङको अन्डरग्राउण्डमा पार्किङ गरेर कारमा शिशा चढाउँदै थिएँ । त्यत्तिकैमा एउटा स्कुटी आएर मेरो कारको दाहिनेपट्टि रोकियो । उसले स्कुटी स्ट्यान्ड गरुन्ज्याल कार लक गरेर म बाहिर निस्किसकेको थिएँ । उसले हेलमेट निकै लयवद्धताका साथ टाउकोबाट झिकी । म उसैलाई हेर्दै ढोकाको हेण्डल जाँचेको अभिनय गर्दै थिएँ । उसले साह्रै नै बेवास्ताका साथ एक नजर मतिर हुत्याई, अनि देब्रे हातले हेलमेट समातेर लमकलमक लम्कँदै ऊ मेरै अगाडिबाट गई । ऊसितको मेरो पहिलो भौतिक साक्षात्कार यही थियो ।

उसलाई पहिलो पटक गर्भगृह (वेसमेन्ट) मा देख्दाका दुई बिम्ब म रिवाइन्ड गरेर बेलाबेला सम्झने प्रयास गरिरहन्छु । पहिलो बिम्ब हो सुगन्धको । उसले त्यस दिन केही विशेष विदेशी परफ्यूम प्रयोग गरेकी थिई । र, ऊ मेरो अगाडिबाट जाँदा जुन सुगन्धको संसार निर्माण भएको थियो । त्यो आज पनि मेरो मानसमा जहाँको त्यहीं छ, टक्क अडेको । दोस्रो बिम्ब, उसले त्यस दिन साह्रै कसिलो सेतो रङको पाइन्ट र सेतै रङको हाइहिल सेन्डल लगाएकी थिई । कसिएको पाइन्टमा उसको ठूलठूला तर मिलेका गोलाकार नितम्बहरू अटसमटस बनी निसास्सिएर दबिँदै-उकासिँदै गरिरहेका-पछाडिबाट धीत मरुन्जेल मैले हेरेको थिएँ । र, ती उछिट्टिएका बिछट्टै मन लोभ्याउने नितम्बहरू उसको अनुहारभन्दा पहिले मेरो मस्तिष्कमा रेकर्ड भएका वस्तु थिए ।

बिल्डिङको तेस्रो तल्लामा ब्याङ्क थियो । एउटा काउन्टरबाट एटीएम कार्डका लागि फारम लिएँ र कुनाको फराकिलो डेस्कमा राखेर भर्न थालें । फारम भरिसकेर हस्ताक्षर गर्नै लागेको थिएँ, कुनै स्वास्नीमान्छेले पछाडिबाट आफूलाई डाकिरहेको सुनें । उसको आवाज मन्दिरमा झुन्डाइएका स-साना वतासे घण्टी बजेझैं सुमधुर र ट्डकारो थियो ।

फर्केर हेरें । उही अन्डरग्राउण्ड पार्किङमा केही छिनअघि देखिएकी युवती मलाई भनिरहेकी थिई, '... एस्क्यूज मी, के म तपाईंको पेन बरो गर्न सक्छु, एकै छिनलाई ?'

'स्योर !' फारममा हस्ताक्षर गरिसकेर पेन उसको हातमा राखिदिँदै मैले उसलाई भोकाएका आँखाले छामछामछुमछुम गरिरहें । ऊ फारम भर्नमा तल्लीन थिई ।

काउन्टरमा फारम बुझाइसकेपछि एटीएम कार्ड हात पार्न लगभग घण्टा पौने घण्टा कुर्नुपर्ने बाध्यता दुवैको थियो । ऊ मेरो छेउमा उभिएर मोबाइलमा गफ्फिइरहेकी थिई कसैसँग । म भने उसका एक-एक अङ्ग-प्रत्यङ्ग र हाउभाउलाई नियालिरहेको थिएँ । ऊ हरेक कोणबाट स्मार्ट र सम्भ्रान्त देखिन्थी ।

मैले पनि आफ्नो मोबाइल सेट झिकेँ र उसले थाहा नपाउने गरी विभिन्न कोणबाट उसका आधा दर्जनजति फोटो खिचेँ । ऊ अझ पनि फोनमा कुरा गरिरहेकी थिई ।

फोनमा कुरा सकेर शिर उठाएपछि एकै छिनलाई उसका आँखा मेरा आँखासँग जुधे । सामान्य शिष्टाचारवश ऊ मतिर हेर्दै मुस्काई । मभित्रको अनुभवी खेलाडीले त्यो सुनको सिक्का जस्तो मौका हातबाट उम्कन दिएन । ऊसित कुरा गर्ने बहाना साथै विषयवस्तु दुवै फेला पारिसकेकाले संवाद यसरी थालेँ ।

'पोष्ट पेड हो?'

'होइन... प्रिपेड हो ?'

'कति भयो लिनुभएको ?'

'जमाना भइसक्यो। अस्ति, माघ १९ मा बन्द हुनुभन्दा एक डेढ वर्षअगाडि लिइसकेको थिएँ। बरु, तपाईको सेट मलाई मनपऱ्यो। लेटेस्ट जस्तो छ नि।"

उसको प्रश्नको उत्तर दिँदै मैले निकै ठूलो गफ हाकेँ। हुँदै नभएका दिदी-भिनाजु बोस्टन, अमेरिकामा छन् र यो ने.रु. ९० हजार पर्ने भर्खरै त्यहाँको बजार मा आएको मोबाइल सेट उनीहरूले एक साताअघि मात्र पठाइदिएको गफ दन्काएँ। मेरा दिदी-भेना अमेरिकामा ग्रीनकार्ड होल्डर छन् भन्ने चारोसहितको वल्छी उसले निकै उत्सुकतासहित निलेकी थिई। त्यसपछि त उसले कुरैकुरामा आफ्नो यूरोप, अमेरिका पुग्ने सपनाका बारेमा बेलीविस्तार नै लगाएकी थिई। लगभग घण्टा पौनेघण्टा कुरा गरिसक्दा पनि उसले नाम 'श्रेया' बाहेक अरू कुनै व्यक्तिगत कुरा खुलाएकी थिइन।

जे होस्, छुट्ने बेलामा उसको मोबाइल नम्बर मसित थियो। अनि मेरो अर्थात् 'बी.आर.' को मोबाइल नम्बर आफ्नो सेटमा उसले चढाएकी थिई।

## नायिका माहात्म्य

व्याङ्कमा भेट भएको पर्सिपल्ट उसलाई मोबाइलमा सम्पर्क गरेको

थिएँ । तुरुन्तै उताबाट उही स-साना बतासे घण्टी बजेझैँ टङ्कारो तर मोहक स्वर सुनिएको थियो, 'हेलो बी.आर.जी ! यति छिटो सम्झनुहोला जस्तो लागेको थिएन । सम्झनु भएकोमा धन्यवाद !'

उसले त्यसरी पुरानो परिचितसित कुरा गरिरहेझैँ बातचित थाल्नुलाई मैले उसको सम्भ्रान्त संस्कार साथै उदार मानसिकताको परिचायक ठानेँर कुराकानीलाई उस्तै पारामा अगाडि बढाएँ ।

शायद चौथो पटक मोबाइलमा कुराकानी हुँदा मैले धेरै भूमिका बाँधेर उसलाई भनेको थिएँ, 'तिमीसित फोनमा कुरा गरेर धीतै मर्दैन । फुर्सत मिलाउन सकिन्छ भने भोलि भेटौँ न ।'

त्यसरी हतारिएर भेट्ने प्रस्ताव राख्दा उसले गलत ठान्ने पो कि भन्ने पिरोलोले मुटु ढुकढुक भएको थियो मेरो । केहीबेर ऊ केही नबोली चुप लागेकी थिई । ती क्षणहरूमा मलाई लागेको थियो मैले हौसिएर हतार गर्दा खेल बिग्रने भयो । शायद ऊसितको सम्बन्ध यसरी नै निमिट्यान्न हुनु थियो । मेरो मनमा लगातार ढ्याङ्ग्रो बज्दै थियो । त्यति नै बेला उसले गह्रुङ्गो आवाजमा सोधेकी थिई, '... कति बेला भेट्ने ? कहाँ भेट्ने ?'

उसको प्रश्नले सम्पूर्ण संशय उकुसमुकुस र अपराधबोधबाट एकाएक मलाई मुक्ति दिलाएको थियो ।

भोलिपल्ट दिउँसो हामी महँगो रेष्टुराँको एकान्तमा थियौँ । उसले हलुका फिरोजी रङको सर्ट र क्रिम रङको केही खुकुलो पाइन्ट लगाएकी थिई, अनि घाँटीमा उसको क्रिस्टलको टहकदार माला थियो । यति सामान्य प्रसाधनमै ऊ असामान्य लावण्यले भरिएकी देखिँदै थिई । उसले ताजा स्टेबरी जुसबाहेक अरू केही खान मानिन र धेरैबेर बस्दा पनि बसिन । सामान्य कुराकानी मात्र भयो हामीमाझ ।

त्यसपछिका चार-पाँचवटा भेट पनि संक्षिप्त थिए । उल्लेखनीय कुरा वा सम्बन्धमा प्रगति भएन नै मान्नुपर्छ । साँचो भनूँ भने उसको कुलिन र स्मार्ट व्यक्तित्वसामु केही दबिएको महसुस गर्थें म आफूलाई ।

उसलाई त्यसरी पटक-पटक भेटिरहँदा एउटा ठूलो लाभ भने मलाई भयो, उसको व्यक्तित्वका विशेषताहरूलाई नजिकबाट नियाल्ने, बुझ्ने मौका मैले पाएँ । कुनै पनि स्वास्नीमान्छेसित सुन्दर अनुहारबाहेक कुनै एउटा विशेषता हुनु नै पर्याप्त मानिन्छ । तर, उसमा मुहारको विशिष्ट सौन्दर्य त थियो नै, त्यसबाहेक उसको व्यक्तित्वलाई विशेष बनाउने चारवटा अमूल्य सम्पदा थिए ऊसित । पहिला, आदिम मादकतासहित बलिरहेका उसका दीप्त आँखा, दोस्रो-न अग्लो न

होचो साह्रै मिलेको जीउडाल तेस्रो-सुनिरहू सुनिरहू लाग्ने उसको मधुर-मोहक आवाज जसमा मान्छेलाई मन्त्रमुग्ध पार्न सक्ने अनौठो मृदुल आवेग र उद्वेलन समाहित थियो, अनि चौथो थियो, उसका मिलेका दिव्य ओठ र ती ओठहरूले उब्जाउने करोडौं रुपियाँको मुस्कान !

थाहा छैन, कुन्नि किन जति पटक भेट्यो ऊ मलाई त्यतित्यति नै मन पर्दै जान थालेकी थिई । उसमा कुन्नि कस्तो आकर्षण थियो-दिनमा एक पटक मोवाइलमै भए पनि उसित कुरा गर्न नपाउँदा म रन्थनिन थाल्थें । सुस्त-सुस्त ऊ मेरो दिनचर्याको आवश्यकता बन्दै जाने क्रममा थिई ।

आठौं पटकको भेटलाई केही अर्थमय वनाउन मैले उसलाई शपिङ सेन्टरमा लगेको थिएँ र उसलाई मन पर्ने लुगाफाटाहरू कर गरीगरी रोज्न लगाएको थिएँ । पहिलो पटक २२ हजारका लुगा किनिदिँदा, मैले उसका कुनै असामान्य खुशी वा हर्ष छचल्किएको देखिनँ । दोस्रो पटक ३५ हजारका गहना किनिदिँदा उसले यतिमात्र भनेकी थिई 'गहना लाउने रहर अव ममा उति छैन ।'

गहना किनिदिएको दिन उसलाई मैले 'ककनीतिर डुल्न जाऊँ भनी प्रस्ताव राखेको थिएँ । एक किसिमसित लयवद्ध ढङ्गले शिर हल्लाउँदै मुस्काएकी थिई ऊ अर्थात् हुन्छ जाऊँ' को सङ्केत दिएकी थिई उसले त्यसरी ।

कारमा हामी ककनी पुगेका थियौं र फर्कंदा वाटामै अँध्यारो भइसकेको थियो । पहाडी ओरालोमा एक ठाउँमा मैले कार रोकें । हामी दुवै वाहिर निस्क्यौं । तल रातिको काठमाण्डू झिलिमिलाइरहेको थियो । हामी जहाँ उभिएका थियौं परपरसम्मन् त्यो ठाउँ निर्जन थियो, वरपर सब थोक रात्रिको अँगालोमा सामसुम्म थिए । ऊ मेरो काँधमा च्यूँडो विसाएर तल हेर्दै थिई । तल छरपस्टिएर परपर फिँजिएको काठमाण्डू विराना वत्तीहरूमा टोलाइरहेको थियो । उसको देहको अपर्थिव सुगन्धले मलाई लठ्याउँदै विभोर तुल्याइरहेको थियो । तिनै क्षणहरूमा उसलाई मैले हातमा समाएर आफूतिर तानेको थिएँ । आफ्नो सम्पूर्ण सजीवता र आदिम रहस्यहरूसहित ऊ मेरो अँगालोमा वेरिएकी थिई । मैले आफ्ना उत्तप्त ओठहरू लगेर उसका कोमल ओठहरूमा निर्ममतापूर्वक जोतेको थिएँ । उसको सक्रिय सहमभागिता थपिँदै गएपछि चुम्बन लम्बिएर प्रगाढ वनेको थियो ।

**'नायक' अर्थात् 'आफू'-माहात्म्य**

*(कुनै चलचित्र पत्रिकामा प्रकाशित अन्तर्वार्ताबाट साभार)*

"अब तपाइलाई के ढाँट्नु-यो जिन्दगीमा केटी जावो, कति पटाइयो

कति। गिन्ती यकिन छैन, तर सय सवा सयभन्दा बढी नै अविवाहिता, विवाहिता, सदवा, विधवा स्वास्नीमान्छेको मायाजालमा फसियो वा भनौं फसाइयो होला। अलग-अलग उमेर र शरीरका थरीथरी स्वाद र स्वभावका स्वास्नीमान्छेसित-लसपस, समागम, रतिराग र अभिसारका लामालामा अध्यायहरू उधिनेर आफू पारङ्गत बनेको सम्झँदा मलाई आफैंप्रति गर्ववोध हुन्छ।

फकाएर हुन्छ कि, ढाँटेर हुन्छ कि, अभिनय गरी विचलित तुल्याएर हुन्छ कि, जस्तासुकै स्वास्नीमान्छे लठ्याएको र उनीहरूलाई अघाउन्जेल भोगेर तृप्त बनाएको र आफू तृप्त भएको पूर्वकथाका खातैखात छन् मसित। स्वास्नीमान्छेको माम्लामा मित्रहरू मलाई आधुनिक 'कृष्णजी' अनि एक्काइसौं शताब्दीको 'क्यासिनोभा' भनी फुर्क्याउँछन्। मित्रहरूले फुर्क्याए पनि नफुर्क्याए पनि मलाई थाहा छ-स्वास्नीमान्छेको माम्लामा उनीहरूले ठानेभन्दा म बढी नै छु हुँला घटी त कदापि छैन।

कहिले कतै त म आफैलाई आफू मायावी छु जस्तो लाग्छ। मायावी आफ्नी स्वास्नीको माम्लामा पनि। स्वास्नी आधुनिक छे, पढेलेखेकी छे, टेलिभिजनमा जागिरे छे र पनि ऊ मलाई लिएर मोहनिन्द्रामै हुन्छे। उसका निम्ति म सधैं जुनसुकै अवस्था र स्थितिमा पनि 'पतिपरमेश्वर' हुँ/छु। मेरो घरबाहिरको जिन्दगीसित उसलाई कुनै चासो, मतलब, सरोकार वा खासखुस केही थिएन/छैन। भन्छे ऊ 'मर्दका सयवटी जोई' घरबाहिर दशवटी राखून्, त्यो उनको पौरखको कुरो। तर घरभित्र सौता हुल्न ल्याए भने बाँकी राख्दिन।'

स्वास्नीका यिनै कुराले हौसिएर पनि होला-परस्त्रीप्रति मेरो लोलुपता अलि बढी नै रह्यो र परस्त्रीगमनका निम्ति म हमेसा लालायित रहें। मेरो कार्यक्षेत्र अर्थात् चलचित्र निर्माण व्यवसायमा म लागेको हुनाले पनि भोगविलासका अवसरहरू आफूले नचाहँदानचाहँदै मलाई आइलाग्ने गर्दछन्। तर, परस्त्रीगमन जतिसुकै गरेको भए तापनि बेश्यागमन भने मैले कहिल्यै गरेको छैन। यस कुरोमा भने कताकता मलाई गहिरो सन्तोष छ।"

**...सुनको जाल**

ऊ अर्थात् 'श्रेया' मेरो निम्ति सुनको माछी थिई। कहिले महँगा-महँगा लुगाफाटा किनिदिएर, कहिले प्लेटिनम र सुनका गर-गहना उपहार दिएर म ऊजस्ती सुनको माछीका निम्ति सुनकै जाल बुन्दै थिएँ। शुरुशुरुका भेट र कुराकानीमा ऊ 'अमेरिका ! अमेरिका !!' मात्र अलापिरहन्थी, अनि अमेरिका जाने भिसाका लागि कोशिश गरिदिन मसित वारम्बार आग्रह गरिरहन्थी। मलाई

अचम लाग्थ्यो र मनमा शंकाले शिर ठड्याउँथ्यो - ऊ यदि सम्पन्न कुलीन घरानाकी छोरी हो भने उसलाई अमेरिका जाने यत्रो रडाको किन ? अनि आफ्नो चित्त बुझाउँदै आफैँलाई सम्झाउँथे, 'धत् लाटा !, तँ यति सानो कुरा पनि बुझ्दैनस्-उसको परिवार कुलीन र पुराना धनीमानी भए पनि हाल सम्पन्न नरहेका हुन सक्छन् । अनि अर्को कुरो-ऊ धन कमाउन नभै उच्चशिक्षाका लागि वा कुनै अन्य व्यक्तिगत कारणले पनि त अमेरिका भासिन खोजेकी हुन सक्छे ।'

ऊसित निकै भ्याम्मिसकेपछि पनि कुन्नि के दकसले हो-मैले उसको घर परिवारबारे सोध्ने आँट बटुल्न सकेको थिइनँ । शायद सोधेको भए ऊ जस्ती खुला मिजासकी केटीले कुरो लुकाउने थिइन पनि होला । तर, मैले नै निच मानेर उसका व्यक्तिगत जीवनतिर बढी चियाउने प्रयोजन ठानिनँ । केही समयपछि भने उसले अमेरिका जाने कुरा गर्न छोडेकी थिई र मैले पनि त्यो अप्रिय प्रसङ्ग नकोट्याउनु नै बेस ठानेँ ।

ककनीबाट फर्केको एक साताजति पछि एकाबिहानै उसले मलाई फोन गरी- '...बी.आर., तपाईले मलाई के ठानेको हो कुन्नि ?'

'किन ? ...के भयो र श्रेया ?'

'हैन मलाई भन्न साह्रै अप्ठ्यारो लाग्दै छ ।'

'मसित अप्ठ्यारो मान्नु पर्दैन । भन न, मैले गर्न सक्ने कुरो भए तिम्रा लागि मैले नगरुँला जस्तो लाग्छ तिमीलाई ?' ममाथि उसको जादू प्रसारित हुँदै गएथ्यो ।

'मलाई ५० हजार रुपियाँको खाँचो छ । त्यो पनि आजै ।' उसको मृदुल स्वरमा याचनाको जलप पोतिएको थियो ।

मैले उसलाई व्याङ्कको एटीएम काउन्टरमा १० बजेतिर आऊ न भनेर ५० हजार झिकेर उसको हातमा केही नसोधी राखिदिएँ । पहिलो पटक उसको अनुहार खुशीले धपक्क बलेको देखेको थिएँ । उही करोड रुपियाँको दामी मुस्कान उसको मुहारमा फक्रेको थियो ।

५० हजार आफ्नो मनीब्यागमा राखिसकेपछि उसले भनी, 'वास्तवमा रुपियाँको खाँचो भोलिलाई थियो । तपाईलाई आजै दुःख दिएँ । आज म खाली छु । ...नगरकोटतिर घुम्न जाऊँ हुन्न ?'

नगरकोटको एउटा महँगो रिसोर्टको भव्य कोठामा हामीले त्यो ऐतिहासिक दिन गुजारेका थियौं । खल चुम्बनवाट थालिएको थियो र वासनाको भयावह आँधीबेहरीको वेगवान् मुस्लोमा हामी दुवै पटकपटक छताछुल्ल भइरह्यौं । शायद अप्राप्य कुरो हात परेको मनोविज्ञानले गर्दा-ऊसित गुजारेका सहवासका

एकएक पल मेरा निम्ति जीवनकै चरमानन्द र तृप्तिका उत्कर्ष क्षणहरू थिए। त्यस दिन समागम सुखको जुन चरमोत्कर्षमा बारम्बार म पुगिरहें त्यसभन्दा पहिले कुनै स्वास्नीमान्छेको शरीरबाट त्यो स्तरको सुख मलाई अनुभूत भएको थिएन। शायद मैले पनि त्यसपूर्व कुनै पनि स्वास्नीमान्छेको देहलाई परिपूर्ण र मूल्यवान् ठानेकै थिइनँ।

त्यसपछिका दिनहरुमा नगरकोट रिसोर्टमा खेलिएको उही खेल दामन, टिस्टुङ, धुलिखेल र पोखरासम्म पुगेर हामीले फेरिफेरि खेलिरह्यौँ। उसलाई जतिजति भोग्यो तृष्णा त्यतित्यति बढ्थ्यो, घट्नुको साटो। उसको शरीरसित खेलेर म अझै अघाएको थिइनँ।

**देहसुखको हिसाब-किताब**

विगत आठ-नौ महिनामा उसले पटक-पटक दुई लाख ४० हजार नगद मसित मागेर लिइसकेकी थिई। उसलाई किनिदिएका लुगाफाटा, गरगहना रिसोर्टमा भएका खर्चहरू र कार पेट्रोलको खर्चसमेत गर्दा झन्डै पौने चार, चार लाखजतिको हिसाब बन्दथ्यो। अब विस्तारै मभित्रको व्यापारी यो देहसुखको मूल्य चर्को हुँदै गएको जोड, घटाउ, गुणा, भाग गर्दै थियो। अनि मैले धेरै सोचविचार पछि निर्णय गरेको थिएँ - उसलाई बिहे गरी कान्छी बनाएर बाहिर कतै घर लिएर राख्नमै मेरो कल्याण छ। अबको भेटमा ऊसित कुराकानी गरी टुङ्गोमा पुग्ने निधो गरेपछि त्यस रात म ढुक्कसँग निदाएको थिएँ।

**एन्टी क्लाइमेक्सः माछा ! माछा !! ...!!!**

१. असोज महिनामा शुरुका दिनहरू थिए। हिन्दूहरूको महान् चाड दशैंतिहार नजिकिँदै थियो। चारैतिर त्यसको रमझम थियो। म भने आफ्नो नयाँ निर्माणाधीन चलचित्रको क्लाइमेक्स सिनहरू शुट गाराउनमै व्यस्त थिएँ। दशैअगाडि नै शुटिङ्ग प्याकअप गर्नु थियो जसरी भए पनि। त्यसैले नगरकोटको एउटा पाखोमा सेट लगाएर दिनरात शुटिङ्ग चलिरहेको थियो।

रातिको साढे १० बज्दै थियो। तर यस बेलासम्म माथि रिसोर्टबाट अर्डर गरेको खाना आइपुगेको थिएन। कलाकार, प्राविधिकहरू सबै भोकाइसकेका थिए।

म गाडी लिएर रिसोर्टमा पुग्दा रातिको ११ बज्दै थियो। रिसोर्टको भ्यानमा खाना राखेर शुटिङ्गस्थलतर्फ पठाउने तयारी भइरहेको रहेछ। खाना पठाइसकेपछि थकाइ मार्न म रिसार्टको फराकिलो रेष्टुराँ कम बारभित्र छिरेका थिएँ।

वार काउन्टरतिर जाँदै गर्दा एक कुनाको टेबुलमा उसलाई मैले देखेँ। एकाएक त्यहाँ, त्यस बेला उसलाई देख्दा मलाई विश्वास लागेन । तर ऊ नै थिई । उसको साथमा ऊभन्दा २०-२२ वर्ष जेठो अधबैंसे मान्छे बियरको चुस्की लिँदै बसिरहेको थियो ।

उसले पनि मलाई देखिसकेकी थिई र त्यहाँबाट कराई, 'बी.आर.!, तपाई यहाँ ? ह्वाट अ सरप्राइज ? यतै आउनोस् प्लिज ।'

म उनीहरूको टेबुलनिर गएर उभिएको थिएँ । ऊ र त्यो अधबैंसे दुवै मलाई स्वागत गर्न उभिएका थिए । अधबैंसेले हात मिलाउँदै आफ्नो परिचय दिएको थियो, 'म लालगोपाल पाण्डे । श्रेयाको श्रीमान्...'

मलाई एक्कासी रिङटा लागेजस्तो भएको थियो । छेउको कुर्सी तानेर म थचक्क बसेको थिएँ । मेरो ओठमुख सुकेको थियो र जिब्रो तालुमा टाँसिएको थियो । छेउमा राखिएको शीशाको जगबाट गिलासमा पानी सारेर घटघट निलेपछि मलाई केही बिसेक भएथ्यो । मेरो परिचय उसले दिएकी थिई, 'उहाँ नै हो बी.आर. ढुङ्गेल...'

'ए अँ, तपाईको बारेमा यिनीबाट धेरै सुनिसकेको छु । चलचित्र बनाउनु हुन्छ क्यार ! ...' अधबैंसे बर्बराइरहेको थियो ।

'तर उसले त तपाईको बारेमा मसित कुनै कुरा कहिल्यै गरिन...' भन्न मन लागेको त थियो । तर मेरो मुख टालिएझैँ भएको थियो ।

'फुर्सदमा आउनुहोस्, कहिले हाम्रो घरतिर पनि ।' अधबैंसे रमाईरमाई बोलिरहेको थियो ।

'हुन्छ, अब त आउनैपर्ला ।' मैले ऊतिर हेर्दै कटुतालाई पचाउने प्रयास गर्दै त्यतिमात्र भन्न सकेँ र त्यहाँबाट उठेर बारतिर हान्निएको थिएँ । म बारतिर जानलाई ढुनमुनिँदै उभिँदा ऊ मतिर हेर्दै मुस्काएकी थिई । सधैं करोड रुपियाँको लाग्ने उसको मुस्कान मलाई कौडीबराबरको पनि लागेन, त्यति बेला । साँच्चै त्यो मुस्कान कति अशुभ थियो, कति घृणित र पति !

२. त्यहीँ टुङ्गिनुपर्ने हो तर कथा त्यहाँ सकिँदैन ।

अझ दुइटा छोटाछोटा प्रकरण बाँकी छन् सुनाउनैपर्ने । शायद यस कथालाई अगाडि घिसारिरहनु नपर्ला ।

म फिल्मी मान्छे हुँ । पैसाको कुरोमा म साथीभाइ भन्दिनँ । पैसाको लागि बाउआमा, भाइबहिनी गलहत्याउन परे गलहत्याउँछु । म जस्तो मान्छे सेक्सको चक्करमा एउटी आइमाईबाट जिल्लिनुपरेको थियो । हरे ! कहाँ घाँस चर्न गएको थियो मेरो बुद्धि ?

एक साँझ आफ्नो गुमेको पैसा फिर्ता पाई पो हाल्छु कि भनी म तिनीहरूको घर खोज्दै पुगेँ । अधबैंसे मलाई ढोकामा देख्दा पहिले त अक्कमक्क पऱ्यो । पछि एकाएक मुखमुद्रामा नकच्चरोपन उकास्दै भित्रतिर हेर्दै करायो, शिरु !, यता हेर त,को आउनु भा'छ ?

ऊ बाहिर आई ! मानौं हामीमाझ सवै कुरो पहिले जस्तै भएझैँ खुशीमा छताछुल्ल हुँदै स्वागतको हाउभाउसहित उसले मलाई बैठकमा लगेर बसालेकी थिई । शरीरमा कसिएको नीलो नीरपानी घरेलु गाउनमा उसको मांसलता साँच्चिकै लोभ्याउनेखालको थियो । बैठकमा एउटी चारपाँच वर्षकी हिसी परेकी फुच्ची टिभीमा कार्टून हेर्दै थिई । उसले बैठकमा पुग्नासाथ फुच्चीलाई हकारी, 'भित्र जाऊ शीना । मलाई अङ्कलसँग कुरा गर्न देऊ ।'

'नाइ, म कार्टून हेर्छु के !' फुच्चीले ढिपी कसेकी थिई ।

त्यसपछि ऊ वाहिरतिर हेर्दै च्याठ्ठिँदै कराएकी थिई, ओ.एल.जी. ! लैजाऊ न हो यसलाई ह्याँबाट ।'

एल.जी. अर्थात् लालागोपाल पाण्डे, उसको श्रीमान् बाहिर जाने लुगा फेरेर बैठकमा आयो र मतिर हेर्दै भन्यो, आज स्टारडे, छोरीको स्कूल बिदा छ । अलि चकचके छे यो । म यल्लाई लिएर बाहिर जाँदै छु । तीन-चार घण्टापछि फर्किनेछु । तपाई र शिरु रिल्याक्स गर्दै गर्नोस् । कुनै अप्ठ्यारो मान्नुपर्देन । यसलाई आफ्नै घर ठान्नुभए हुन्छ ।'

त्यति भनेर एल.जी.. बच्चीसहित ढोकाबाट निस्क्यो र अलप भयो । उसले घरको मूल ढोका थुनिसकेर मतिर हेर्दै चञ्चल हाउभाउका साथ भनी, 'हिड्नोस् न वेडरुममै जाऊँ ।'

उसको हाउभाउ र बोली-व्यवहारले त्यस साँझ ममाथि पटक्कै असर गर्न सकेको थिएन । सोझै विषयमा प्रवेश गर्दै उसलाई मैले सोधेँ, 'म आफ्नो पैसा फिर्ता माग्न आएको । मेरो पैसा कहिलेसम्म फिर्ता गर्छ्यौ, भन ?'

कति पनि विचलित नभई उसले मतिर हेरी र खिसीको हाँसो हाँस्दै भनी, तपाईंसित मैले ऋण लिएको थिइनँ । मोजमज्जाको मोल असुलेकी थिएँ । मलाई लाग्छ-तपाई र ममाझ हिसाब बराबर भइसकेको छ ।'

मलाई थाहा छ, म अधम छु, महानीच छु । तर उसले जसरी जुन शब्दमा आफ्नो मोल असुलउपर गरेको कुरो उठाएकी थिई, म जस्तो अधमसित पनि उसलाई जवाफ फर्काउनका निम्ति एउटै शब्द जगेडा बचेको थिएन ।

त्यस साँझ पराजित पाइलाहरू घिसार्दै उसको ढोकाबाट म फर्केको थिएँ ।

३. सुदूर पश्चिम स्थायी घर भएका र विगत सात वर्षदेखि मेरो छिमेकी मित्र नरदत्त भट्ट सरकारमा धेरै वर्ष रहिसकेको एउटा पार्टीको माथिल्लो तहका कार्यकर्ता हुन् । मान्छे चल्तापुर्जा र सौखिन मिजासका छन् । नाम नरदत्त हो र नारी अर्थात् पोथीका ठूलै रसिया ।

यिनै नरदत्त भट्टले एक साँझ एउटा गार्डेनवारमा रक्सी खाइरहेको वेला कुरा निकाले, 'वावुरामजी, फिल्म त वनाउनुहुन्छ तर तपाइलाई काठमाण्डूभित्रका कस्ताकस्ता वास्तविकता थाहा छैन ।'

'कुन वास्तविकताको कुरा गर्नुभएको भट्टजी तपाइले ?' मैले जिज्ञासा पोखें ।

भट्टजीले दाहिने हातको चोर औंलाले नाकको पोरातिर सङ्केत गर्दै भने, 'मैले यसको कुरा गरेको यसको... मालको । मान्छेहरू त्यसको लागि व्याङ्कक र मकाउसम्म पुग्छन् । त्यांभन्दा कस्ताकस्ता घरानिया माल यहीं भेटिन्छन्, यै काठमाण्डूमा । तपाईलाई थाहै छैन, वावुरामजी, यै एउटा काठमाण्डूभित्र कतिकतिवटा काठमाण्डू लुकेर वसेका छन्... ।

मैले भनें, 'भट्टजी, मलाई त्यस्ता ठाउँमा जाने रुचि छैन ।'

'कस्तो कुरा गर्नुभएको तपाईले? त्यस्तो ठाउँ देख्दै देख्नुभएको छैन भने भोलि आफ्नो फिल्मा देखाउनुपर्ने भयो भने त्यस्तो ठाउँको वास्तविकता भुत्रो देखाउनुहुन्छ, तपाइले !' भट्टजीलाई रक्सी लागिसकेको थियो । उनी उभिएर आफ्नो विश्वरूप देखाउने अन्दाजमा भने, 'मलाई तपाईले चिन्नु नै भएको छैन श्रीमान् । ल हिड्नुस् तपाईंलाई म आज यस्तो ठाउँमा लैजान्छु जहाँ काठमाण्डूका वडेवडे घरका छोरावुहारीसमेत विक्न वसेका भेटिन्छन् । ...ठीक छ तपाईलाई मन नलागे रमिता हेरेर वस्नुहोला अव त हिंडिदिनोस् प्रभु !'

भट्टजीको विश्वरूपले मलाई पाखुरामा समातेर लगभग घिसार्दै लगी गाडीमा थेचारेकाले मैले नाइनास्ति गर्न सकिनँ ।

भट्टजीको पछिपछि लागेर त्यस रात जहाँ म पुगें वास्तवमै मेरो निम्ति त्यो काठमाण्डूको नौलो रूप नै थियो । फराकिलो कम्पाउण्ड भएको पुरानो पाराको आर्किटेक्टको भान दिने लगभग २०-२२ कोठाको विशाल घर प्रवेश गर्ने मूलद्वारमै सुरक्षाको कडा व्यवस्था । भट्टजी त्यहाँ आउने जाने गरिरहने चिनिएका प्रभावाशाली व्यक्ति भएकाले उनलाई देख्नेवित्तिकै गार्डहरूले स्यालुट ठोक्दै मूल गेट उघारी दिएका थिए । गाडी भित्र चौरमा पार्क गरेर हामी भव्य घरतिर लम्केका थियौं ।

घरभित्रको दुनियाँ अर्कै थियो । सजिसजाउ, झकीझकाउ, हरेक

कुनाकाप्चालाई समेत ध्यान पुऱ्याएर आकर्षक पार्ने उपक्रम गरिएको । हरेकतिर उज्यालो । जताततै सजाइएका इन्डोर प्लान्टहरू । कामविह्वलता उब्जाउने एक किसिमको लठ्याउने सुगन्धको महक त्यहाँको वातावरणमा ज्यूँदो थियो ।

निकै ठूलो बैठक कोठामा चौरतिर एन्टिक जस्ता लाग्ने सरसामानहरू, अनि एन्टिक जस्तै गद्दादार सोफा र टीटेबुलहरू । एकसेएक रूपसीहरूको जमघट नै थियो त्यहाँ सोफाहरू वरिपरि । भट्टजीले मलाई लगेर ५६-५६ पुगेकी मांसल जीउडालकी एउटी भव्य महिलासामु उभ्याए र उनीसित मलाई परिचय गराए । उनी त्यहाँकी सञ्चालिका रहिछन् । ती महिलाले शिष्ट-सभ्य पारामा त्यहाँको व्यवस्था र व्ययभारबारे मलाई सम्झाएकी थिइन् । भट्टजी त्यसैवीच एउटी परम रुपवतीलाई च्यापेर भित्रतिर गइसकेका थिए । मैले सञ्चालिकालाई आफू त्यहाँ भट्टजीको मन राखिदिनमात्र आएको कुरा गर्दा उनी रमाइलो मानेर हाँसेकी थिइन् ।

रातिको डेढ बज्दै थियो । मलाई सञ्चालिकाले व्यवस्था गरिदिएकाले वैठकमै बसेर खानेपिउने काम गर्दै थिएँ । भट्टजी भित्रबाट आइपुगे र हामी फर्कने तरखर गर्न लाग्यौं । भट्टजीले सञ्चालिकालाई कोटको खल्तीबाट झिकेर हतार हतारमा नौवटा नोट दिएको दृश्यले मलाई रोमाञ्चित तुल्याएको थियो ।

ठीक त्यति नै वेला एल.जी. पाण्डेलाई मैले देखें वैठकभित्र प्रवेश गरिरहेको । मनमनै सोचें-'यो यहाँ के गर्दै छ ? त्यति बेलासम्म उसले मलाई देखेको थिएन । ऊ सरासर सञ्चालिकाको अगाडि पुग्यो र अदवसाथ हात जोर्दै 'नमस्ते हजूर !' भन्यो सञ्चालिकाले उसलाई कुनै भाउ नदिएको प्रस्ट थियो ।

त्यति नै बेला एल.जी. पाण्डेले मलाई देख्यो, चिन्यो र हात जोर्दै फुसफुसायो, 'नमस्कार बी.आर.ज्यू !, हजूर पनि यहाँ भन्या ?'

मलाई के बोलूँ के बोलूँ भयो र भनें अनि तपाई चै ह्याँ कसरी नि ?

म त शिरुलाई लिन आको । यति बेला राति ऊ विचरी एक्लै कसरी फर्कोस् ! त्यै भएर म...' पाण्डे बर्बराइरहेको थियो, अनि म तीनछक पर्दै त्यति नै बेला भित्रवाट कुनै विदेशी खैरो छालाको पाखुरामा हात घुसारेर बैठकतिर आइरहेको श्रेयालाई हेरिरहेको थिएँ ।

रानि कारमा फर्किरहँदा भट्टजीले सोधेका थिए 'बाबुरामजी' के तपाईले कहिल्यै वेश्यागमन गर्नुभएको छैन ?'

मैले यस प्रश्नको कुनै उत्तर दिइनँ ।

आफूलाई आफैंले भनें, 'अबउसो मैले वेश्यागमन गरेको छैन भन्न तैले नपाउने भइस् बाबुराम !'

कविता

# चाहना

- डा. मृदुला शम

मेरो
एउटा मात्र चाहना छ
स्वार्थी शिल्पकारहरूको
घुइँचो नहोस्
कोही कसैको
दास नहोस्
कोही कसैको
दया-दृष्टिको पात्र नहोस्
कित्ता कित्तामा
क्षेत्रीय देउता नहोस्
जीवन मरणको दोधारमा
यमराज उभिएको नहोस्
मेरो
एउटै मात्र चाहना छ
एउटा सुन्दर, सानो र शान्त
संसार होस्
कसैमा पनि
अरूको खुट्टा तानेर
आफू मात्र बढ्ने लालसा नहोस्
हामी सबैमा भावनाको विकास होस्
सदासर्वदा
देशमा शान्ति स्थापित होस् ।

# नेपालमा 'मितेरी र चन्द्रकला'

- भद्रकुमारी घले

आज काल "एन.आर.एन." भनी संवोधन गर्छन् । हाम्रो छिमेकी राष्ट्र भारतमा यस्ता "एन.आर.एन." हरूलाई छोरी दिन पाएमा एउटा ठूलो सौभाग्य नै मान्दछन् । पहिले पहिले यस्ताहरूलाई हामी नेपालीहरूले प्रवासी, विदेशी विदेशमा वसेका, आदि भनेर सम्वोधन गर्ने गरेका थियौं । यस्ता माथिको राष्ट्रहरूले सम्वोधन गरिँदा नराम्रा पनि मान्थे । तर आजकाल "एन.आर.एन" भन्ने गरे पछि वडो शानको कुरो सम्झने र खास गरी अमेरिका, लण्डन, युरोपेली राष्ट्र, अष्ट्रेलिया, सिंगापुर, अफ्रिका चाहे कुनै राष्ट्रमा गएर बसोबास गरेका होस् । आफ्नो राष्ट्रबाट अलग राष्ट्रमा गएको परिवारलाई छोरी दिन पाउनु भाग्यमानी छोरी र सारै सौभाग्य मान्दछन् भारत वर्षमा ।

चाहे आज यस्ता परराष्ट्र प्रवासमा बस्नेहरूको जे जस्तो स्थिति भए तापनि हाम्रो राष्ट्र नेपालमा भारतीय राष्ट्रमा र भुटान, आसाम, सिक्किममा ठूलो संस्थामा हामी नेपाली भाषाभाषीले पनि बसोबास गरेका छौं । तिनै परिवारका धेरै जनाले नेपालमा आएर बसोबास गरेका मात्र छैन, आफ्नो व्यक्तित्वको छाप राष्ट्रिय स्तरमा राखेका छन् । जस्तै "श्री धरणीधर कोइराला, श्री ज्ञवालीज्यू, श्री लैन सिंहबाङ्देल, श्री अमर गुरुङ आदिको नाम लिन सक्छौं जसले नेपाल राष्ट्रमा आफ्नो व्यक्तित्वको छाप राम्रो राखेको हामी पाउँछौ ।

त्यस्तै परिवारमध्ये महिलामा श्रीमती चन्द्रकला नेवार र श्रीमती माया ठकुरीको नाम हामी साहित्य क्षेत्रमा वरिष्ठ साहित्यिकको स्थानमा लिन्छौं । हाम्रा आदरणीय श्रीमती नेवारज्यू र श्रीमती ठकुरीज्यूले आफ्नो र व्यक्तित्वको छाप राखेर ठाउँ ओगटी सक्नुभएको हामीले आज पाउँछौ । खास गरी श्रीमती चन्द्रकला नेवारले त "मितेरी नेपाल" एउटा संस्था नै खोलेर काम गरिरहेको छ। त्यस "मितेरी नेपाल" एउटा संस्थाको धेरै कार्यक्रममा सहभागी हुने सौभाग्य मैले पाएकी छु। सुरूसुरुमा जे-जस्तो भए तापनि हाल आएर श्रीमती चन्द्रकला नेवारज्यू "मितेरी नेपाल" संस्थाको अध्यक्ष वहाँले राम्रो सञ्चालन गरी कार्यक्रम

गरी सवै नेपालका नेपालीहरूसँग यस संस्थाको चिनारीका साथै प्रवासवाट आउने साहित्यिक व्यक्तित्वहरूलाइं भव्य स्वागत गरी राम्रो चिनारी गराएर स्वागत सम्मान कार्यक्रम यस "मितेरी नेपाल" वाट गरेको भेट्टाएकी छु।

"मितेरी नेपाल" वाट माथि उल्लिखित जेजति कार्यक्रम सञ्चालनको उल्लेख गरे ता नि सारा यस्ता कार्यक्रमको श्रेय चन्द्रकला नेवारले पाउनु हुन्छ। कारण "मितेरी नेपाल" को अध्यक्षको नाताले र सञ्चालकको नाताले र भव्य कार्यक्रमहरू सञ्चालन गरी सवैसँग यस "मितेरी नेपाल" संस्थाको चिनारी गराएको नाताले।

यस "मितेरी नेपाल" लाई नेपालमा जन्माउनु हुर्काउनुका साथै अस्तित्व विकास गराई चिनारी गराउनमा श्रीमती चन्द्रकला नेवारको ठूलो हात छ। जन्मँदा तिनै कहाँ भएर कार्य सञ्चालन गरेको हामीले पाएका छौं। "मितेरी नेपाल" सञ्चालनको पूर्ण श्रेय म श्रीमती चन्द्रकला नेवारलाई नै दिन्छु। चन्द्रकला नेवारजस्ता नेपालमा आएर वसोवास गर्ने व्यक्तित्वहरूको ठूलो व्यक्तित्वको विकास गरी ठूलो व्यक्ति भएको एकाध नाम माथि उल्लेख गरेकी छु। तर श्रीमती चन्द्रकला नेवारले जस्तो "मितेरी नेपाल" संस्था जस्तो रजिष्टर्ड गरी प्रवासवाट नेपाल आउनेहरूको स्वागत गर्ने गरेको "मितेरी नेपाल" संस्थाले जो कार्य गरी रहेको छ त्यसै नाताले पनि श्रीमती चन्द्रकला नेवारको नाम हामीले लिनै पर्छ।

श्रीमती चन्द्रकला नेवारले "मितेरी नेपाल" संस्था खुलाई नेपाल र मित्रराष्ट्रबाट आउने व्यक्तित्व प्रवासीहरूको चिनारी गराउनुहुन्छ। खास गरी दार्जीलिङ, आसाम, सिक्किम, क्षेत्रसँग वहाँ श्रीमती चन्द्रकलाज्यूको घनिष्टता रहेको हामी पाउछौं। श्रीमती चन्द्रकला नेवारलाई यही सानो लेखवाट शुभकामना दिन चाहन्छु श्रमिती चन्द्रकला नेवारले यस "मितेरी नेपाल" लाई फलाउन फुलाउन र हुर्काउन सक्ने शुभकामना दिन्छु।

कविता

# चाहिँदैन

- रामप्रसाद ज्ञवाली

लाली दलेको तन चाहिँदैन
उत्ताउलो यौवन चाहिँदैन
विश्वासघाती मन चाहिँदैन
आडम्बरी जीवन चाहिँदैन ।

गिट्ठा नफुल्ने वन चाहिँदैन
ढुङ्गा नफोर्ने घन चाहिँदैन
गरीब ढाल्ने धन चाहिँदैन
'अल्छी' र 'भाते' जन चाहिँदैन ।

गद्दारको लेखन चाहिँदैन
नैराश्यको चेतन चाहिँदैन
कृतघ्नको कीर्तन चाहिँदैन
किर्ते कलासिर्जन चाहिँदैन

निकृष्ट संसाधन चाहिँदैन
सम्पन्न निर्वासन चाहिँदैन
परास्त आश्वासन चाहिँदैन
विषाक्त आराधन चाहिँदैन ।

निर्लज्ज पाजीपन चाहिँदैन
सामन्त काजीपन चाहिँदैन
विलासका साधन चाहिँदैन
यो देशमा 'राजन' चाहिँदैन ।

समीक्षात्मक लेख

# साहित्यमा नारी

- पीताम्बरा उपाध्याय 'पीयूष'

समाजमा नारी र पुरुषको सम्बन्ध र स्थानको सर्वोत्कृष्ट प्रतीक हो- अर्द्धनारीस्वरको परिकल्पना । साहित्य समाजकै प्रतिबिम्ब र सर्जक पनि भएकोले त्यो परिकल्पनादेखि टाढा रहन सकेको छैन र रहँदैन पनि । विश्वका प्रायः सबै भाषाका साहित्यमा बेग्लाबेग्लै समयमा नारीको बेग्लाबेग्लै स्थिति रहे पनि नारीको स्थान भने साहित्यमा रहेकै पाइन्छ । नारीको स्थानमा प्रभाव पार्ने तत्त्व हो समाजको ढाँचा । पितृसत्तात्मक र मातृसत्तात्मक समाजमा निश्चय नै नारीको स्थिति बेग्लाबेग्लै रहेको पाइन्छ । नेपाली साहित्यमा विशेष गरेर वैदिक पौराणिक र लोक संस्कृतिको प्रभाव रहेकोले विशेष गरेर पितृसत्तात्मक समाजकै प्रभाव बढी देखिन्छ । वेद र पुराणमा वर्णित देवी चण्डिकाको वर्चस्वताको छाया भने नेपाली साहित्यमा देखा परेको पाइँदैन । माथि भनिएझैं नारीको सर्वोत्कृष्ट स्थान भनेको अर्द्धनारीस्वरको परिकल्पना नै हो । पुरुषकी शक्ति, प्रेरणा र सहगामिनी कै रूपमा नेपाली साहित्यमा नारीको चित्रण भएको छ र सो चित्रणले मर्यादा पाएको देखिन्छ । धन, विद्या र शक्तिको स्रोत एवं स्वामिनी नारीलाई माने पनि तीनै शक्तिलाई अर्थात् लक्ष्मी, सरस्वती र दुर्गालाई विष्णु, ब्रह्मा र शिवको अर्धाङ्गिनीकै रूपमा प्रतिष्ठित गराइएको पाइन्छ । एक्ली लक्ष्मी, सरस्वती वा दुर्गाको वर्चस्वताको चित्रण भने कमै भेटिन्छ । यसको मुख्य कारण पितृप्रधान समाजको मान्यता र प्रभाव नै हो भनेर निर्धक्क भन्न सकिन्छ ।

साहित्यमा नारीको उपस्थिति पात्र र स्रष्टा दुवै रूपमा हुन्छ र हुनु पर्छ । तर नेपाली साहित्यको प्रारम्भिक कालमा स्रष्टाको रूपमा नारी हस्ताक्षर भेट्नु भनेको खोज र अनुसन्धानकै विषय बन्न गएको छ । केही फाटफुट नाम भेटिएका छन् तर ती ज्यादै कम छन् । पात्रको रूपमा भने दन्त्य कथादेखि लिएर आधुनिक र उत्तरआधुनिक कालसम्म नै नारीको चित्रण प्रशस्त भएका छन् । कहीं प्रतीकको रुपमा कहीं आदर्श र मान्यताको चित्रको रूपमा, कहीं विभिन्न मनोवैज्ञानिक सिद्धान्तका चित्र प्रस्तुत गर्ने चौकसको रूपमा र कहीं समाजको भेटिने उत्तरआधुनिक कालसम्म नै नारीको चित्रण प्रशस्त भएका छन् । भेटिने जीवन्त नारीको असली रूपमा । उदाहरणका लागि दन्त्यकथाहरूमा दिनभरि पाषाण प्रतिमा बनाइने र राति बिउझाइने राजकुमारीहरू, राक्षसीहरू नारी

शोषण र क्रुरताका प्रतीकका रूपमा चित्रित भएका छन् भने नाट्यशिल्पी समज्यूका कतिपय नारीपात्रहरू मनोवैज्ञानिक सिद्धान्त प्रतिपादित गर्ने चित्रका चौकस नै प्रतीत हुन्छन्। शकुन्तला, सुलोचना, सावित्री, सीता, गंगागौरी, स्नेहशीला सुशीलाजस्ता नारी पात्रहरू नारी सौन्दर्य, नारीसम्वन्धी आदर्श मूल्य र मान्यताका प्रतीकका रूपमा चित्रित भएका छन्। वास्तविक धरातलमा आधारित जीवन्त नारीहरूको चित्रण भने नेपाली इतिहासमा निकै पछि मात्र भएको पाइन्छ। वास्तविक धरातलमा आधारित विभिन्न थरीका नारीहरूको चित्रण गर्ने पहिलो उपन्यास हो स्वर्गीय रुद्रराज पाण्डेको 'रुपमती'। त्यसपछि भवानी भिक्षु, रमेश विकल, डायमन शमसेर राणा आदि धेरै स्रष्टाहरूको नाम आउँछ। मानववादी सोचाई र यथार्थ धरातलमा रहेर नारी र अन्य पात्रहरूको चित्रण गर्नेहरूमा श्री धनुपचन्द्र गौतम, श्री भवानी घिमिरे, श्री गीता केशरी, श्री मोदनाथ प्रश्रितहरूको नाम लिन सकिन्छ। ऐतिहासिककालको परिचयका साथै मातृसत्तात्मक समाजको झझल्कांसमेत दिने रचनाकारमा ज्वलन्त नाम छ श्री मदनमणि दीक्षितको। समाजसापेक्ष नारी पात्रहरूको विशेषता एवं मनोभावनाको अत्यन्त सूक्ष्म चित्रण यहाँका माधवीलगायत विभिन्न नारी पात्रहरूमा पाइन्छ। ती सबै पात्रहरू जीवन्त र त्यस युगको प्रतिनिधित्व गरिरहेको प्रतीत हुन्छन्। श्री राजराजेश्वरी र शोधद्वारा भेटिएका केही नामबाहेक नेपाली साहित्यमा प्रवेश पाएर स्रष्टाका रूपमा प्रतिष्ठित भएका नेपाली नारी साहित्यकार नेपाली साहित्यको आधुनिककालदेखि प्रशस्त देखिन थालेका छन्। आरम्भमा भजन, गजल र गीत लेख्ने मञ्जरी देवीपछि साहित्यकारका रूपमा देखा परेकी नारी श्री गोमा हुन्। साहित्यका त्रिमूर्ति श्री लक्ष्मीप्रसाद देवकोटा, श्री बालकृष्ण सम र कविशिरोमणि लेखनाथ पौड्यालको युगदेखि श्री गोमाका रचनाहरूले 'शारदा' पत्रिकामा स्थान पाएका छन्। कविवर श्री सिद्धिचरण श्रेष्ठका रचनामा समेत हामी श्री गोमाको उल्लेख कवयित्रीको रूपमा पाउँछौं। त्यसपछि राणाशासन विरोधी आन्दोलनमा बनारसबाट प्रकाशित हुने पत्रिकाहरू युगवाणी, दिपक, छात्र सन्देश आदि पत्रिकाहरूमा र नेपालबाहिर दार्जीलिङ्ग, सिक्किम आदि स्थानबाट प्रकाशित हुने विभिन्न पत्रिकाहरूमा नारी हस्ताक्षर देखापरेका छन्। नेपाली साहित्यकी मूर्धन्य स्रष्टा श्री पारिजातका कालजयी रचनाहरूले नेपाली साहित्यमा विशिष्ट स्थान लिएको तथ्य आज पनि स्पष्ट छ। श्री प्रेमा शाह, श्री बानिरा गिरी, श्री विद्यादेवी दीक्षितले नेपाली साहित्य क्षेत्रमा उल्लेखनीय कलम चलाएपछि धेरै नै नारी हस्ताक्षर नेपाली साहित्यको क्षेत्रमा उदाउँदै गएका छन्। र, सो क्रम निरन्तर जारी छ। नारी स्रष्टाहरूको स्थापित संस्था गुञ्जनले नारी लेखनीलाई विशेष

प्रेरणा दिनका साथै नारी स्रष्टालाई समेटेर संस्थात्मक रूप दिन सफल हुँदै आएको छ । नेपाल भित्रका र वाहिर रहेका नारी स्रष्टालाई समेत गुञ्जनले समेटेर साहित्यिक गतिविधिलाई अगुवाइ गर्दै आएको छ । श्री पदमावती सिंहको अध्यक्षतामा १२ संस्थापक सदस्य रहेको प्रस्तुत संस्थामा आज स्थापित नारी हस्ताक्षरको संख्या निरन्तर बढ्दै गइरहेको छ । त्यसको अतिरिक्त यथार्थवादी नारी पात्रहरूको चित्रणद्वारा गुञ्जनमा समेटिएका नारी हस्ताक्षर श्री माया ठकुरी, श्री चन्द्रकला नेवार, श्री गीता केशरी, श्री भागिरथी श्रेष्ठ, श्री इल्या भट्टराई, श्री भद्रकुमारी घले, डा. मृदुला शर्मा, श्री हिरण्यकुमारी पाठक, डा. सुषमा शर्मा, श्री केशरी वज्राचार्य, श्री ज्ञानू पाण्डे, श्री पीताम्वरा उपाध्याय 'पीयूष', श्री भुवनेश्वरी सत्याल, श्री भुवन ढुङ्गानाले नेपाली साहित्यको क्षेत्रलाई विस्तृत तुल्याउँदै गएको निर्धक्क रूपमा उल्लेख गर्न सकिन्छ । नारी स्रष्टालाई समेट्ने अरु धेरै साहित्यिक संस्थाहरू जस्तै-नेपाली साहित्य मन्दिर नारी स्वर, नारी साहित्य प्रतिष्ठान, वनिता आदिको माध्यमवाट पनि नारी हस्ताक्षरले विस्तार पाइरहेको छ ।

साहित्य, इतिहास वा सत्यकथा होइन । यथार्थ कल्पना सूक्ष्म अनुभूति र भावनाको कलात्मक प्रस्तुति नै साहित्य हो । साहित्यमा नारीलाई पात्रको रूपमा प्रस्तुत गर्दा समाजका आदर्श वा सिद्धान्तको प्रतिपादनको प्रतीकको रूपमा सवै सर्जकले गर्न सक्छन् । तर नारीवाहेक अन्य सर्जकले कल्पना र भावनाको आधारमा पात्रको चित्रण गरी रहेका हुन्छन् भने नारी हस्ताक्षरद्वारा चित्रित नारीपात्रहरूमा यथार्थ, कल्पना, नारी मनको सूक्ष्म अनुभूति, भावनाको सही प्रस्तुति हुन्छ । दन्त्य कथामा नारी शोषणको वा नारी चरित्र वा आदर्शको चित्र निर्वल राजकुमारी राक्षसी वा वोक्सीको प्रतीकद्वारा गरेको हुन्छ भने जलेश्वरी श्रेष्ठ वा माया ठकुरीका कथाले नारीपात्रलाई समाजका जीवन्त नारीका यथार्थ भोगाइलाई त्यही परिवेशमा प्रस्तुत गरिरहेको पाइन्छ । यसले साहित्यलाई समाजको दर्पण वा मार्गदर्शक दुवैको भूमिका खेल्न सक्ने तुल्याइ दिन्छ । कल्पनामा आधारितभन्दा यथार्थसित नजिकिएको साहित्य वढी हृदयग्राही हुन्छ ।

भनाइको सारांश के हो भने अर्द्ध नारीस्वर प्रतीकले आदर्श स्थापित गर्ने सुन्दर समाजको परिकल्पनाजस्तै साहित्य जगत्मा पनि नारी हस्ताक्षरद्वारा प्रस्तुत नारीपात्रहरूले साहित्यका एकाङ्गीपना वा एकरसतालाई हटाएर सर्वाङ्ग सुन्दर परिवेश प्रस्तुत गर्ने छन् । हाल नारी हस्ताक्षरको वढ्दो क्रम र स्तरीयताले नेपाली साहित्यको आकाशमा सुन्दर र उज्यालो क्षितिज प्रतीत हुन्छ ।

साहित्यको क्षेत्रमा मात्र होइन विकासको समग्र प्रक्रियामा नारी सहभाग र सक्रिय सहभागको आवश्यकताको अनुभूति नेपाल राष्ट्रले प्रजातन्त्र स्थापना पछि नै गर्दै आएको छ। त्यसको लागि सरकारी, गैरसरकारी र दलगत संस्थाहरूबाट पनि नारी शिक्षाको प्रसार चेतनामूलक तालिम, स्वास्थ्य र सीप विकास एवं स्वावलम्बी भावनाको सुदृढीकरण आदि विभिन्न पक्षलाई समेटेर कार्यक्रमहरू सञ्चालित हुँदै आएका छन्। राष्ट्रको समावेशीकरण नीतिले यस्ता कार्यक्रमहरूलाई अझ बढी उर्जा थपिरहेको छ। महिला विकास मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रमहरू महिला पुनः स्थापना केन्द्र (ओरेक), युनिसेफ आदि संस्थाहरूबाटै महिला सशक्तीकरणका लागि विविध पक्षीय कार्यक्रमहरू सक्रियतापूर्वक सञ्चालन भइरहेका छन् र यसको प्रभाव सशक्त नारी हस्ताक्षरका माध्यमबाट साहित्य जगत्मा प्रस्तुत भइरहेको छ। हाल नारीलेखनीबाट पारिवारिक समस्या शोषणका कथा र व्यथा मात्र निःसृत भएका छैनन्। समाजको यथार्थ स्थितिको चित्रण, समाजमा देखा परेको समस्या एवं विसङ्गति, द्वन्द्वको प्रभाव आदि थुप्रै कुराको निरुपण हुँदै आएको छ। नारीको भोगाइ, अन्तर्व्यथा र अनुभूतिहरूलाई संस्थागत रूपमा समेटेर ओरेक (women Rahabitation Centre) ले नारी हस्ताक्षर बाट निःसृत साहित्यद्वारा चेलीको व्यथा र 'सयपत्री' जस्ता पत्रिकाहरूको नियमित र निरन्तर प्रकाशनद्वारा नारी लेखनीलाई प्रेरणा र प्रकाशनको अवसर प्रदान गर्दै आएको छ। अभिव्यक्ति, रत्नश्री, उन्नयन, रचना, मिर्मिरे, भानु, नारी, नारी-स्वर, मधुपर्क, गरिमा, जनमत आदि पत्रिकाहरूका माध्यमबाट पनि नारी लेखनीबाट निःसृत सशक्त रचनाहरूको प्रकाशन हुँदै आएकाले नेपाली साहित्य दिनानुदिन समृद्ध हुँदै गएको छ। आज कविता, कथा, उपन्यासको क्षेत्रमा मात्र होइन समीक्षा र समालोचना, यात्रा साहित्य, खण्डकाव्य र महाकाव्यका क्षेत्रमा पनि नारी लेखनी सक्रिय रहेको छ। अनुवादका क्षेत्रमा श्रीरामचरित मानस ग्रन्थका पद्यमा अनुवाद गरेर श्री माधुरी भट्टराईले कीर्तिमान खडा गर्नुभएको छ भने श्री गोमाले सुललित छन्द र लयमा श्री राधेश्याम रामायणको भावानुवाद गर्नु भएको छ। त्यस्तै श्री आनन्द रामायणको गद्यमा अनुवाद गरेर नेपाली साहित्यको समृद्धि श्री विजयश्री गौतमले बढाउनु भएको छ। महाकाव्यको रचयितामा श्री बुनू लामिछानेको नाम अग्रजन्य छ। स्मृतिग्रन्थ जीवनी र काव्यमा जीवनी लेखनमा पनि नारी लेखनी स्थापित भएका छन् र भइरहने छन्। यस सन्दर्भमा श्री गार्गी, श्री हिरण्यकुमारी पाठक, श्री इन्दिरा प्रसाई आदिको नाम उल्लेखनीय छन्। श्री गार्गीको 'गोमा' काव्य यस सन्दर्भमा विशेष उल्लेखनीय छ। आत्म संस्मरणहरूको सङ्कलन 'पैतालाका डोबहरू 'प्रस्तुत गरेर श्री बुनू शर्माले

नेपाली साहित्यमा विशेष स्थान प्राप्त गरेको तथ्य स्पष्ट छ।

यस प्रकार आधा आकाश ओगटेका नारी समुदायले नेपाली साहित्यका प्राय: सबै विधामा आफ्नो सशक्त कति दिएका छन् र दिँदै पनि आएका छन्। यस क्रमले निश्चित नै निरन्तरता पाउने कुरा निर्धक्क भएर व्यक्त गर्न सकिन्छ।

अन्तमा प्रस्तुत पंक्तिकारले छोटो निबन्धमा प्रस्तुत गर्न खोजेको तथ्य हो नेपाल साहित्यमा नारी केवल पात्रमा रुपमा मात्र नरहेर स्रष्टाका रुपमा समेत सक्रिय भएर नेपाली साहित्य जगत्लाई समृद्ध तुल्याउनुका साथै यसलाई पूर्णता प्रदान गर्न प्रतिवृद्ध भएर लागिरहेका छन्।

अभिव्यक्तिको चाहना प्रत्येक मानवमा नैसर्गिक रुपमा हुन्छ। यसमा लिङ्ग भेदको प्रश्न नै आउँदैन। अभिव्यक्ति कलाको विकास र प्रकाशनमा अवसर कम पाएकाले मात्र नारी हस्ताक्षर केही पछाडि परेको थिए। सो बाधा हटेमा भाव कल्पना र अनुभूतिका धनी नारीहरूका सशक्त कृतिहरुले नेपाली साहित्य जगत्लाई समृद्ध तुल्याउने मात्र होइन विश्वका कुनै पनि भाषामा रचित साहित्यको दाँजोमा पुऱ्याउने कुरामा दुईमत हुन सक्दैन। यस क्रममा "मितेरी नेपाल" पनि सदा प्रतिवद्ध रहने नै छ।

० ० ०

***Plese buy and read recently published (2066 Asar) book "YASHASWI DEVKOTA (many about Devkota 200 pages)" edited by Mohan Bahadur Kayastha Besides his "THULAHARU (about big politicians)" & "LOOK BACK IN LEISURE (English poems)."***

**- Mohan Bahadur Kayastha**

# पेरिस

- होमबहादुर क्षेत्री

एफल टावरको माथिबाट
पेरिस, तिमीलाई म
देख्न सक्छु सर्वाङ्ग
तर भेउ पाउनु सक्दिन
तिम्रो भित्र
गुम्सिरहेको त्यो इतिहास
जसका पाताहरूमा
नेपोलियन रोइरहेको थियो
कोर्सिका द्वीपमा
साधारण मानिसझैं
विश्व विजेता ।
शायद
अझै पनि
पेरिस, तिम्रो काखमा
बन्दी/विवश
र असहायहरूको छैन कमी
हिजो नै
देखेका थियौं
चर्चका सामुन्ने
कुच्चिएको बटुको लिएर
टुकुक्क बसेका
वृद्धाहरूको
रुन्चे टीम...... ।
जति नै सुन्दर परिधानमा
ब्यूटी क्वीन बनेर
सेंटहरूको मगमगती वास्ना छर्दै
रैम्पबाट
बिजुलीझैं हिंडे पनि
पेरिस...
तिमीलाई भित्रबाट
सज्जिनु बाँकी नै छ..... !

- कुवेत

कथा

# सफाया

- भागीरथी श्रेष्ठ

सागरले डरलाग्दो सपना देख्यो। सपना यस्तो किसिमको थियो- "उसको आफ्नो परिवेश वरिपरि आगो वलिरहेको, घरहरू जल्दै ढलेका, अस्तव्यस्त छरिएका लासहरू, हतियार वोकेका डरलाग्दा मानिसरूले अर्को निरीह प्राणीहरूमाथि आक्रमण गरेका वीभत्स र भयानक दृश्यहरू, आफू वच्न ऊ पहाडतिर दगुरिरहेको। नजिकैको विशाल पहाडमा उसले पुरै नेपालको नक्सा देख्यो-त्यो नक्साको शिरमा नेपाल माताले रूँहदै भन्दै थिइन्-"मेरो देश, मेरो देशका जनता मेरो काखबाट झरेर खाडलमा खसेका छन् - मैले तिनीहरूलाई आफ्नो काखमा सुरक्षित राख्न असमर्थ भएकी छु। तिमी यो स्थान जतिसक्दो चाँडै छोडेर सुरक्षित ठाउँमा जाऊँ। तिम्रो ज्यान खतरामा छ। जति सक्यो साथीहरूलाई पनि बचाऊ।

ऊ सपनाबाट झल्याँस्स व्युँझ्यो। त्यस्तो भयावह सपनाले उसको सारा शरीरभरि कम्पन छुटेर पसिनाले निथ्रुक्कै भिजेको थियो। पिपनाको स्थितिमा आउँदा पनि आफूलाई भयानक सपनाझै भएको महसुस गर्‍यो उसले।

हत्तपत्त श्रमितीलाई उठाउँदै सपनाको कुरा सबै सुनाउँदै भन्यो- "कुनै पनि क्षण हामीमाथि जे पनि हुन सक्छ। छोराछोरीले शहरमा तारकातार बोलाइ-रहेका छन्। हामी यहीं खेतीपातीको लोभले अड्किरहेका छौं यो ठाउँमा। सारा ठाँउमा आगो लागेपछि हामी पनि कसरी वच्न सक्छौ र ?

स्वास्नीको अनुहार पनि सातो पुल्तोले उड्यो। सागरले तुरुन्तै निलकण्ठ दिवाकर, केशव साथीहरूलाई फोन गर्‍यो जो आफ्नो पार्टीका प्रशिहरू जिल्ला नेताहरू थिए। उसले सपनाको सारा वेलीविस्तार लगायो। दिवाकर र केशवले सागरको कुरालाई स्वीकार निलकण्ठले सागरको कुरालाई स्वीकार गर्न सकेन। निलकण्ठले असमर्थता जनाउँदै भन्यो- "सागर ! तिम्रो त शहरमा छोराछोरी छन्-तिमी त जान सक्छौ। अर्को कुरा के भने हामीले समाज र जनताको लागि भलाइ हुने काम गरेका छौ। सशस्त्रधारीको आँखामा हामी किन पर्छौं र ? हामीले त आजसम्म राष्ट्र र जनताको सेवाको कामवाहेक अरू अपराध त गरेका छैनौ।"

सागरको जोडले दिँदै भन्यो- "यही नै हाम्रो अपराध भयो। उनीहरूको नीति छ रे जिल्लाका इतरका प्रभावशाली नेताहरूको सफाया गर्ने आन्दोलन।

के हामी त्यसमा पर्न सक्दैनौं र ? जीवन रहे सबै छन्- जीवनै नरहे के अर्थ भयो र ? सवभन्दा मुख्य कुरा पहिले हामी वाँच्नुपर्छ ।"

निलकण्ठले सागरको कुरा हल्का रूपले लिँदै भन्यो "उनीहरूले हामीलाई केही कारवाही गर्नै छैन । मलाई विश्वास छ । फेरि म पक्षाघातले ओछ्यान परेको वुवा, दमकी रोगी आमालाई कसरी छोडेर जाऊँ ? कसले स्याहार्छ वुवाआमालाई ? मेरो लागि त घर छोडेर जानु असम्भवै छ ।"

निलकण्ठले नमानेपछि सागर विहानै आवश्यक सामानहरू लिई श्रीमतीलाई लिएर शहरतिर लागे ।

× × ×

रातिको आठ बजेतिर टिभि हेर्दैछन् परिवारका सदस्यहरू । निलकण्ठले वुवालाई खाना खुवाएर सोफामा वस्दै न्यूज हेर्ने तरखर गर्दैछ-सशस्त्र धारीका आक्रमणले क्षतविक्षत भएका गाउँहरू- गाउँलेहरू, युवा जवानहरू, सुरक्षाकर्मीहरू जलेर खरानी भएका खण्डहरु भएका घरहरू, यी सवै हृदय विदारक दृश्यहरू देखेर पहिले सबैका आँखा रसाउँथे, मुटुहरू भक्का निन्थे आज तिनै मार्मिक दृश्यहरूले कसैको संवेदना दुःख्दैन, कसैका आँखाहरू रसाउँदैनन् । मात्र खबर सुन्न यस्त छन् मनहरू- यति जान्न इच्छुक छन् कि आज सशस्त्रधारीहरूले कहाँ आक्रमण गरे-कति जवानहरू सहिद भए कति कहाँ वेपत्ता भए- कति अपाङ्गहरू भए । खबरहरूमा मात्र सीमित छन् मन र आँखाहरू । उसले सुन्छ-तल आँगनमा केही हलचल भइरहेछ, सोच्छ-काम गर्ने नोकर र हरुवाचरुवाहरू होलान् । विस्तारै भऱ्याङमा गऱ्याप-गऱ्याप गर्दै डरलाग्दो आवाजका साथ माथि आएको आवाजले उसको मन शरीर सिरिङ्ग हुन्छ । एकछिनमा मंगोलियन अनुहारका दुई मोटी वन्दुकधारी युवती र एउटा क्याप लगाएको जण्ड जस्तो लाग्ने युवक बैठक कोठामा पस्छन् । आमा, श्रीमती, छोराछोरीहरू डरले कालानिला हुन्छन् । लाग्छ ती यमदूतहरू दलबलसहित कोठामा प्रवेश गरेका छन् । कोठामा डर र सन्त्रासको सन्नाटा व्याप्त हुन्छ । निलकण्ठको शरीरमा कम्पन्न हुन्छ- हात खुट्टाहरू लुला हुन्छन् । तीनै जनाका आँखाहरू आगाका गोलाजस्तै लाग्छन् निलकण्ठलाई । तिनीहरू पृथ्वीलोकबाट होइन अन्य कुनै लोकबाट आएका आक्रमण-कारी मानव जस्तै लाग्छन् । भयले कसैले पनि तिनीहरूसँग आँखा जुधाउन सक्तैनन् । स्तब्ध छन् सबै जना-मानौ. आँधीले सबै त्यसैमा समाहित हुन लागेका छन्- यतिखेर सबैका भयातुर र दुर्वल भएका छन्-आफ्नै अगाडि उभिएको सम्भावित यमदूतसँग पौठेजोरी गर्ने साहस पानी-पानी भएको छ । श्रीमती रुन थाल्छे, आमा अत्तालिँदै स्वाँ... स्वाँ... गर्न थाल्छे, बच्चाहरू आमाको काखमा लुक्छन् ।

"तपाई नै हो निलकण्ठ शर्मा ?" एउटी युवतीको चर्को स्वरले सबैको मन थर्कन्छ ।

"डरले थर्कमान भएको स्वर निस्कन्छ निलकण्ठको"

"हो, के कामले पाल्नु भयो यहाँ ? के सेवा गर्नु पर्‍यो मैले ?"

नम्रताको सिमा नाध्दै सोध्छ निलकण्ठले "तपाईसंग सेवालिन होइन-केही कुरा गर्न आएका हौं -तल हिँड्नुस्", एउटी मोठी युवती भन्छे अलि कडा स्वरमा ।

"यही भन्नुस् न । तपाईहरुलाई के चाहिन्छ सबै दिन तयार छु ।" साहस गरेर भन्छ निलकण्ठ ।

"तलै हिँड्नुस् । तलै मागौंला ।" अर्कीले अझ कठोर आवाज निकाल्छे ।

क्याप लगाएको युवकले च्याप्प निलकण्ठको दुवै पाखुरा बलियोसंग समातेर सोफाबाट उठाएर तल लैजान खोज्छ । बुढी आमा रूँदै छोराको हात समात्दै आफूतिर तान्दै भन्छे-मेरो छोरालाई कहाँ लैजान लागेको वरू मलाई नै लैजाऊ ।"

"नकरा बुढी चुपचाप कोठामा बस" बन्दुकको कुण्डाले बुढी आमाको टाउकोमा हिर्काउँदै ती युवतीले कोठामा धकेल्छे । श्रीमती ती युवतीहरूको खुट्टा समातेर विलाप गर्दै भन्छे-"श्रीमान्ले केही गल्ती गर्नु भएको छैन । उहाँलाई केही नगर्नुस् । बरू मलाई नै लैजानुस् मलाई सजाय दिनुस् उहाँको सट्टामा ।

उसलाई पनि अर्की युवतीले बन्दुकको कुण्डाले हान्दै कोठामा धकेलेर बाहिरबाट चुकुल लगाउँदै खवरदारी गर्दै भन्छे-"हल्ला गरिस् भने एक एकलाई उडाइदिन्छौ । देखेका छैनौ हाम्रो शक्ति ?"

अर्को कोठामा पक्षघातले उठ्न नसकेका निलकण्ठको बुबाको करुण क्रन्दन गुन्जन्छ "बाबु ! को आएका हुन् त्यहाँ ? किन खलबल गरेको ?"

बुढो बाबु सुतेको कोठा पनि बाहिरबाट चुकुल लगाइदिन्छे र निलकण्ठलाई लतार्दै र हपार्दै तल आँगनमा लैजान्छन् उनीहरुले । अब पुरै वातावरण मृत्युमय हुन थाल्छ-जताततै मृत्युको गन्ध व्हास-व्हास आउँछ उसलाई ।

अघिसम्म आँगनमा काम गर्ने नोकर र हरुवा चरुवाहरुको नाम निशाना हुँदैन । त्यो अँध्यारो चकमन्न आँगन पुरै निलकण्ठलाई आफै मृत्युको आँगन लाग्छ । त्यो जण्ड युवकले भिरेको खुकुरी र ती दुई लडाकु युवतीहरुले भिरेको तिनीहरुले बालेको लाइटमा प्रष्ट देख्छन् निलकण्ठले । उसलाई आफ्नै जीवनको अन्त महसुश हुन्छ । शुद्धी बुद्धी सबै हराउँछ उसको ।

सम्भावित मृत्युको ताण्डव नृत्यले असन्तुलित भएको मनस्थिति सम्हाल्दै

निलकण्ठले विस्तारै अनुरोध गर्छ- “म एउटै छोरा हुँ। मेरा अशक्त बुवा आमाहरु देखिहाल्नु भयो। तपाईहरुले जे माग्नु हुन्छ म दिन तयार छु। मेरो ज्यान नलिनुस्” “मेरा नावालक छोराछोरी छन्-मेरो बिन्ती छ। मैले देश र जनताको सकेसम्म सेवा गरेको छु- कुनै अपराध, शोषण र अन्याय गरेको छैन। मेरो बृद्ध वुवा आमा, छोराछोरी र श्रीमतीको लागि पनि जीवन नलिनुस्।”

“हामीलाई थाहा छ-तपाईको केही गल्ती छैन। तर तपाई यो जिल्लाको प्रभावशाली नेता हुनुहुन्छ। तिनै नेताहरुको सफाया आन्दोलनमा तपाईको नाम पनि हाम्रो हिट लिष्टमा परेकोले तपाईलाई कारवाही गर्न लागेका हौं। यो हाम्रो राजनीतिक नीति हो। तपाईको पुकार र अनुरोधको हाम्रो लागि कुनै अर्थ छैन। हामी हाम्रो नीतिमा दृढछौ।

तिनीहरुले बोकेका हतियारहरू आ-आफ्नो स्थानबाट उठ्न सल्बलाउन थाल्छन्। निलकण्ठको पुकार मृत्युको मुखले निलिदिन्छ।

त्यो सुनसान भयाबह आँगनमा खुकुरीको धार टिलिक्क टल्केर उफ्रन्छ। निलकण्ठ माथि जाइ लाग्छ।

“सफाया” आन्दोलनको हिटलिष्टमा परेको एउटा प्रभावकारी रुख आफ्नै आँगनमा ड्याङ्ग ढल्छ।

माथि कोठामा रुवावासी चल्छ।

तिनीहरू काम फत्ते गरेर पूर्वतिर लाग्छन्।


## सुशीला देउजाका कृतिहरू :-

१. प्रयासको पहिलो खुड्किलो (कथासङ्ग्रह)
२. नयाँ बिहानी (कवितासङ्ग्रह)
३. पर्दा भित्रको यथार्थ र काबुल यात्रा (कथासङ्ग्रह र यात्रा संस्मरण)
४. दोभान (लघुकथा र कवितासङ्ग्रह)

पुस्तक पाइने ठेगाना :-
साझा प्रकाशन
फोन नं.:- ४४७६७८६

# एक दिन एक्लै हुँदा

- नवराज कार्की

चराले झैं चुच्चोमा चारा ल्याएर
हुर्काएमा नानीहरू
जब एक दिन
चराझैं भुर्र उडेर जान्छन्
यो मनमा एकचोटि
एउटा खुशी र एउटा दु:ख बस्छ
खुशी आँखाबाट खस्छ
दु:ख मुटुभित्र पस्छ
रित्तो गुँड हेरेर
भारी मन दुख्न थाल्छ चस्स-चस्स
भन्छन्-माया त पानीझैं ओरालो बग्छ
चराझैं माथि-माथि उड्नू
र आकाश छुनू
मैले मनेकै हो
चराझैं सधैं खुशी हुनू
र गाउँदै हिड्नू
मैले भनेकै हो
अर्काको गाँस नखोस्नू
आफै कमाएर खानू
अर्काको बास नताक्नू
आफै बनाएर बस्नू
मैले भनेकै हो
मैले भनेझैं गर्दैछन् मेरा नानीहरू
तर किन-किन मलाई भने
यो खुशी त्यति सहज लाग्दैन
सबै चीज पाएर पनि

'देश' गुमाएका छन् उनीहरूले
'देश' पाएर पनि
माया गुमाएको छु मैले
सधैँ पखेटाले छोपेर
राख्नु हुँदैन बचेराहरूलाई
यो पाठ पनि मैले
तिनै चराहरूबाट सिकेको हुँ
उन्मुक्त आकाशमा पखेटा फट्फटाउँदै
सुमधुर गीत गाउँदै
आफ्ना बचेराहरू उडेको हेर्न पनि
मैले तिनै चराहरूबाट सिकेको हुँ
मैले जे सिकेँ
त्यै सिकाएको छु
आफ्नै पाखुरामा विश्वास
आफ्नै पसिनाको मिठास
प्रेमको प्यास
कर्तव्यको अभ्यास
सबै-सबै सिकाएको छु
अब तिमीहरू
आकाशजस्तै सीमामुक्त हुनू
अब तिमीहरू
चराजस्तै निश्चिन्त हुनू
तर कहिल्यै यो धरातल नबिर्सनू
मेरा प्यारा नानीहरु
मैले जे गर्न सकिन
अब त्यो सबै
तिमीहरूले गरेर देखाउनू ।

**लाजिम्पाट, काठमाडौं**

# महाकवि लक्ष्मीप्रसाद देवकोटामा शब्द श्रद्धाञ्जली

- मुक्तिनाथ शर्मा

नेपालका गौरवशाली राष्ट्रिय विभूति लक्ष्मीप्रसाद देवकोटाको यो वर्ष शतवार्षिकी परेको छ । त्यसैले अहिले नेपालभरि नै देवकोटाप्रति श्रद्धाञ्जली समर्पण गर्ने जस्ता कार्यहरू हुँदैछन् । यसको खास कारण के भने नेपालीहरू देवकोटालाई ठूलो श्रद्धाले हेर्ने गर्दछन् । देवकोटा वास्तवमा नेपाल र नेपालीका लागि ठूलो प्रेरणाका स्रोत बनेका हुन् । उनको साहित्यिक बहुआयामिक व्यक्तित्व-द्वारा नेपाली साहित्यले आफ्नो विकासको मूल बाटो अवलम्बन गरेको हो र अहिले यो कार्य द्रूततर गतिमा अगाडि बढ्दैछ भन्न सकिन्छ । साहित्यको विकास भनेको वास्तवमा राजनैतिक, सामाजिक तथा आर्थिक विकास हो । किनभने यहीँबाट सुरु हुन्छ देशको सर्वाङ्गीण विकासको क्रम । त्यसैले साहित्यका शिखर पुरुषलाई मान्ने गर्दछ समाज । लक्ष्मीप्रसाद देवकोटा साहित्यिक कर्मीहरूका गुरु नै हुन् भने हुन्छ । त्यसैले देवकोटाप्रति सद्भाव राख्ने नेपालीहरू यो वर्ष देवकोटाप्रति श्रदाञ्जली अर्पण गर्ने कार्यमा जुटेका हुन् किनभने महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्त्तिकमा पर्ने लक्ष्मीपूजाका दिन भएको हो ।

२०६५ लक्ष्मीपूजाबाट २०६६ लक्ष्मीपूजासम्मलाई महाकवि लक्ष्मीप्रसाद शतवार्षिकी वर्ष मानिएको छ । तसर्थ महाकवि देवकोटाको यो शतवार्षिकी मुलुकभरि नै विशेष कार्यक्रमका साथ मनाउने कार्यक्रम छ । निजी क्षेत्रबाट विशेष कार्यक्रमका साथ मनाइँदैछ देवकोटा-जयन्ती भने नेपाल सरकारले पनि यो कार्यका लागि केही रकम प्रदान गरी सहभागिता जनाएको देखिन आएको छ । यो काममा खासगरी नेपाली साहित्यकारहरू जुटेका छन् । यो खुसीको कुरा हो किनभने यस्ता कार्यक्रम जति बढी हुन्छन् त्यति नयाँ-नयाँ कुराहरू निस्कन सक्छन् । सम्बन्धित विषयमा खोज अनुसन्धान हुन सक्छ ।

हामीलाई थाहा छ आदिकवि भानुभक्त आचार्यले नेपाली भाषामा लेख्न सुरु गरेर नेपालीहरूमा ठूलो गुन लगाएका हुन् । त्यसमा पनि लोकको हित गर्ने उद्देश्यले लेखिएको रामायणबाट नेपाली साहित्यको सुरु गरेका हुँदा उनी पुज्य

भए । उनकै मार्गमा आएका लक्ष्मीप्रसाद देवकोटाले पनि जनहितकारी साहित्य सिर्जना गरेको हुँदा समाजमा उनको मान-मर्यादा बढेको हो । अहिले नेपालीहरू हार्दिक श्रद्धाका साथ हेर्ने सम्झने गर्दछन् देवकोटालाई । नेपाली साहित्यकारहरू त अझ बढी मात्रामा मान्छन् महाकविलाई । त्यसकारण यो वर्ष सिंगो मुलुकका निमित्त महत्त्वपूर्ण वर्ष बन्न गएको हो ।

साहित्य वास्तवमा अति भव्य विषय हो । यहाँ कल्पना मन मुक्त रूपमा उड्न सक्छ । त्यसमा पनि समाज पढेर त्यहाँको रीतिथिति बुझेर समाजलाई सही सुझाव वा निर्देश दिन सक्ने साहित्यकार समाजमा पुज्य हुन्छ । ऊ जति-जति मानसम्मान पाउँछ उति-उति समाज हितका कुरा सोच्न थाल्दछ । हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि त्यस्तै कवि हुन् । त्यसैले त उनले लेखे "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन" नेपाल जस्तो जातजाति जनजाती छुत अछुत जस्ता अशोभनीय संस्कृति पालेको रूढीग्रस्त समाजमा हाम्रा महाकविले यस्तो उद्‌गार व्यक्त गर्नु कम महत्त्वपूर्ण विषय होइन । त्यसै गरी उहाँले प्रश्न गर्नु भएको छ "के हो ठूलो जगतमा ? यो प्रश्नको उत्तर उहाँले आफै दिनु भएको छ "पसिना विवेक" त्यस्तै अर्को प्रश्न छ "उद्देश्य के लिनु ?" उत्तर हाजिर छ "उडी छुनु चन्द्र एक ।"

महाकवि लक्ष्मीप्रसाद देवकोटा उच्च स्तरका आँशु कवि हुन् । महान चिन्तक हुन् र जनताका कवि हुन् । अनि प्रगतिशील कवि हुन् । भनिन्छ, उनले डेढ घण्टामा "आँशु" खण्डकाव्य लेखेका हुन् । एक रातमा "कुञ्जिनी" खण्डकाव्य, दश दिनमा "सुलोचना" महाकाव्य र तीन महिनामा "शाकुन्तल" महाकाव्य लेखेका छन् । यसरी नेपाली साहित्यका क्षेत्रमा उच्चस्तरका नक्षत्र समान भएका हुँदा उनले धेरै-धेरै र अति धेरै लेखेर गएका छन् भन्ने अनुमान छ । उनका रचना पुस्तकाकारमा आएका छन् । तर सबै आएका भन्न सकिने अवस्था छैन । छरिएर लुकेर रहेका अनगिन्ति रचना हुन सक्छन् भन्न सकिने अवस्था छ । त्यस विषयमा अनुसन्धान हुने छ भन्न सकिन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा कवि वा महाकवि मात्र होइनन् । महान् राजनेता पनि हुन् भन्ने मान्यता पनि यहाँ छ । यसलाई पुष्टि गर्ने विषय पनि छन् र खास प्रमाण दिनपर्दा दिन सकिन्छ देवकोटाजी नेपाल सरकारका शिक्षामन्त्री पनि भएका छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाल सरकारको शिक्षामन्त्री हुँदा यो लेखक पश्चिम नेपालको लमजुङ दुराडाँडामा अवस्थित सर्वोदय हाईस्कूलको एउटा छात्र थियो । जनस्तरबाट सञ्चालित थियो सर्वोदय हाईस्कूल । त्यसको

स्वीकृति थिएन सरकारी स्तरबाट। सो स्वीकृति गराउन विद्यार्थी नेता बनेर यो लेखक शिक्षा मन्त्रीज्यू कहाँ पुगेको थियो। प्रतिनिधि मण्डल शिक्षामन्त्रीज्यू कहाँ पुगेपछि प्रेमपूर्वक कुराकानी गर्नुभयो मन्त्री लक्ष्मीप्रसाद देवकोटाले यस्ता महान् व्यक्तित्वका अगाडि गाउँमा जन्मे हुर्केर सात आठ कक्षामा पढ्दै गरेका फुच्चे विद्यार्थीहरूले उहाँमा कसरी प्रभाव पारे त्यो अहिले अन्दाज गर्दा असम्भव जस्तो लाग्न सक्छ तर पनि सम्भव भएको थियो। विद्यार्थी प्रतिनिधि मण्डल एउटा आशा लाग्दो आश्वासन पत्र लिएर फर्केको थियो। त्यति बेलाका कुराकानी अहिले सम्झन मन लाग्छ। महाकविले हामीसँग कुराकानी गर्दा सारै रमाइलो पाराले गर्नु भएको थियो। फकाइफकाइ हाम्रा कुरा बुझिसकेपछि शिक्षा सचिवलाई बोलाई एउटा आश्वासन पत्र दिलाउनु भएको थियो। म अहिले सम्झन्छु यो उहाँको महानता थियो। शासक कस्ता हुनुपर्दछ भन्ने एउटा उदाहरण थियो।

महाकवि लक्ष्मीप्रसाद देवकोटा कवि वा महाकवि मात्र होइनन्, एउटा महान् राजनीतिज्ञ पनि हुन् भन्ने मान्यता रहेको छ। यसका धेरै प्रमाणहरू छन्। खास प्रमाण दिन पर्दा ऊ नेपालका शिक्षामन्त्री पनि बनेका हुन् भनिदिए पुग्छ। २००७ सालको राणा विरोधी आन्दोलनमा पनि देवकोटाजीको संलग्नता थियो भन्न सकिन्छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका विषयमा चिन्तनमनन गर्दा कताकति एउटा प्रश्न आएर अगाडि उभिने गर्दछ। त्यो के भने लक्ष्मीप्रसाद देवकोटा कहिले महाकवि भए। महाकाव्य लेख्दैमा महाकवि होइन्छ अथवा त्यसका विशेष प्रकृया छन्? छन् भने के-के हुन्? र ती प्रकृया पूरा गरिएको हो होइन? अहिले नेपाली साहित्य जगत्मा महाकाव्य लेख्ने महाकाव्यकार निक्कै भइसकेका छन्। तिनीहरूलाई हामी महाकाव्यकार भनौंला तर महाकवि भन्न हिचकिचाउछौं। यस विषयबाट के सिद्ध हुन्छ भने महाकवि देवकोटा नेपाली समाजमा यस्ता लोकप्रिय थिए जसलाई सिंगो समाज माया गर्थ्यो सम्मान गर्दथ्यो। तसर्थ देवकोटा त महाकवि भए भए। वर्तमान समाजले भने गम्भीर हुनै पर्दछ। यसको खास प्रकृया के हो? अहिलेको देवकोटा शतवार्षिकीका अवसरमा यो कुरामा पनि चर्चा गरेर टुङ्गो लगाउने कि?

कुनै पनि कवि वा महाकवि समाजका निमित्त लेख्ने गर्दछन्। अत: उसका रचना वा पुस्तक समाजमा व्यापक रूपमा पाँजिनु पर्दछ। त्यसो भयो भने मात्र लेखक वा चिन्तकका रचना समाजमा कामयावी हुन पाउंछन्। तर हामी कहाँ त्यस्तो छैन। कवि महाकवि वा साहित्यकारका सृष्टि कति त्यसै हराउंछन् कतिले प्रकाशित हुने अवसर पाउंछन्। प्रकाशित कृति पनि आम पाठकसम्म पुग्न

पाउँदैनन् । यस्तो भएपछि कसरी देशवासी लाभान्वित हुने वा शिक्षित हुने ? महाकवि लक्ष्मीप्रसाद देवकोटाकै कृति पनि कति-कति नेपालीले पढ्न पाएका होलान् ? यस विषयमा पनि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकीका अवसरमा सोच्न पर्ने भएको हो । अन्यथा साधारण रूपमा श्रद्धाञ्जली अर्पणले मात्र त्यति काम गर्दैन ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी मनाउने कार्यक्रमका साथ साथै एउटा यस्तो अभियान चलाउन पनि मनासिब हुने देखिन्छ । त्यो के भने देशका सबै जिल्लामा कम्तिमा एउटा पुस्तकालय खोल्न पुगोस् मुलुक । त्यहाँ एउटा वाचनालय पनि रहेको होस् । मुलुकमा प्रकाशित पुस्तकहरू ती पुस्तकालयमा पुग्न सकून् । यसो गर्नका लागि राजधानीमा एउटा पुस्तक आपूर्ति केन्द्रको स्थापना होओस् । कुनै पनि नयाँ पुस्तक प्रकाशन गर्ने लेखक वा प्रकाशकबाट पुस्तक खरिद गर्ने व्यवस्था गरियोस् । यसबाट एकातिर लेखक प्रकाशकले राहत पाउँछन् भने अर्कोतिर पुस्तक जिल्ला जिल्लामा पुग्न सक्छन् । पाठकले पढ्न पाउँछन् । त्यसको परिणाम सकारात्मक हुन्छ । यहाँ एकातिर लेखक प्रकाशक बढ्छन् अर्कोतिर पाठक बढ्छन् र देशमा शिक्षाको जग बलियो हुन्छ ।

यहाँ एउटा सरकारी प्रज्ञा-प्रतिष्ठान छ । अहिले त्यसलाई थियो भन्न पर्ने अवस्था छ अर्थात् प्रभावकारी हुन सकेको छैन । यसरी हुँदैन । अब निजी स्तरबाट एउटा प्रज्ञा-प्रतिष्ठानको गठन हुनपर्ने अवस्था आएको छ । लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकीका अवसरमा शब्द श्रद्धाञ्जली समर्पण गर्दै यसतर्फ पनि सोच्न पाए हुन्थ्यो ।

अस्तु ।

# गोरखा - एक वृत्तचित्र

- मणिराज सिंह

एउटा इतिहास
एउटा आस्था
र एउटा महत्वाकाङ्क्षा बोकेर
थाप्लोमा, बाँस र कपासको डामहरू सुम्सुम्याउँदै
गाँस, बाँस र कपासको जोहो गर्दै
चाहनाको बिनियममा अल्मलिएर
काठमाडौंसँग ईर्ष्या गर्छ - गोरखा ।

आफैमा लर्बरिएर
कहिले गाली गर्छ
कहिले माया गर्छ
श्रद्धा पनि गर्छ
र आफ्नै सीमित साधनमा मुर्मुरिएर पनि
सडक छेउमा उभिएको सुन्दरीझैं
मुस्कुराउँदै मस्किन्छ
र राम शाहको चौतारीमा उभिएर
न्याय निसाफको वखान गर्छ
शिरमाथि दरबारभरि पोखिन्छ
पृथ्वीको वीरताको उद्घोष गर्छ
र फेरि गोरखकाली सामू झुत्काएर आफ्नै पौरख
आशिर्वादको याचना गर्छ - गोरखा ।

वैशाखको उखर्मौलो गर्मीमा
चाँदीको घेराझैं लमतन्न पसारिएको
हिमालका गल्छेडाहरूवाट रसाउँदै उम्रेको
दरौंदीको शीतल पानीमा डुवुल्की मार्दै गरेकी
एउटी युवती हो - गोरखा ।

मध्यान्हको पद्यार लाग्दो बेला
बस पार्कसँगैको बडेमानको रूखमुनि
काँडा भएको काँक्री र झप्रे केरा बेच्दै गरेकी
नखमौली युवती हो - गोरखा ।

आस्थाले सिंगारिएका गुलाबी ओठहरूमा
छर्पष्ट मुस्कान छरेर
सपनाको देउरालीमा अलमस्त उभिरहेकी
सुन्दर, शान्त र सुकुमारी
वीराङ्गना हुन् - गोरखा ।

(साहित्य संगम गोरखा र ज्योति साहित्य प्रतिष्ठान काठमाडौद्वारा ०६६।१।१८ र १९ गते आयोजित गोरखा कवितायात्राको क्रममा रचित)

ο ο ο

---

# गजल

-गीता "अनुरागी"

समाएर सपनीमा तिम्रो हातमा रोएँ आज
ब्यूझिएर फेरि यो मध्य रातमा रोएँ आज

पढाएका तिम्ले पत्र उपहार हेर्दै थिएँ
अनायासै छामेका ती खातमा रोएँ आज

सुनसान रात केवल तिमी सम्झिएर
तिम्रो तस्वीरको केवल साथमा रोएँ आज

पीडा भयो अनायासै खप्न कठिन भो
बोतल खोली दिएको त्यो मातमा रोएँ आज

जसले जे भन्दो रैछ मौका पाएपछि
दुनियाले लगाएका बातमा रोएँ आज ।

# सपनाको गीत

- मित्रलाल पंज्ञानी

हृदय मैदानमा गंगा देखें मैले
सपनामा यौटा यस्तो गीत लेखें मैले
कुलो बनी बग्दै-बग्दै जग्गातिर गयो
हेर्दाहेर्दै हरियाली चमत्कारै भयो

मै भित्र नि जागिहाल्यो भावनाको बाली
दृश्यलाई राखें मैले शब्दभित्र हाली
चेत खुल्ने शब्द शैली लठ्ठ पार्ने लय
सुन्दाखेरि संसार नै लाग्थ्यो स्वर्गमय

ब्यूँझेपछि गराउन खोजें त्यही गीत फेरि
दुःख लाग्यो एउटै शब्द नसम्झँदाखेरि
लेख्न बस्छु कैले-कैले प्यासीजस्तो बनी
बिर्सिएका तिनै शब्द सम्झन्छु कि भनी ।

# गीत

- उन्नती बोहरा 'शीला'

वारि मेरो छुटिसक्यो, पारि पुग्या छैन ।
आज मेरो बितिसक्यो, भोलि देख्या छैन, ।
पारि पुग्या छैन हो भोलि देख्या छैन

न्याउली बास्दा विरह छाउँछ खोजेर उसैलाई
कोइली बोल्दा यो मन रुन्छ सम्भेर उसैलाई
आकाश हेर्छु धरती घुम्छु पाउँदिन उसैलाई वरि लै लै ।
वारि मेरो.......................................... ।

ढाकेर डाँडा गुराँस फूल्दा बल्भियो सम्भना ।
सुसाउँदा सल्लाघारी छातीमा भक्काना ।
कर्म मेरो दु:खीया रैछ आँसु यो दु:खीलाई वरि लै लै ।
वारि मेरो ..........................................

० ० ०

# दुई मुक्तक

-यादव भट्टराई

एक-

*भोलि के हुने हो आजै भेटेसम्म लपेट्दैछन्*
*हिजो आज मन्छेहरू मान्छेलाई लखेट्दैछन्*
*स्वार्थनिम्ति समाजमा आगो झोस्न खोज्नेहरू*
*आफ्नो ठाउँ जोगाउन भित्ता पनि घचेट्दैछन् ।*

दुई -

*लुटपाट, अराजकता शान्त कल्ले वनाउँछ ?*
*सरि'रने साँधकिल्ला ठाउँमा कल्ले पुऱ्याउँछ ?*
*जाति, भाषा, धर्म अरू नमिलेका कति के छन् -*
*धरापको राष्ट्रियता भन कल्ले वचाउँछ ?*

भैरहवा (हाल:काठमाडौं)

o o o


के तपाईको फोन छैन ?
एस.टी.डि./आई.एस.डी. छैन
चिन्ता नलिनुहोस् तपाईका
लागि
**EASY CALL**
**ANY PHONE ANY WHERE**
**1650**
रू. २००।-, रू. ५००।- र रू. १०००।- का
प्रिपेड कलिङ्ग कार्डहरू प्रयोग गर्नुहोस् ।
नेपाल टेलिकम

घर खान बस्न सबै राम्रो बन्दोबस्त थियो । छुट्टिने बेलामा ससुराले भन्नुभयो- "राम्रो घर खोजी दिएको छु । ल है ज्वाइँ रिझाएर खुसी पारी फाइदा लिने काम अब तपाईंको । परेको बेला जस्तै काम गर्न पनि पछि नपर्नु होला ।"

आफ्नो बुताले भ्याएसम्म इमान्दारीपूर्वक काम गर्दै गएँ । मैले रिझाउन सकेर नै होला मेरो इच्छाअनुरूप छोराछोरीलाई राम्रो इङ्लिस स्कूलमा हाली दिनुभयो । जतिजति छोराछोरीले शिक्षा आर्जन गर्दै जान्थे उतिउति आफ्नो दमित इच्छा चाहना पूरा हुँदै गएको महसुस भई मन साह्रै आल्हादित हुन्थ्यो । खान लाउन दुःख थिएन । सबभन्दा ठूलो कुरा छोराछोरीले राम्रो स्कूलमा पढ्न पाएका थिए । गाउँको जस्तो गाह्रो काम पनि थिएन । यो भन्दा अरू के चाहियो । गाउँमा वरपरका सबै हाम्रा कुरा गर्दै लोभिन्छन् रे । बेलैमा बुद्धि पुऱ्यो । छोराछोरीको भविष्य उज्ज्वल बनायो भनी सराहना गर्छन् रे । हाम्रै जस्तो घर पाए आफूहरू पनि शहर पस्नु हुन्थ्यो भन्ने चाहना राख्छन् रे ।

कामको नाममा छोराछोरीलाई एउटा सिन्को पनि भाँच्न लगाउँन्नथे । केवल पढाइमा मात्र ध्यान लगाउन दवाव दिन्थेँ । नियमित स्कूल गई शिक्षा आर्जन गर्ने आफ्नो अपूरो रहर उनीहरूबाट पूरा भएको हेर्न चाहन्थेँ । मेरो भित्री चाहनाअनुरूप दुवै पढाइमा तेज निक्लिए । उनीहरूको प्रगतिपथमा कुनै बाधा अवरोध नआओस् भनी हरदम सतर्क रहन्थेँ । एक जिम्मेवार बुबाले गर्न सक्ने कर्तव्य बहन गरेँ । म आफ्नो मेहनत र परिणामप्रति सन्तुष्ट थिएँ । मेरो सोच चाहना र औकातअनुरूप जीवन अघि बढ्दै थियो । मलाई जीवनप्रति कुनै गुनासो थिएन ।

छोराले पनि पहिलो श्रेणीमा एस.एल.सी. पास गऱ्यो । अहिले बाह्र पास गरी कम्प्युटर सम्बन्धी ट्रेनिङ्ग लिँदै छ छोरी स्नातक तहमा पढ्दै र एउटा प्राइवेट अफिसमा काम पनि गर्दैछे । मेरा छोराछोरीको सफलतामा घर मालिक माल्किनीको ठूलो हात छ । उहाँहरूले प्रत्येक कुरामा सहयोगको हात अघि बढाइदिनु भएकोले नै मेरो इच्छा चाहना पूर्ण भएको हो । अन्यथा म एक्लैबाट यो सबै असम्भव थियो । उहाँहरूको ठूलो उपकार छ ममाथि ।

आफूले जाती नै निपूण योजना बनाई जीवन अघि बढाउन खोजे पनि जीवनले सधैं त्यही बाटो कहाँ पहिल्याउँदो रहेछ र ............ कहिलेकाँही आफूले सोचेँभन्दा भिन्न टेढोमेढो बाटो अँगाली दिन्छ । चलचित्रमा दृश्य फेरिएँझैं अब मेरो जीवनमा मैले सोचेँभन्दा भिन्न दृश्यहरू आउन थाले । जतिजति छोराछोरी उमेरदार हुँदै थिए । उति-उति हामीलाई पीडा थप्दै गए । बारम्बार विगतमा आफ्नो शहर पस्ने सोच निर्णय र त्यसपछिको आफ्नो काम कर्तव्यउपर

गौण गरे आफ्नो मनमा कही खोट पो थियो कि भनी हामी हेर्रे । मेरो स्वार्थ भन्नु वा कपट भन्नु नै केवल यही छोराछोरीको सुन्दर भविष्यको कल्पना सपना थियो जुन प्रत्येक पल मेरो आँखामा घुमिरहन्थ्यो ।

समय वदलिएको हो कि छोराछोरी वढी महत्त्वाकांक्षी भएका हुन् । आज मेरो त्याग तपस्या मेहनत सारा मूल्यविहीन वन्दै व्यर्थ भए जस्तो लाग्दै छ । छोराछोरीले वावु आमाको दुःख वुझ्नुको साटो एकपछि अर्को गुनासोको ओइरो लगाउँदै जान्छन् । हरदम मुहारमा असन्तुष्टि अपुगका रेखाहरू सलवलाइ रहेका हुन्छन् । उनीहरूको मुहारमा सन्तुष्टि र खुशीको भाव देख्न दुर्लभ जस्तै भइसक्यो । हामीलाई हरेक कुरामा खोट लगाउँछन् । हुँदाहुँदा अव त वावुआमा भन्न पनि लाज मान्छन् कि हाम्रो कोखमा जन्मनु अभिषाप थियो पो ठान्छन् कि जस्तो मलाई आभाष्स हुन थालेको छ ।

छोरी कमाउने भई अव त हाम्रो दुःख वुझ्ली भन्ने सोचेको थिएँ । उल्टा उसको गुनासो वढ्दो छ अर्काको घरमा काम गर्ने भएर वस्नाले साथी भाइको अगाडि आफू हेपिएको होचिएको अनुभव सुनाउँछे । "तपाईहरूले गर्दा आज हामीलाई समाजमा हीनतावोधको सामना गर्नुपरेको छ । आफ्नो परिचयसम्म लुकाउनुपर्छ । भनी आरोप लगाउँछन् । हामीलाई अनपढ अवुझ-हाम्रो मनोदशा तपाईहरूलाई के थाहा ? तपाईहरूले यो सवै समस्या भोग्नु परे पो थाहा हुन्थ्यो ।" भन्दै दोषी वनाउँछन् । विनाकसुर दोषी वन्नुपर्छ । यो मन कति चिराचिरा परी दुःखेको छ । यसवारे उनीहरूलाई कुनै मतलव छैन ।

आजको पिँढी किन यति स्वार्थी र आडम्वरी वनेको.......... काल्पनिक संसारमा डुब्न रमाउने । त्यसको लागि चाहे जस्तै मूल्य चुकाउन किन नपरोस् । विना मेहनत सुविधाभोगी सम्पन्नता चाहने आज समाजमा यही भावना हावी वन्दै छ । घाँटीभन्दा ठूलो हाड निल्न खोज्छन् । धनीमानीको दाँजोमा लाग्दै विलासिताको साधनको माग राख्छन् जुन मैले पूरा गर्न सम्भव थिएन । सपना देख्नु कल्पना देख्नु कल्पना गर्नु नराम्रो होइन तर कल्पना सपना पूरा गर्न मेहनत गर्नु पर्‍यो न कि अर्काको देखेर चाहना मात्र राख्नु ।

आज त छोरीले हदै गरी एउटा आफू सुहाउँदो पढेलेखेको केटाको कुरा आयो । मैले विस्तारै सम्झाउँदै भने "छोरी त शरहका केटीहरूको विहे भइसक्यो । अव तेरो पनि विहे गर्ने वेला भयो । राम्रो ठाउँहरूवाट कुरा आएको छ । कुरा अघि वढाउँहै" भनी सोध्दा एक्कै चोटी वुर्लुक्क उफ्रिँदै भनी "पहिले शहरमा एउटा आफ्नो घर वनाउनु अनि मात्र विहे गर्छु । अर्काको घरमा ज्वाइँ ल्याउने कुरा गर्न तपाईहरूलाई लाज लाग्दैन भनी हप्काई । शहर जस्तो ठाउँमा

प्याच्च बोले जस्तो सजिलो छ कि क्या हो घर वनाउन" मैले भनें हामी कुन अवस्थामा छौं र घर वनाउने भन्ने कुरा हाम्रो कल्पनाभन्दा वाहिरको कुरा भन्ने तैंले बुझेकी छैनस् र ?" त्यसो भए जहिले घर बनाउन सक्नुहुन्छ त्यस वेला मात्र विहेको कुरा अघि बढाउनु" भनी ड ङ ड ङ गर्दै रिसाउँदै वाहिर गई । म अक्कवक्क भई हेरेको हेर्‍यै भएँ ।

हो छोराछोरीले भोग्नु परेको परिस्थितिलाई पूरै नकार्न पनि सकिँदैन । पक्कै यस्तो अप्ठ्यारो परिस्थितिवाट गुज्रिएका होलान् तर सत्य भनेको सत्य नै हो, जो अटल रहन्छ त्यसैमा पो वाँच्न सिक्नु पर्‍यो न कि झुट र आडम्वरी कल्पनाको संसारमा वाँच्न खोज्नु । मलाई लाग्छ आजको पिँढीलाई आलस्यताले मेहनतलाई जितेको छ । आफ्नै कमजोरी लुकाउन अरूमाथि दोष थुपार्न खोज्छन्, आफ्नो कर्तव्य जम्मै भुली । वावुआमालाई दोषी देख्नुको साटो आफूले नै पौरख गर्छु भन्ने सोच पो राख्नु पर्थ्यो।

वावुआमाको परिस्थिति अवस्था बुझ्दा-वुझ्दै पनि छोरी किन यति मूर्ख भएकी मैले वुझ्नै सकिन । शिक्षाले मनको आँखा खोली अरूको दुःख मर्का अरूको दुःख बुझ्न सक्ने हुन्छन् भन्ने मेरो सोच भ्रम र गलत पो रहेछ कि भन्ने शंका लाग्न थाल्यो । प्रत्येक व्यक्तिले आफ्नो धरातल र औकात कहिल्यै भुल्नुहुँदैन । यदि धरातल भुली कल्पना सपनाको आकाशमा उड्न खोजे नराम्रो सित जमिनमा वज्रिन पुगिन्छ । छोरीले आफ्नो धरातल भुलेको हो वा वुझ पचाएकी हो म किंकर्तव्य विमूढ खिन्न मन लिई सोचमा डुवें ।

० ० ०


## साहित्यकार मणिराज सिंहका कृतिहरू

१. अक्षर, खुर्पा र खुकुरीहरू (कविता सङ्ग्रह)
२. स्वर सम्राट नारायण गोपाल (जीवनी)

पुस्तक पाइने ठेगाना:-
साझा प्रकाशन
पुस्तक पसलहरू

# अन्धो न्यायालय

- नारायण निरासी

१. मार्छन् मर्दछ आज मानिस यहाँ सस्तो भयो जिन्दगी ।
मर्ने मर्छ र व्यर्थ हुन्छ उसको यो जिन्दगीको गति ॥
मान्छेबाट जहाँ अकारण सधैं मारिन्छ मान्छे किन ?
कैले आउँछ शान्तिपूर्वक खुसी बोकेर बाँच्ने दिन ?

२. मान्छेका सुकुमार, स्वच्छ सपना ओझेल पर्दै गए ।
यो नेपाल यसै न बन्छ कहिल्यै मार्ने र मर्ने भए ॥
बाँच्ने अधिकार खोस्न कहिल्यै पाइन्न खोस्छौ किन ?
कैले आउँछ शान्तिपूर्वक खुसी बोकेर बाँच्ने दिन ?

३. जो गर्छन् अपराध यो मुलुकमा त्यस्ता पुजिन्छन् सबै ।
निर्दोषी, निमुखा, निरीह जनता दोषी हुँदै छन् सधैं ॥
आफै हुन्छ अचेल कानुन यहाँ सेतो र कालो किन ?
कैले आउँछ शान्तिपूर्वक खुसी बोकेर बाँच्ने दिन ?

४. त्यो न्यायालयबाट न्याय नहुँदा अन्याय मौलाउँछ ।
मान्छे झन् अपराध गर्न सजिलै उत्प्रेरणा पाउँछ ॥
सोझोको हितमा विशुद्ध मनले बोल्नेहरू देखिनँ ।
कैले आउँछ शान्तिपूर्वक खुसी बोकेर बाँच्ने दिन ?

५. पट्टि बाँध्छ र मौन बस्छ किन हो अन्धो छ न्यायालय ।
साँचो कर्म गरेर खान नमिली बढ्दै छ झन्झन् भय ॥
मर्नेको खुनले दिँदैन कहिल्यै दोषीहरू उम्किन ।
कैले आउँछ शान्तिपूर्वक खुसी बोकेर बाँच्ने दिन ?

# समय : साहू र ऋणीको लुकामारी

- लक्ष्मी उप्रेती

समय
ऋण खाएको साथीजस्तै
कहिल्यै अगाडि नपरी
सधैं भागिरहन्छ, भागिरहेछ एक तमासले ।

म ऋण असुल्ने साहूझैं
सधैं पछिपछि दौडिरहेछु
पछ्याँउदै म बितिरहेछु क्रमशः बितिरहेछु
जतिजति भाग्दै ऊ बित्छ
जति बिते पनि उस्तै छ ऊ
म भने हरपल मृत्युले पछ्याइरहेछ ।

समय म
फेरि समय
हामी एक आपसमा खेलिरहन्छौं लुकामारी
अँध्यारोमा विचलित नभई
उज्यालो प्राप्तिका लागि

मेरा जीवनका उज्याला सम्भावनाहरू
ऊसँग प्रशस्त छन् ।
र म त विचलित हुन्न !

कथा

# परदेशी सन्तान

- जलेश्वरी श्रेष्ठ

मन्जु र इन्दिराले आजदेखि जागिरबाट अवकास पाए । दुवै जनाको अनुहारमा एक साथ हर्ष र विस्मातको भाव झल्किरहेको थियो ।

मन्जुले इन्दिरालाई भनिन्- "हामीले अवकास त पायौं । कामको व्यस्तताबाट फुर्सद पायौं तर सानोतिनो घरायसी काम गरेर यत्रो दिन कसरी बिताउँ जस्तो लागिरहेछ मलाई त !"

इन्दिराले भनिन्- "अब यसोउसो धर्मतिर, सामाजिक कार्यतिर लाग्नुपर्ला भनी मैले सोचिरहेकी छु । एक मनले छोरीहरू र नातिनातिनासंग रमाइलो गरेर बिताउन पर्ला जस्तो पनि लाग्छ ।"

"तिम्रा त सबै छोरीहरू यही नेपाल मै छन्," अलि दुखित स्वरमा मन्जुले भनिन्- "तर मेरो के गर्ने दुईवटै छोराहरू विदेशमा छन् ।"

इन्दिराले सोधिन- "तिमी त उतै छोराहरुलाई भेट्न जाने होला नि ?"

"खै अब के हुन्छ ? छोराहरू नफर्कने भएपछि सधैंका लागि उतै जाने हो कि ?" मन्जुले भनिन् ।

"मैले त यहाँ सामाजिक सेवा सुरु गरिरहेकी छु । हामी साथीहरू मिलेर मुठ्ठीदानबाट एउटा बृद्धाश्रम चलाएका छौं । तिमीले पनि सक्दो सहयोग गर्नुपर्छ नि !" इन्दिराले अनुरोध गरिन् ।

मन्जुले छोटकरीमा जवाफ दिइन, हुन्छ नि, "अलिअलि सहयोग गरिहाल्छु नि !"

"त्यहाँ मैले एउटा कोटा बनाइदिने निश्चय गरेकी छु । तिमीले पनि त्यहाँ एउटा कोठा बनाइदेउ न", इन्दिराले अलि अनुनय स्वरमा भनिन् ।

"कोठा बनाउनलाई ४/५ लाख रुपैयाँ लाग्छ होला नि ! त्यत्रो पैसा कहाँ खर्च गर्न सकिन्छ र ? यसपालि बुहारीहरुलाई हीराको सेट बनाउने सोचेकी छु । १०/१२ लाख रुपैयाँ जम्मा गर्न गाह्रो भइरहेछ" मन्जुको स्वरमा अलि दम्भ मिश्रित थियो ।

मन्जुको कुरो इन्दिरालाई मन परेन तर पनि नरम स्वरमा उनलाई बुझाउन कोशिस गरिन्," अब पनि तिमीले बुहारीहरुलाई दिइरहनु पर्छ र ?" छोराहरुलाई त्यत्रो खर्च गरेर पढाइदिहाल्यौ । तिम्रो चल अचल सम्पत्ति पनि

उनीहरुकै त हो नि !"

"त्यसो भनेर कहाँ हुन्छ र ? सधैं केही न केही दिइराखेको बानी, दिरहन मनपर्छ। अहिले पनि त दिइरहनु पर्दछ नि, अनि पो पछिसम्म तिनीहरुले हेर्लान् नि !" मन्जुले कुरा स्पष्ट गर्न चाहिन्।

"हेर मन्जु ! हामीले मरेर लैजाने केही पनि होइन। दानपुण्य आफूले सक्ने बेलामै गर्नुपर्छ। तिम्रो लागि ४/५ लाख रुपैयाँ भनेको केही पनि होइन। आफूले कमाएको पैसाले एउटा नाम राखेर जानु राम्रो हुन्छ। कथंकदाचित् केही भयो भने मैले बनाउन सोचेको बृद्धाश्रमको कोठा आफै बस्न पनि काम लाग्न सक्छ नि !" इन्दिराले भनिन्।

इन्दिराको कुरा मन्जुलाई मन परेन र भनी हालिन्- "मलाई केको निम्ति बृद्धाश्रममा कोठा चाहिन्छ र ? मेरा त २/२ वटा छोरा छँदै छन् नि पाल्ने। तिम्रा पो छोरा छैनन्, छोरीहरू मात्र छन्। तिमीलाई त चाहिहाल्छ नि !"

इन्दिरालाई मन्जुको जवाफ सुनेर चित्त दुख्छ तर प्रतिवाद नगरी विस्तारै भनिन्- "ठीकै छ, तिमीलाई इच्छा छैन भने केको कर ? उनले सोच्न थालिन् मन्जुहरू कत्ति धनी छन्। हरेक हप्ताजसो उनीहरुको घरमा पार्टी भोज भइरहन्छन्। पाँचतारे होटलबाट मगाएका खाना त फालाफाल नै हुन्छ। महंगा हिवस्की र वाइनहरुको छेलो खेलो हुन्छ। त्यस्तो आडम्बर कार्यमा खर्च गर्न भने उनी कन्जुस्याई गर्दैनन् । भेटघाटको बहानामा उनले महंगा लुगा र गहनाहरुको प्रदर्शन गर्छिन् मानौं नयाँ डिजाइनका लुगा र गहनाको प्रतिस्पर्धा भइरहेको छ।

माइतीको पनि त्यत्तिकै सम्पत्ति, घरको पनि त्यत्तिकै सम्पत्ति, बुढाको कमाई त्यत्तिकै राम्रो, आफ्नो पनि कमाई छोराहरुले पनि त्यत्तिकै कमाइरहेका छन्, तै पनि मन्जुमा सामाजिक सेवाको भावना कस्तो नभएको ! अनेक पूजा पाठको नाममा ढोगी ब्राह्मणलाई देखावटी दान गर्न भने पछि उनी पर्दिनन्।

केही समयपछि मन्जुहरू यहाँको सबै सम्पत्ति बेचेर उतै अमेरिकातिर छोराहरुसंग बस्न गए। त्यहाँ बुहारीहरुको सुत्केरी स्याहार्दै र बेबीसिटर जस्तै भई नाति-नातिनाहरू स्याहार्दै उनको दिनहरू बित्दै गए। यस रुपमा दुवै लोग्ने स्वास्नीहरुले आफ्ना दुःखहरू शायदै सम्झे। उनीहरुलाई आफ्ना नाति-नातिहरुको सामिप्यमा रमाउँदै बितेको पत्तो भएन। बच्चाहरू पनि हुर्किदै गए। सबैजना आ-आफ्नो काममा व्यस्त हुँदै गए।

अमेरिकाको व्यस्त जीवनको क्रममा अब उनीहरू विस्तारै परिवारबाट आफूहरू अलगिएको क्रमशः महसुश गर्न थाले। आफ्नो देशको माटोको सुगन्धले उनीहरुलाई पछ्याउन थाल्यो। आफ्नो देशमा बिताएका क्षणहरू र त्यहाँका

साथीहरुको सम्झनामा उनीहरुलाई समय बिताउन कष्टप्रद हुन थाल्यो । यसै एकदिन अचानक उनका श्रीमान्को हृदयगति बन्द भएर देहान्त भयो ।

त्यसबेला उनले आफू नितान्त एक्लिएको महसुश गरिन् । नेपालमा आफ्नो श्रीमान्को दाहसंकार र काजक्रिया गर्ने इच्छा थियो तर उनका छोराहरुले मानेनन् ।

यो कुराले उनको मनमा ठूलो चोट पर्‍यो । पहिला त बूढाको साथी बूढी र बूढीको साथी बूढा भएर जसोतसो दिन बितेको थियो । अब त उनी काम नलाग्ने कुनामा थन्केर थोत्रो भाडो जस्तो उनलाई अनुभव भयो । उनको स्वास्थ्य पनि गिर्दै गयो । उनलाई हिँड्न पनि गाह्रो हुन थाल्यो । तर उनलाई हेरचाह गरी साथी बस्ने कसैलाई पनि फुर्सद भएन ।

उनको त्यत्रो हीराका सेट र गरगहनाहरुले उनको एक्लोपनलाई हटाउन सकेन । तातो पानी खानेलाई समेत सकिनसकी आफैले तताउनु पर्छ । अब उनले नेपालमा बिताएका दिनहरू र आफ्ना साथीहरू, दिदीबहिनी, इष्टमित्रहरू र आफन्तलाई सम्झिन । त्यहाँ भएको भए मसंग भेट्न र सुख दुःखका कुरा गर्न कोही त आउँथे- उनी मन मनमा भन्थिन् ।

यहाँ त आफ्नो भनी दुई शब्द मायाले बोलिदिने र फुर्सद भएको कोही छैन । सबै यहाँ मोटर जस्तै हतारिएर दौडिरहन्छन् । आफ्नो एक्लोपनबाट उ हातासिन थालिन र त्यहाँ बस्न अब पट्कै मन लागेन ।

छोराहरुलाई नेपाल पुर्‍याइ दिन मन्जुले दिन-दिनै कर गर्न थालिन् र त्यही कुरा बहुलाइले झैं दोहार्‍याइरहन लागिन् । उनको त्यस्तो चाला देखेर छोराबुहारी पनि दिक्क मान्न लागे ।

छोराहरुले भन्थ्ये- "आमालाई यहाँ के कमी छ र ? राम्रोसंग खान, बस्न पाउनु भएकै छ । पालैपालो गरी दुईवटै छोरासंग बस्ने व्यवस्था भएकै छ । हाम्रो व्यस्तताले हामी चाहेर पनि समय दिन सक्दैनौ, के गर्ने !"

हैन बाबु हो, खान लाउन पाएर मात्रै मनमा सन्तोष आनन्द हुँदो रहेन छ । मलाई सबै आफन्तसंग भेट्न र मातृभूमि फर्कने इच्छा छ । मलाई त्यही पुर्‍याइदेउ । यहाँभन्दा म उतै रमाउँछु होला ।

छोराहरुले एक स्वरमा भने, "उता गएर के गर्ने ? हाम्रो त्यहाँ केही छैन ।"

"हामीले कमाएको त्यत्रो पैसा तिमीहरुलाई सुम्पिदिएका थियौ नि ! त्यसैले फेरि एउटा बस्ने घर किन्ने" आमाले भनिन् ।

दुवै छोराले एकै स्वरमा फेरि भने- "त्यति जाबो पैसा त सबै सकि-

सकियो ।"

"तैपनि मलाई यहाँ बस्न मन छैन, त्यही पुऱ्याउदेउ । म एक्लो ज्यानलाई जसले पनि पाल्छ । सक्छौ भने तिमीहरुले केही व्यवस्था गरी देऊ" उनले रिसाएको स्वरमा भनिन् ।

लगातारको धेरै करकर गरेपछि छोरालाई दिक्दार लाग्यो र आमालाई लिएर कान्छो छोरो नेपाल आयो ।

एउटा नजिकको आफन्तका केही दिन बसेपछि छोरोले भन्यो, "आमा ! यहाँ पनि सबैका घरघरमा आ-आफ्नै समस्या छ । मलाई यहाँ धेरै समय बस्ने फुर्सद पनि छैन । तपाईलाई एउटा राम्रो बृद्धाश्रमको व्यवस्था गरेको छु । त्यहाँ केही दिन बस्दै गर्नुहोस् । तपाई नेपालमानै बस्ने इच्छा गर्नु भयो भने म पछि आएर एउटा राम्रो व्यवस्था गरी दिउँला, हुन्न आमा ?"

केही दिन मै छोरोले आश्रमको सबैभन्दा राम्रो कोठामा बढी पैसा तिरेर केही महिनाको लागि बन्दोबस्त गऱ्यो आमालाई त्यही केही समयपछि फेरि नेपाल आउने विश्वास दिएर विदा भयो ।

छोरोले बृद्धाश्रममा छाडेर गएपछि मन्जुले कोठाको खाटमा बसेर यसो सबैतिर हेरिन् ।

उनलाई अत्यन्त एकाकी महसुश भयो र संसारमा उनको कोही, केही नभएकी एउटी निरीह अवला नारी झैं लाग्यो । राति त्यहाँ हेरचाह गर्नेहरुले आमा !" भनी खाना ल्याइदिई । खानुहोस् भनेर सम्झाई यसो एकछिन आफ्नोपन देखाइ दुई/चार मीठा कुराहरू पनि गरिन् ।

उनलाई भने रातभरि निन्द्रा नै लागेन । मैले छोराबुहारी भनेर कुनै फजुल खर्च नगरी पैसा जम्मा गरी छोराबुहारीलाई सुम्पेको सम्पत्तिले केही काम गरेन । म आखिर खाली हात एक्लै भएँ- "उनले मन मनमा सोचिन् ।

भोलिपल्ट बिहान ६ बजे नै त्यहाँ काम गर्ने एउटी केटीले आत्मीयताका साथ उनलाई उठाउँदै सोधिन्- "आमा, पूजा गर्ने होइन ? बाथरुममा तातो पानी आउँछ । तल मन्दिरमा सात बजेभित्र सबै भजनको लागि जम्मा हुन्छन् । तपाई पनि आउनुहोस् न !" यति भनी उनी निस्किन् ।

उनी गएपछि मन्जु एक छिन सोच मग्न भइन । यहाँ मेरा आफन्त कोही नभए पनि कति प्रेम र आत्मीयताले भरिएका हृदय छन् !"

भजन सकी चिया नास्ता खाएर उनी कोठामा पस्न लाग्दा उनको आँखा ढोकामाथि लेखिएको "सौजन्य इन्दिरा श्रेष्ठ" मा पऱ्यो । त्यो नाम देखेपछि इन्दिरासंग भएका अतीतका वार्तालापहरू ताजा भएर आए ।

त्यस दिन शनिवार परेकोले धेरै मान्छेहरू त्यहाँ बस्ने बूढाबूढीहरुलाई भेट्न र उनीहरुलाई खुवाउन आउँदा रहेछन्। उनले कोठामा पनि आमा !" भनी ३/४ जना महिलाहरू पसे।

तीमध्ये २/३ बच्चाहरू लिएर आउँदै गरेकी उनकी साथी इन्दिरा पनि थिइन्।

"इन्दिरा !!" मन्जुले आँखावाट आँशु झार्दै ठूलो स्वरमा कराइन।

आफ्नो नाउँ लिएर कसैले बोलाएको सुनेर इन्दिरा मन्जुतिर हेरिन। तर उनले मन्जुलाई चिन्न सकिनन्। मन्जुको कपाल हिउँजस्तो सम्पूर्ण सेतो थियो। उनको मुख चाउरिएर मुजा-मुजा परिसकेको थियो। शायद शोक र पीर ले उनको बूढी शरीर जीर्ण देखिन्थ्यो। चाउरिएको छाला र पीरले जीर्ण भएको शरीरवाट उनको परिचय हराई सकेको थियो।

इन्दिराले मन्जुलाई एकसुरले हेरी रही तर उनी को हुन भनी ठम्याउन सकिनन्। मन्जु नजिक गएर इन्दिरालाई अकस्मात अँगालो हाल्छे र भक्कानो हाल्दै भनिन्- "इन्दिरा म मन्जु हुँ, तिमीले चिनिनौ ?" मन्जु झन् ठूलो स्वरमा रुन थालिन्। इन्दिराले मन्जुलाई यस्तो अवस्थामा यहाँ भेटिन्छ भनेर सपनामा पनि सोचेकी थिइनन्।

आश्चर्य र विस्मय हुँदै इन्दिराले भनिन्- "मन्जु तिमी यहाँ !!!"

व्यङ्ग्य कविता

# काफ्ले गणराज्य

-कलाधार काफ्ले

साथीहरू हो !
नेपालको अखण्डता र नेपालीहरूको सर्वाङ्गीण विकासका निम्ति
हामी दुई/चार जना काफ्ले बन्धुहरू
काफ्ले गणराज्य स्थापना गर्ने सोचमा छौं
करिब पचासजना जति काफ्लेहरूको सहीछाप
बटुलिसकेका पनि छौं
डेढसय जति थप गरेपछि
हाम्रो माग अघि बढ्ने छ
माग पूरा नभए
हामी कडा सङ्घर्षमा उत्रिने छौं ।

कडा सङ्घर्षका निम्ति
पाँचवटा थोत्रा टायर, र
एक लिटर मट्टितेल पर्याप्त हुनेछ
त्यो हामीले जोहो गरिसकेका छौं
साथीहरूको ! हामीहरूलाई साथ दिनुहोस्
अहिले हामी
काफ्ले गणराज्य स्थापना गर्ने सोचमा छौं ।

काफ्ले गणराज्यका विरोधीहरूले हामीलाई हच्काए
'बाहुनहरूले पाउने एउटा गणराज्यभित्र
तिमीहरू सीमित हुनुपर्छ'
हामीले कडा प्रतिकार गर्‍यौं-
लाखौंलाख ब्राह्मणका निम्ति
केवल एउटा गणराज्य ?

*अहँ, यो हुनै सक्दैन ।*
*साथीहरू हो !*
*अब नेपाल केवल एउटामा मात्र होइन*
*एक सयमा पनि होइन*
*एक हजार टुक्रामा परिणत हुनेछ ।*

*यत्तिकैमा नेपथ्यमा चर्को आवाज सुनियो*
*काफ्लेजी, उठ्नुहोस्, अबेर भइसक्यो*
*म झस्कँदै ब्यूझेँ*
*मनमनै चिन्ता लाग्यो*
*अहो ! कस्तो दुःस्वप्न देखेँ मैले*
*दुःस्वप्नको पीडाले छट्पटिँदै*
*म अर्धहोसमै उठेँ र प्रायश्चितका निम्ति*
*प्रभातभ्रमणतिर लरखरिएँ ।*

० ० ०


## साहित्यकार चन्द्रकला नेवारका कृतिहरू

*(खोजीखोजी पढ्नुहोस्)*

१. साँघुरो धरातल (कथासङ्ग्रह)
२. ममता (कथासङ्ग्रह)
३. चक्रव्यूह (कवितासङ्ग्रह)
४. याशिलालाई मेरो आज (कवितासङ्ग्रह)
५. तृष्णाको लहरी (गीतसङ्ग्रह)

पुस्तक पाइने ठेगाना फोन नं. ४७८३८५०,
पी.ओ. बक्स नं.:- ९५५४,
साझा प्रकाशन

# भजन

-नम्रता उपाध्यय

*हे राम... ! हे राम... !*

*सारा दुःख कष्ट हर्छौ*
*दुःखीहरूको पार लगाउँछौ*
*तिमी नै हाम्रो सहारा...।*

*हे राम... ! हे राम... !*

*सारा दैर्यत्वको नास गर्ने*
*विष्णुको रूप, तिमी नै हौ*

*जीवन माता कर्म दाता*
*मोह दाता तिमी नै हौ*
*तिमी नै हाम्रो सहारा... ।*
*सारा... दुःख... ।*

*मृत्यु र जन्मको समय तोक्ने*
*पाप र धर्मको निर्णय गर्छौ ।*

*तिनै लोकमा, राज्य गर्ने*
*तिमी हौ, हाम्रो बलिहारी ।*

# योग गरौं निरोगी रहौं

-शम्भु गुरागाई
(योग प्रशिक्षक)

यदि साँच्चै नै मानव जीवन जिउने हो भने सम्पूर्ण मानव जातिले योगलाई चिन्न सक्नु पर्दछ । आजको अति व्यस्त युगमा योगलाई चिन्न सक्नु नै मानव जीवनको कल्याण हुनु हो । योगको अर्थ हो, आफ्नो चेतनाको बोध गर्नु । आफू भित्र निहित शक्तिहरूलाई विकसित गरेर परम चैतन्य आत्माको साक्षात्कार एवं पूर्ण आनन्दको प्राप्ति गर्नु ।

योग शब्द संस्कृतको 'युज' धातुबाट बनेको हो, जसको अर्थ हुन्छ, "जोड्नु" वा "मिलाउनु" । समग्रमा भन्नुपर्दा धैर्यका साथ साधना गर्दै आत्मालाई परमात्मासँग जोड्नु नै योग हो ।

- महर्षि व्यास भन्नुहुन्छ, "योगको अर्थ नै समाधिमा पुग्नु हो ।"
- श्रीमद्भागवत गीतामा भनिएको छ, "योगको अभ्यासले चित्त शान्त हुन्छ । अनि मात्र मानिस आत्मदर्शन गरेर आफैमा परम्सन्तुष्ट प्राप्त हुन्छ ।"
- शिवसंहितामा भनिएको छ, "योगको वास्तविक ज्ञान प्राप्त गर्न धेरै मेहनत गर्नु पर्दछ । यो ज्ञान प्राप्त भएपछि अरू कुनै शास्त्रको आवश्यकता पर्दैन ।"
- जैनहरूका अनुसार, "जुन साधनहरूले आत्माको सिद्धि र मोक्षको प्राप्ति हुन्छ, यो नै योग हो ।"
- योगबीज: योगविनाको ज्ञानले मोक्ष मिल्न सक्दैन ।
- योगसुत्रमा भनिएको छ, "योगश्चित्तवृति निरोध:" योगले चित्तवृतिलाई निरोध गर्दछ ।

योगको इतिहासको कुरा गर्दा हिरण्य गर्वसँगै ॐ कारको ध्वनि सँगसँगै रचना भएको थियो । जुन विषयमा विभिन्न भगवानहरूले (जस्तै: भगवान् शिव, मच्छिन्द्रनाथ, गोरखनाथ, महर्षी पताञ्जली, भगवान बुद्ध, भगवान राम, भगवान कृष्ण, योगी दत्तात्रेय, योगी याज्ञवल्क्य, घेरण्डऋषि, शुकदेव र स्वामी रामदेव आदि) योगको विस्तार गरेको पाइन्छ । यस्तै: पछि आएर अरू विभिन्न ऋषिमुनि तथा योगीहरूबाट योगविद्यालाई अगाडि बढाइएको पाइन्छ ।

यसरी नै विभिन्न योगीहरूले आफूले सकेसम्म योगको बारेमा प्रचार-प्रसार गरेको पाइन्छ र अहिले आएर स्वामी रामदेवजी महाराजले सम्पूर्ण संसारलाई योगमय बनाउँदै जानुभएको हामी प्रत्यक्ष देखिरहेका छौं।

योग मानिसलाई किन महत्व छ त भन्ने कुरा गर्दा- एकदम महत्व र अनिवार्य छ। किनकि, योगमा मानिसलाई चाहिने कुराहरू लुकेर बसेका छन्। धेरै वर्षअघि ऋषिमुनिहरूद्वारा गरिएका अनुभवको आधारमा योग मार्गमा आएर शारीरिक, मानसिक, आध्यात्मिक र स्वस्थता प्रदान गर्दछ। (जस्तै: चिन्ता, तनाव, दिमागी असन्तुलन आदि) एवं शारीरिक रोग (जस्तै: कब्जियत, मोटोपन, ग्यास्ट्रिक, ब्लडप्रेसर, हृदयरोग, दम, डायबिटिज आदि) जस्ता भयंकर रोगबाट मुक्ति पाएर सुख, शान्ति र आनन्दमयी जीवन जिउनको लागि योग महत्वपूर्ण छ। योग सम्पूर्ण मानवजातिलाई फुटाउन होइन, जुटाउन पनि महत्वपूर्ण छ। आज हामी जुन मार्गतिर भागिरहेका छौं, त्यो मार्ग ठीक छैन। डाक्टर अस्पतालको संख्या धेरै बढिसकेको छ। तर बिरामीहरूको संख्या घट्ने क्रम पटक्कै छैन, किनकि, यदि औषधी मात्र खायो भने बिमार अझ बढ्छ। त्यसकारण डाक्टर, औषधी र योगलाई एक साथ अगाडि बढायो भने पक्का पनि रोगीहरू कम भएर जान सक्छन्। ध्यान, आसन र प्राणायाम हाम्रो प्राचीन वैज्ञानिक व्यायाम-प्रणाली हो, जसले हामीलाई सधैंभरि स्वस्थ्य, सुख र शान्ति दिलाउँदछ। अहिले आएर सम्पूर्ण संसारका मानिसहरू योगमा लागिसकेका छन्। दुःखको कुरा के छ भने हामीले हाम्रो घरभित्रकै विद्यालाई भुलिसकेका छौं। त्यसकारण अब हामी अन्यतिर नअल्मलिकन योगको बाटोतिर लागौं। यम नियमको पालना गरौं- (यम-नियममा- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधि पर्दछन्)।

## योग गर्नभन्दा अगाडि जान्नुपर्ने केही कुराहरू:

१) खाली पेट विहान सौचबाट निवृत्त भइसकेपछि नित्यकर्महरू सिद्धाएर मात्र सुर्योदय अघि योग गर्न सबभन्दा राम्रो हुन्छ।

२) अरूबेला खाना खाएको ४-६ घण्टापछि मात्र योग गर्न सकिन्छ।

३) योग अभ्यास सकेर आधा घण्टापछि वा अघि पानी पिउने र आधादेखि एक घण्टापछि भोजन गर्न मात्र उत्तम हुन्छ।

४) योग अभ्यासको सुरुआत गर्दा दक्ष तथा अनुभवी गुरुको प्रत्यक्ष निगरानीमा गर्नु पर्दछ।

५) योग अभ्यास गर्दा शुद्ध हावाको आवगमन हुने, सफा, एकान्त, हरियो बगैंचामा बसेर गर्नु पर्दछ।

६) लुगा हलुको एवं सजिलो हुनु पर्दछ ।
७) कुनै पनि आसन गर्दा जिऊलाई जबर्जस्ती गर्नु हुँदैन ।
८) योगबाट राम्रै फाइदा पाउन ३ देखि ६ महिनासम्मको नियमित अभ्यासको आवश्यकता पर्दछ ।
९) योगलाई भित्रैबाट विश्वास गर्न सक्नु पर्दछ ।
१०) लगातार (दैनिक) योगाभ्यास गर्नु पर्दछ ।
११) सही तरिकाले आसन, ध्यान, प्राणायाम गर्नु पर्दछ ।
१२) आरामको बहुतै जरुरत पर्दछ ।
१३) "योग जान्नेलाई शिरीखण्ड नजान्नेलाई खुर्पाको बीँड" भनेजस्तै हुन्छ ।

**"टोल-टोलमा योगको नाराका साथ अगाडि बढौं "**

**ॐ**

**डा. मृदुला शर्माका प्रकाशित निम्न कृतिहरू**
**खोजीखोजी पढौं**

१. नेपाली कवि व्यथित और उनका हिन्दी काव्य
२. संक्षिप्त नेपाली-हिन्दी शब्द कोश
३. संक्षिप्त हिन्दी-नेपाली शब्द कोश
४. नेपाली लेखकों की अनुभूतियाँ
५. तुलिका की नोकपर नेपाली महिलाएँ
६. अभिव्यक्ति
७. 'गावँ' नेपाली कवि मन्जुल की छोती बढी कविताएँ
८. नेपाली महिला लेखकों की प्रतिनिधि कहानियाँ

## दैनिक योग अभ्यास क्रम

### प्रारम्भ

तीन पटक ॐ को लामो उच्चारण गरौं।

### गायत्री मन्त्र

ओ३म् भूर्भुवः स्वः। तत्सवितुर्वरेण्यं। भर्गो देवस्य धीमहि।
धियो यो नः प्रचोदयात्॥

### महामृत्युञ्जय मंत्र

(मोक्ष प्राप्ती गर्ने प्रार्थना)
(स्वास्थ्य तथा अमृत-जीवन को लागि)

ओ३म् त्रयम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्।
उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मात्मृतात्।
ओम् सहनभवतु सहनौ भनैती।
''''''''''''''''''''''''|,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,, ।
ओ३म् असतो मा सद्गमय। तमसो मा ज्योतिर्गमयः, मृत्योर्मा अमृतम् गमय।
ओ३म् शान्तिः शान्तिः शान्तिः।

### मुख्य प्राणायामहरू

भस्त्रिका प्राणयाम, कपालभाति प्राणायाम, बाह्य प्राणायाम, अनुलोम-विलोम प्राणायाम, भ्रामरी प्राणायाम, उद्गीथ प्राणायाम, प्रणव प्राणायाम

### सहयोगी प्राणायामहरू

उज्जायी, शीतली, शीतकारी, कर्णरोगान्तक नाडी शोधन,

### सहयोगी क्रिया

अग्निसार

### सुक्ष्म व्यायामहरू

हात र खुट्टाको सूक्ष्म व्यायाम प्राणायाम को बीचमा गर्न सकिन्छ। अथवा फेरी प्राणायामको पछि गर्न सकिन्छ।

### मुख्य आसनहरू

मण्डूकासन-१ व. २, शशकासन, मकरासन, भुजङ्गासन-१, २ व ३, शलभासन-१, २, ३ व ४, मर्कटासन।

### भार संतुलन भएका मुख्य आसनहरू

अर्धहलासन, पादवृत्तासन, द्धि चकिकासन। कुछ विशिष्ट आसन समय

उपलब्ध भएको खण्डमा गर्न सकिन्छ । जस्तै-अर्ध मत्स्येन्द्रासन, गोमुखासन आदी ।

**सहज व्यायामहरू**

सकेसम्म उठेर जोगिंग एवं पी.टी. गर्ने

बच्चाको सर्वांगीण विकास को लागि विशेष ५ आसन

सर्वांगासन, हलासन, चक्रासन, पश्चिमतासन, ताड़ासन

**समापन**

शवासन, सिंहासन, हास्यासन

**शान्ति पाठ**

ओ३म् द्यौः शान्तिरन्तरिक्षँ्छ शान्तिः पृथिवी शान्तिरापः शान्तिर षियः शान्तिः वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्म शान्तिः सर्वँ्छ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥

॥ ओ३म् शान्तिः शान्तिः शान्तिः ओ३म् ॥

ॐ


१९६ औं भानुजयन्तीका अवसरमा मितेरी नेपालद्वारा आयोजित स्रष्टासम्मान एवं विशेष कवि गोष्ठीको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

- नेपाल खाद्य संस्थान परिवार

# भानु तिमी

- अरुणा कोइराला

भानु तिमी
आज शब्दमा मात्र जीवित छौ
तिमीले कोरेका कर्मरेखाहरू
अझै अधुरा र अपूरा छन्
शब्द जाल फिँजाएर
भ्रमको खेती गर्ने धेरै भए
कर्म गरेर तिम्रा सपनाहरू
विपना बनाउनेहरू हराउँदै गए
साहित्यको भण्डार
भाषा भेषभुषाको सेवा
अब आफ्नै नाम दाम र काममा
केन्द्रित हुन थाले
अब तिम्रो कान्तिपुरी नगरीमा
चपला अवलाहरू
गुण केशरीको फूल सिउरिएर
घुम्न सक्दैनन् ॥
अब तिम्रा भ्रष्टाचार विरोधी
शब्दहरू............
आजका प्रशासकहरू सजिलै सुन्छन्
सुनेर रमाइरहन्छन्
मीठो बोलीसँगै
लेनदेनको रकम
सजिलैसँग तोक्ने गर्दछन्
आजको परिणति देखेर
मेरा आँखाबाट तिमीलाई सम्झेर आँसु बगेजस्तै
तिम्रो आँखाबाट पनि कान्तिपुरलाई सम्झेर
आँसु बग्ने छ ॥

बत्तीसपुतली, काठमाण्डौं

# केही हाइकुहरू

-मोहनबहादुर कायस्थ

१ भानुको बोली
रामायण पुस्तक
नेपाली मन ।

२. पूर्वज भानु
संसारमा प्रख्यात
भाषिक ग्रन्थ ।

३. रगत उस्तै
स्वभाव झन् त्यस्तै
दोसाँध साँघु ।

४. त्यो मेची नदी
वारि पारि भै बग्छ
दृश्य तमासा ।

५. मितेरी शब्द
आफ्नो मान्छे विरानो
नीतिज्ञ चाल ।

६. धरती माता
दाजुभाइ भिन्नता
मितेरी भंग ।

७. आँसुको भल
मेचीमा पोखी गयो
साँघु नाघेर ।

८. आमाको दूध
चेपेमा बग्दै गयो
सिमान्त रेखा ।

९. रतौली खेल्दा
मेचीपुल झोलियो
प्रेमोपहार ।

१०. जय नेपाल
जय जय भारत
गौरवयात्रा ।

० ० ०

# तिमी 'र' होइना

इल्या भट्टराई

'र' अर्थात् मेरी प्रेमिका । 'र' भन्नाले रश्मी, रमिता, रम्भा, रचना, रमला, रक्षा, रजनी, जे नाम सोच्नु भए पनि हुन्छ । नामले खासै केही फरक पर्ने पनि होइन । कुरो त मान्छे को पो हो ।

हिजो अकस्मात् 'र' तिमीसँग एउटा पार्टीमा भेट भयो । मान्छेहरूको भीडभाडमा बीसौं वर्षपछि भेट भएकी तिमी कुनै बेलाकी मेरी प्रेमिका 'र' हो भनेर छुट्याउन मलाई छिनभर पनि लागेन । त्यति धेरै समयको अन्तरालमा भेटिएकाले हो कि, तिमीलाई भेटेपछि मेरो मनमा न त कुनै तरङ्ग उठ्यो । न त मेरो मन नै तुलबुलायो तिमीसँग कुरा गर्न । मलाई अचम्म लाग्यो समय कसरी परिवर्तन हुँदो रहेछ । अनि त्यो परिवर्तन समयले मनलाई पनि कसरी आफूसँगै बदल्दो रहेछ ।

तर धेरै वर्ष पहिला त्यस्तो हुँदैनथ्यो नि, हगि ? त्यतिखेर तिमीलाई देख्नेबित्तिकै मेरो मुटुको कस्तरी ढुकढुकी बढेर आउँथ्यो होइन त ?

त्यतिखेर जम्मा चौध, पन्ध्र वर्षकै ठिटो त थिएँ हुँला म, जब तिमीले मलाई आफ्नो प्रेमीको रूपमा दर्ता गरेकी थियौ । त्यतिखेर तिमीले के भनेकी थियौ, तिमी सम्झिन्छ्यौ ?

"आजदेखि तिमी मेरो हिरो, अनि मचाहिँ तिम्रो हिरोनी है । आजदेखि तिमीले मलाई, मैले तिमीलाई सिनेमाको हिरो हिरानीले जस्तै लब गर्ने है"।

एक्कासि तिम्रो मुखबाट त्यस्तो कुरा सुनेर म कस्तो लाजले भुतुक्क भएको थिएँ नि ! लाजले गर्दा मेरो मुख राताम्य भएर आएको थियो । तिम्रो त्यो कुरा त्यहाँ भएका अरूले पनि सुने कि भनेर म कस्तो डराएको थिएँ, सम्झना छ ? नडराउनु पनि किन, केही गरी कसैले घरमा बुबालाई त्यस्तो कुरा लाइदियो भने बेलुकी उहाँले खाने गरेको हुक्काको नलीको चुटाइ खानु अनिवार्य नै हुन्थ्यो, होइन भन त ! अनि त्यस्तोमा नडराएर हुन्थ्यो त ? तर तिमी त आर्कै माटोले बनेकी थियौ । खोइ ! के भा'को होला त्यस्तो ? किन होला तिमीलाई कसैसँग पनि रत्तिभर पनि डर लाग्दैनथ्यो ।

प्रेम भन्ने शब्द उच्चारण गर्नसम्म पनि वर्जित समाजमा हामी दुई प्रेमी प्रेमिका भनेर हाकाहाकी कुरा गर्ने कुरो सोच्न पनि नसकिने थियो । त्यसमाथि हामीजस्ता फुच्चाफुच्चीहरूले त त्यस्तो काम गर्नु भनेको अत्यन्त ठूलो अपराध गरेझैं ठानिन्थ्यो । त्यसैले गर्दा त हो नि, तिमीले मलाई तिम्रो प्रेमी बनाउँदा म आनन्दित हुनुको साटो आतङ्कित भएको थिएँ । तर के भा' होला ! तिमीलाई कुनै कुराको डरै थिएन । हुन पनि अचम्मै कि केटी थियौ तिमी ! तिम्रो घरमा पनि आमाबाबु नभएको त कहाँ हो र ? तिमीले पनि प्रेम गर्ने जस्तो अति छाडा कृत्य गरेकोमा घरमा कुटाइ खानु नपर्ने त कहाँ थियो र ? तैपनि तिम्रो मनमा डर एकरत्ति पनि थिएन । खोइ, कस्तो मन हो तिम्रो !

भर्खर शहरीकरणतिर लम्कँदै गरेको काँठको एउटा पिछडिएको एउटा सामान्य टोलमा हाम्रो घर थियो । मेरो घरभन्दा दुई घर पल्तिर नै त तिम्रो घर थियो नि ! त्यसो हुनाले त्यो बेलाको चलनअनुसार आफ्नो चुलोमा आगो फुक्नाको लागि एकाबिहानै तिम्री आमा प्रायः जसो हाम्रो घरमा आगो लिन आइपुग्नु कुनै नौलो कुरो थिएन ।

त्यसै गरी दिउँसो एक निन्द्रा झपक्क सुतेर त्यसपछि जुम्रा हेरिदिँदै मेरी आमासित गफ चुट्न तिम्री आमा हामीकहाँ आइपुग्नु पनि उत्तिकै स्वाभाविक थियो अर्थात् हामी दुवैको परिवारको एक आपसमा निकै मिल्ति थियो । त्यसैले तिमी मेरो नजिकै झुम्मिन् आइपुग्नु अथवा म तिमी छेउ पुग्नुमा हामी दुवैको परिवारका लागि कुनै सन्देहको कुरो थिएन । त्यसैको फाइदा त तिमी उठाइ-राखेकी थियौ वास्तवमा तिमी निकै निडर थियौ, तर म भने एक नम्बरको डर छेरुवा थिएँ । आफ्नी आमाहरू कुरा गरेर बसिराखेको बेलामा मनिर आएर उनीहरूको आँखा छल्दै आफ्नो ओँठ चुच्चो पारेर मलाई म्वाइँ खाएको अभिनय गरेर देखाउन तिमी कत्ति पनि बेर लाउँदिन थियौ । मेरी आमाले तिम्रो त्यो बेहोरा देख्नु होला भनेर डरले मेरो भने सातोपुत्लो जान्थ्यो । तिमीसित लुकीलुकी त्यस्तो खेल खेल्दैछु भन्ने थाहा पाउनु भयो भने मेरो बुबाले कुटेर मेरो हाड-खोरसम्म पनि बाँकी राख्न हुन्न थियो होला तर धन्य त्यस्ती बाठी, न बाठी तिम्रा ती चर्तिकलाहरू त्यतिखेर कसैले पनि थाहा पाएनन् ।

सम्झिन्छयौ, बेलाबेलामा एकान्त पाउनेबित्तिकै तिमी कसरी मसग साँच्चिकै आफ्नो ओँठ जोडन ल्याउँथ्यौ ? मचाहिँ डरले थुरथुर हुँदै तिमीलाई पर घचेड्थे । "होइन, कति चाँडै बैँस आएको थियो हँ तिमीलाई ?"

बिस्तारै हाम्रो उमेर बढ्दै गएको थियो । त्यस सँगसँगै हाम्रो पढाइको तह पनि उकासिँदै गएको थियो । ओठमाथि उम्रिएका जुँगाका रेखीहरूले अनि

काखीमुनि उम्रिएका तिम्रा रौँहरूको हामी दुवैमा वयःसन्धी आइ नै सकेको बताइरहेका थिए । अब भने तिम्रो शारीरिक निकटता मेरो लागि आतङ्कको कारक नभएर आनन्दको स्रोत बन्दै आएको थियो ।

त्यति मात्रै कहाँ हो ! किशोरावस्थामै पनि प्रेमिका वनाएको हुनाले साथीभाइको माझ मेरो इज्जतै माथि उचालिएको थियो ।

त्यसैले पछि-पछि त म पनि मस्कँन लागेको थिएँ, तिम्रो सन्निकटता पाउँदा । बरू त्यतिखेर तिमी पो हच्किन लागेकी थियौ, सबैको सामु मेरो छेउ आउन, अनि मलाई जिस्काउन । पछि-पछि त तिमी अरूको उपस्थितिमा मसँग निकै तर्किनु भएकी थियौ । ओँठ चुच्चो पारेर मलाई जिस्काउन त तिमीले उहिल्यै बिर्सिरहेकी थियौ । त्यति मात्रै हो र ! पछि-पछि त एकान्तमा मसँग कुरा गरेर बस्दा पनि तिमी सकेसम्म अलि पर बस्न खोज्थ्यौ । लाज मान्दै टाउको निहुराउँथ्यौ । तर म पो कहाँ मान्नेवाला थिएँ र ! रगतको स्वाद पाएको बाघ त्यसै चुप लागेर बस्नै कहाँ सक्छ र !

तर म निर्भीक तन्नेरी भइसकेको थिएँ । अब मलाई लाज लाग्दैनथ्यो । बुबाको हुक्काको नलीको चुटाइको डर पनि लाग्दैनथ्यो । तिमी नजिक हुँदा म तिमीलाई अझ आफूनजिक तान्न खोज्ने भइसकेको थिएँ तर बलियो सामाजिक संस्कारले हामी दुईको बीचमा केही मात्रामा शारीरिक दुरी हुनुपर्ने अदृश्य लक्ष्मणरेखा कोरिदिएको थियो, जसलाई त्यतिबेलाका हामी अल्लारे ठिटाहरूले केही गरी नाघ्न सक्दैनथ्यौँ ।

पछि-पछि त प्रायः बिहानैदेखि नै तिम्रो बासै हाम्रो घरमै हुन थालेको थियो । बिहानभरि भान्छामा मेरी आमासँग अनेक कुरा कथुर्दै तिमी हाम्रै घरमा हुन्थ्यौ । बिहान चिया पकाउने, तरकारी काट्ने, ओइरिने आदि, इत्यादि सबै काममा तिमीले आमालाई सघाउन थालेकी थियौ । आमा पनि “यो मुडुलीले मेरो बानी नै बिगारिदिई । यो बिहे गरेर गएपछि मैले के गर्ने होला ?” भन्न थान्नुभा’थियो । छोरी बिस्तारै घरको काममा दक्ष हुन थालेकी देखेर तिम्री आमालाई पनि सन्तोष लाग्न थालेको थियो । छोरीले भविष्यमा राम्रैसँग घर गर्न सक्ने पारिदिएकोमा तिम्री आमा मेरी आमासँग दङ्ग पनि पर्नु भएको थियो तर आफ्नी छोरीले हाम्रो घरमा मात्रै काम गर्ने अनि आफ्नो घरमा चाहिँ सिन्को नभाँच्ने बानीले बेलाबखतमा तिम्री आमालाई झर्को लाग्दथ्यो । “हैन के भा’की होली यो ? याँ यत्रो काम गर्छे । वाँ’ हामीकाँ’ चाइँ यसको हातबाट माखो मर्दैन । हैन ए दी, के गरी तर लाउनुभा’को हँ यल्लाई ? आफ्नो घराँ’ पनि यस्तो काम गर भनेर लाइदिनु न !”

"बिचरी तिम्री आमा ! तिमीले हामीकहाँ किन त्यसरी काम गरेकी हौ भन्ने कुरा उहाँलाई के थाहा र !"

वास्तविक कुरो त मेरी आमालाई पनि त थाहा थिएन नि ! होइन भने राती पर्ने गरी अबेलासम्म बसेकी तिमीलाई रातबिरात "बाबु, जा जा मुडुलीलाई घर पुऱ्याएर आइज त । इ इ यो पनि यहाँ के-के लस्याङपस्याङ गर्दै दिनै बिताउँछे भन्या । अलि उज्यालैमा घर जानु पर्दैन ? अधैंरो भएपछि मलाई त्यस्तै डर लागेर आउँछ । फेरि एक्लै पठाएँ भने यसकी आमा चाइँले पनि के भन्लिन् ? लौ जा बा यसलाई तै पुऱ्याएर आइज ।"

आहा ! आमाको आदेशले हाम्रो निम्ति इन्द्रधनुषी रंग बोकेर ल्याउँथ्यो । मेरो घरको मटानदेखि गल्ली छिचोल्दै सडक निस्केर तिम्रो घरको मटानसम्मको हाम्रो हिँडाइ, हामी झन्डै एउटै भएर पार पर्दथ्यौँ । तिमी त मसँग लेप्सिएको लेप्सियै हुन्थ्यौ नि हगि ? सम्झिन्छ्यौ ? बिर्सिन त के बिर्सेकी होलाउ र ! सीमाहीनतालाई नै ननाघे पनि विपरीत शरीरसँगको सानिन्ध्य... आह ! अहिले म थाहा पाउँदिन ती के थिए, तर त्यतिखेर हाम्रो निम्ति ती मायाका चरम अभिव्यक्ति हाम्रा ती आपसका हेराहेर पनि कत्ति आनन्ददायी र उत्तेजक हुन्थे । त्यो क्षण कति रोमान्चक हुन्थ्यो ।

"तिमीसित मेरो माया यस्सै प्रगाढ भएको थिएन । मेरो मनको होइन मेरो तनको आनन्दको मुहान पनि तिमी नै त थियौ नि !"

तर अहिले तिमीलाई देखेपछि मलाई तिमीप्रतिका ती पुराना भावहरू पटक्कै पलाएनन् । यतिका पछि भेट भए तापनि मलाई सान्निध्य पाउने रहर पटक्कै जागेन । तिम्रो आकर्षणले कति पनि तानेन । साँच्ची भनुँ भने बरू तिमीप्रति विकर्षणले भयो । तिमीसँग बोल्नुपर्ला भन्ने डरले म त्राहिमाम भएँ । कुनै बेलाकी तिमी आराध्य थियौ भन्ने सम्झेर पनि मलाई असजिलो लागि आएको छ । हेर ! तिमीलाई अहिले देखेपछि हाम्रा पुराना ती दिनहरू अब बिर्सिन सके पनि हुन्थ्यो जस्तो लागिरह्यो । छ्या ! के विधि मोटाएकी तिमी ? श्रीमान्ले पैसा कमाए भन्दैमा त्यसरी आफ्नो रूपसँगै त बिगार्नु नपर्ने हो ! के आकर्षण भेटछन् होला तिम्रा पतिदेवले पनि तिम्रो त्यो विराट कायामा ? आखिर जति नै माया भए पनि मनले पहिले अनुभूत गर्ने त त्यही रूप र शरीरको आकर्षण नै त हो नि ! त्यही पनि के तिमीले बुझेकी छैनौ ?

लौ ! तिमीले पनि मलाई देख्यौ कि क्या हो ! तिम्रो अनुहार किन त्यसै उज्यालिएर आएको ? लौ बा ! मलाई तिमी मतिर आउँदैछ्यौ कि जस्तो लाग्यो । आएर मसँग कुराकानी गर्छ्यौ कि जस्तो लाग्यो । हाम्रा ती पुराना प्रेमका

कुराहरू उप्काउछ्यौ कि जस्तो लाग्यो । किन होला मलाई अनायासै चिटचिट पसिना आएको ? केही गरी तिमीसँग बोलेको केही गरी मेरो पत्नीले देखी भने ? तिमीले गरेको कुरा उसले सुनी भने ? तिमी नै हौ मेरी पुरानी प्रेमिका भन्ने कुरो थाहा पाई भने मेरो कत्रो बेइज्जत होला ! उसले मेरो कति उल्लिविल्ली गर्ली ! मलाई कति खिसी गर्ली !

आखिर अहिलेसम्म मैले मेरी पत्नीको अगाडि तिमीलाई सौन्दर्यकी देवी भेनसको रूपमा प्रस्तुत गर्दै आएको थिएँ । तिम्रो उदाहरण दिएर उसलाई ईर्ष्यालु तुल्याउँदै आएको थिएँ । तिम्रो शरीरको उपमा दिएर उसको हो कि होइन जस्तो मोटो शरीरलाई भद्दा भन्दै आएको थिएँ । अब अहिले उसले त्यो 'र' तिमी नै हो भन्ने थाहा पाई भने त मेरो बेइज्जतै हुन्छ ।

तर धन्य न त तिमी मसँग कुरा गर्न आयौ । न त उसले तिमीलाई देखी अथवा देखे पनि न त तिमी मेरी उही 'र' हौ भन्ने तथ्य थाहा पाई ।

अनि एउटा सत्य त मैले पनि बुझैं, तिमी मेरी पुरानी 'र' पक्कै पनि रहिनौ ।

# मैले छिमेकीलाई भूत भनेको छु

-बैरागी जेठा

मैले छिमेकी दूतलाई भूत भनेको छु
भावीलाई जङ्गली जनावर ठानेको छु
पार्कर
लक्सफोर्ड
छिमेकी मदिरा ठानेको छु
नेपाली आमालाई
सुदामा देखिरहेछु
सूद नामक भूतले
मेरी आमालाई झम्टिरहेछ
मेरी दिदी, बैनीलाई ठुँगिरहेछ
अत्याचार, शोषण र अन्यायको आगो झोसेर
पटक-पटक
हमला गरिरहेछ
भोको हुँडारले झैं
त्यसैले
यतिखेर
छिमेकीलाई बोक्सी भनेको छु
असङ्ख्य बर्बरतामा
मेरो साँध मिचेर
मेरो जग्गा लुट्दै छ
व्याँसाहरूको शैलीमा
त्यसैले म सारपिरहेछु
यतिखेर
मानवरूपी दैत्य शूदलाई
उसँग लड्न सक्ने तागत बटुलेर
खलङ्गा हमला गर्दै छु
देहरादून छिरेर

*भयङ्कर युद्ध लड्न*
*खलङ्गाको उकालो चढ्दै छु*
*आफ्ना*
*तरुलताहरूलाई काखी च्यापेर*
*ढुङ्गा, गोली, तरवार उठाएर*
*रानीका बगैँचामा*
*भावी जस्ता भूतहरू धपाउन खोज्दै छु*
*मेरो साथी*
*आऊ मसँगै*
*खलङ्गाको मैदानमा*
*विशाल नेपालको रेखा कोर्न*
*लडौँ जुधौँ*
*भयङ्कर युद्ध लड्न*
*छिमेकी भूतहरूसँग ।*


## साहित्यकार डा. सुषमा आचार्यका कृतिहरू

१. गजुर ढल्कदै छ (कवितासङ्ग्रह)
२. एकपत्र साकुरालाई (कवितासङ्ग्रह)
३. शोक शब्दाञ्जली (कवितासङ्ग्रह)
४. निर्णय (उपन्यास)
५. चन्द्रमामा खरायो (बालकथा)
६. लैनसिंह बांङ्गादेलका औपन्यासिक कृतिको मूल्याङ्कन (समालोचना र अनुसन्धान)
७. वीरकालको भक्तिकालतिर (समालोचना र अनुसन्धान)
८. माइतीघरलाई चिहाएर हेर्दा (समालोचना र अनुसन्धान)
९. केही व्यक्ति र कृतिहरू (समालोचना र अनुसन्धान)
१०. मुलुकबाहिरको एक सर्वेक्षण (समालोचना र अनुसन्धान)
११. Education System of Japan
१२. Education System of Nepal

पुस्तक पाइने ठेगाना :- ५५२२९०८

# गजल

- धनप्रसाद सुवेदी 'श्रमिक'

कता बेच्यौ हाम्रो खुशी हसमुख चेहरा खै
किन उजाड हाम्रो धर्ती हाम्रा रूख लहरा खैं ।

कसले ढाल्यो जंगेपिलर खै त हाम्रो कालापानी
वीरभद्र अमरसिंहले उठाएको पहरा खै ।

संविधानको धारावाट हाम्रो आँशु खुन बग्छ
मैलो धुने पानी पिउने हाम्रो आफ्नै छहरा खै ।

हाम्रो बस्ती ध्वस्त पारी तिम्रो महल ठडिएछ
हाम्रो आफ्नो बास ओतको आफ्नो प्यारो टहरा खै ।

कता खेद्यौ बुद्धलाई हाम्रो हिमाल किन नुध्यो
दुनियाँलाई लठ्ठ पार्ने नेपालको मनोहरा खै ।

खोटाङ

कविता

# अनामनगरकी अम्बिका दुई

- गोवर्द्धन पूजा

अठार वर्षपछि
आम्बोटैमै थिई अम्बिका
हाँस्थी, खेल्थी
सबैको प्यारी थिई
उसका चञ्चलता
सबैले मन पराउँथे
उसको बालसुलभ हाँसोमा
आम्बोटे मुस्कुराउँथ्यो ।
आठ वर्षअघि
कलेज पढ्न शहर पसी
ऊसंगै आम्बोटेको हाँसी शहर पस्यो
बुढापाकाहरूले आशाको
दियो सल्काए
'अम्बिका आम्बोटेको उज्यालो हो',
युवाहरूले खुसीको घाम देखे
'अम्बिका गाउँको भविष्य हो'
बाबु, आमा र दाजुभाइ
सबैले सुरुमा केही न केही देखे
आज अनामनगरको क्याबिन रेष्टुरामा भेटिएकी अम्बिका
अस्वाभाविक पहिरनमा थिई
मेरो उपस्थिति उसलाई नै
अनौठो लाग्यो
मैले केही बोल्नुअघि उसैले भनी
'आम्बोटेकी अम्बिकालाई
अरूले बचाउँथ्यो
अनामनगरकी अम्बिका
आफै बाँच्दैछे ।

# कानून व्यवसायमा संलग्न महिलाहरूको पेशागत चुनौती र भविष्य

-बबिता उप्रेती ढकाल

परिचयः

नेपाली समाज र यसको संरचना हिन्दुवादबाट प्रत्यक्ष रूपमा प्रभावित रहेको छ। हिन्दुवाद चौथो शताब्दीवाट चलन चल्तीमा आएको कुरालाई स्वीकारिन्छ। [1]चौधौ शताब्दीको सेरोफेरोमा वनेको पहिलो पटक कानूनी रूपमा संहितावद्ध गरिएको लिखित दस्तावेजका रूपमा मान्यता पाएको "मानव न्यायशास्त्र" समेत "लिङ्ग" र "जात" का आधारमा उनीहरूका (महिला र दलित) न्यूनतम मानव अधिकारका मूल्य मान्यतालाई उल्लंघन गरिएको "हिन्दुवाद" को दर्शनभित्र स्वीकारिएको पहिलो कानूनी लिखित दस्तावेज हो भनी स्वीकारिएको छ। [२]

आज २१ औं शताब्दीको खुट्किलो पार गरी लाग्न सक्दा समेत नेपालका सम्पूर्ण कानूनी प्रावधानहरू, यहाँको सामाजिक संरचना, संस्कार र संस्कृतिहरू हिन्दुधर्म र संस्कृतिको नाममा धेरै जसो दोषपूर्ण संस्थागत मूल्य मान्यताका संरचनाहरू (Defective Value System) द्वारा प्रत्यक्ष रूपमा संचालित र मान्यता प्राप्त भएका छन् जसलाई १४ औं शताब्दीमा पहिलो कानूनी दस्तावेजको रूपमा लिपिवद्ध गरिएको 'मानव न्यायशास्त्र' ले सहर्ष रूपमा स्वीकारेको थियो र आज २१ औं शताब्दीको सेरोफेरोमा समेत वर्तमान समयमा संचालित नेपाली हिन्दु समाजको संरचना, मूल्य, संस्कृति तथा संविधान ऐन नियमहरू सबै त्यही मानव न्यायशास्त्रमा आधारित लिंग र जातको विभेधमा आधारित भई संचालन भएको पाइन्छ।

नेपाली हिन्दु सामाजिक संरचनाभित्र महिलाविरुद्ध हुर्केका दोषपूर्ण संस्थागत मूल्य मान्यताहरू तपसिल वमोजिम रहेका छन् :-

क. पितृसत्तात्मक सामाजिक संरचना रहनु पर्ने कुराको वकालत।

ख. महिलालाई एक स्वतन्त्र अस्तित्व भएको व्यक्तिको रूपमा स्वीकार्न नसक्ने संस्कार।

---

१. अंक दलाल (२०५१), "विश्वका कानुन प्रणाली" एक के प्रकाशन काठमाडौं ४४१

२ युवराज संग्रौला (२०५५), "नेप्लिज लिगल सिस्टम" हुमेन राइटस परस्पेक्टीभ काठमाडौं स्कूल अफ ल, भक्तपुर पे. २२७

ग. महिलाको परिचयको पहिचान बाबु, लोग्ने र छोराद्वारा मात्र हुन सक्ने संस्कार ।

घ. महिलालाई सधैंभरि पुरुषको सहयोगी/सहायक र महिलाको पूर्णताको लागि पुरुषमाथि परनिर्भर रहनुपर्ने भनी महिलाको कामको लैङ्गिक भूमिका घरेलु कामकाजमा मात्र सीमित राख्ने परिस्थितिको सृजना गरिदिने संस्कार र संस्कृति ।

ङ. महिलाको आर्थिक उत्पादनमा पहुँच, परिचयको पहिचान र निर्णयाधिकारमा महिलालाई एक स्वतन्त्र व्यक्तिका रूपमा नस्वीकारी सधैंभरि पुरुषमाथि परनिर्भर रहनुपर्ने संस्कार र संस्कृति ।

च. महिलालाई पुरुषको शारीरिक आवश्यकता पूरा गर्ने वस्तुको रूपमा प्राथमिक रूपमा राखी पुरुषको दयाको पात्र बनाउने संस्कृति ।

छ. पुरुषको वंश निर्माण गर्ने यन्त्रको रूपमा व्यवहार गर्ने संस्कृति ,

ज. समग्रमा भन्दा महिलालाई एक मानव र सृष्टिको आधा हिस्सा हो भनी स्वीकार्ने भन्दा पनि सधैंभरि पुरुषको सहयोगी र पुरुषको दयाको पात्रको रूपमा मात्र महिलाको अस्तित्वलाई स्वीकार्ने दोषपूर्ण मूल्य मान्यताहरू हिन्दु धर्म र संस्कृतिको नाममा संस्थागत रूपमा आजको हिन्दु समाजमा पनि जरा गाडेर बसिरहेको छ ।

यही दोषपूर्ण संस्थागत संरचनाभित्र कानुन व्यवसायमा संलग्न महिलाहरूको चुनौती र भविष्यबारे थोरै चर्चा गर्न गइरहेको छु ।

कानूनव्यवसाय खुला प्रतिस्पर्धामा आधारित व्यवसाय हो । व्यापारमा लगानीकर्ताको सृजनाले खुला बजारमा उसको पहुँच स्थापित गरेजस्तै कानून व्यवसायमा पनि कानून व्यवसायीले आफ्नो योग्यता, क्षमता, ज्ञान र दक्षता सहितको सेवाले सम्बन्धित मुद्दा मामिलाका पक्षहरू वा सेवाग्राहीको मन जित्न सकेमा मात्रै उनीहरूबाट काम पाउन सकिन्छ । काम पाएपछि मात्रै व्यवसायलाई अगाडि बढाउन सकिने वा कानून व्यवसायको आम्दानीले आफ्नो जीविकोपार्जन गर्न सकिने हुन्छ । यो व्यवसाय कुनै जागिर खाने नियुक्ति दरबन्दी नभई सम्बन्धित पक्षको मन जिती पाइने काम हो । यो व्यवसायमा शुरूका दिनमा (करिब ५/७ वर्ष) मिहिनेत धेरै गर्नुपर्ने तर चिया खाने आम्दानीको स्रोतको पनि टुङ्गो नहुन सक्ने प्रकृतिको व्यवसाय हो । त्यसमा पनि यो व्यवसायमा स्नातक वा स्नातकोत्तर गरीसकेपछि Practicing lawyer को रूपमा अग्रज कानून व्यवसायीहरूको ल फर्ममा उहाँहरूको निर्देशनमा ४/५ वर्ष Practicing lawyer को रूपमा काम गरिसकेपछि मात्रै सैद्धान्तिक रूपमा प्राप्त गरेको

ज्ञानलाई व्यावहारिक रूपमा उतार्न सकिन्छ। यसरी Practicin lawyer भएर काम गर्दा विशेष गरेर बिहान बलुका/साँझपख निरन्तर फर्ममा मुद्धासँग सम्बन्धित विषयहरू अध्ययन गर्ने र दिउँसोको समय अदालतमा समय दिनुपर्ने हुन्छ। यो अवधि भनेको उमेरको हिसाबले २२ वर्षदेखि ३०/३२ वर्षको उमेर अवधि पर्दछ। यसरी व्यवसायमा लागी पेशागत दक्षता अभिवृद्धि गर्ने समयमा हाम्रो हिन्दु समाजको संस्थागत सामाजिक संरचनाअनुसार विवाहवारी गरी घरजम बसालिसक्नपर्ने बाध्यात्मक दायित्व तोकेको छ। वर्तमान समाज र परिवारले अपेक्षा गरेका लैङ्गिक भूमिकाको दायित्व निर्वाह गर्दा यही समयमा बच्चा हुर्काउनुपर्ने सामाजिक दायित्व महिलामा बढी भएको र पुरुषको काम भनेको घरबाहिरको वा घरबाहिर गएर कमाएर ल्याउने। स्वास्नी र छोराछोरीलाई इज्जत आमदअनुसारको मापदण्डमा राख्ने भन्ने भूमिका तोकेको छ, भने महिलालाई घरभित्रको रेखदेख गर्ने, परिवारको हेरचाह गर्ने मुख्य भूमिका तोकेको छ। महिलाको धेरै समय घरायसी घरधन्दामा बित्दछ। घरायसी घरधन्दामा धेरै समय नबिताउने महिलाहरू पनि आफ्नो पेशागत दक्षता अभिवृद्धि गर्ने तर्फ लाग्नेभन्दा पनि परिवारको हेरचाहको दायित्वमा समय खर्चनै गरेको पाइन्छ। यसर्थ वर्तमान अवस्थामा परिवार र समाजले अपेक्षा गरेको लैङ्गिक भूमिका पूर्ण रूपमा निर्वाह गर्नुपर्ने परिस्थितिमा रहेका कानुन व्यवसायमा संलग्न महिलाहरूले कानून व्यवसायमा दिनुपर्ने प्रशस्त रकम दिन त कता हो कता त्यसका लागि चाहिने न्यूनतम समय पनि दिन नसकिरहेको अवस्था विद्यमान छ। अर्कोतर्फ प्रकृतिले नै महिलाहरूलाई पुरुषको भन्दा भिन्न जिम्मेवारी (सन्तान जन्म दिने) निर्वाह गर्ने भूमिका दिएको छ। यो भूमिका मानव सभ्यताको विकासको लागि अपरिहार्य छ तसर्थ यो भूमिका/जिम्मेवारी निर्वाहमा पुरुष (लोग्ने) र घर परिवार सदस्यहरूले विवेकको प्रयोग गरी समाजले अपेक्षा गरेको लैङ्गिक भूमिका (घर भित्रको काममा मात्र सीमित नराखी) भन्दा माथि उठाउन प्रयत्न गरेमा महिला पनि सक्षम हुन सक्ने स्थिति आउँछ। संस्थागत सामाजिक विभेदको संरचना भित्र रहनुपर्ने वाध्यतामा रहेको महिलाहरूले आउन व्यवसायमा परिवार र लोग्नेले अपेक्षा गरेको लैङ्गिक भूमिका/जिम्मेवारी महिला एक्लैले मात्रै निर्वाह गर्दा महिलाको कार्य क्षेत्र घर परिवारको दायरा र घर परिवारको रेखदेखमा मात्रै सीमित रहन सक्ने हुन्छ र सार्वजनिक जीवनमा प्रवेश गरी महिला स्वयं पनि आर्थिक उत्पादनमा सहभागी भई व्यवसायिक व्यक्ति बन्न सक्ने सम्भावनाका मार्गहरू वन्द हुने धेरै सम्भावना हुने गर्दछ। यस्तो अवस्थामा घर परिवार र विशेष गरी वैवाहिक जीवनमा लोग्ने (श्रीमान्) ले महिलालाई मानवीय व्यवहार गरी मान्छेको अस्तित्व

उसको कर्मको मात्रै सम्भव छ भनी महिलालाई आफूमाथि मात्रै परनिर्भर बनाउने जड मानसिकताबाट माथि उठी सह-अस्तित्वको आधारमा सहयात्रीको रुपमा कर्म (व्यवसाय) गरी खानेकुरामा निरन्तर प्रेरकको रुपमा जीवनसँगीको साथ पाएमा मात्रै कानून व्यवसायमा महिलाको व्यावसायिक निरन्तरताले स्थायित्व प्राप्त गर्न सक्ने सम्भावना देखिन्छ। अन्यथा यस कानून व्यवसायमा महिलाको पेशागत निरन्तरता भनेको बर्खाको भेल जस्तो हुने गरेको छ। यस्तो भेल हिँउद लागेपछि सुक्ने गर्दछ। यस कानून व्यवसायमा संलग्न महिलाहरूका लागि परिवार विशेष गरी लोग्ने (श्रीमान्) को प्रत्यक्ष सहयोग, सद्भाव, प्रेरणा, हौसला र सद्-विवेकको आवश्यकता तपसिलमा लेखिएका कुराहरुको सामना गर्नुपर्ने भएकोले पर्दछ।

व्यवसायमा लाग्न सुरुका केही वर्षसम्म सरकारी जागिर (१०-५) भन्दा धेरै बढी समय खर्चनुपर्दछ। बिहान बेलुकाको समय पनि प्रायः यसैमा लगाउनुपर्दछ। लामो समयसम्म बिनाआम्दानी (आर्थिक) धैर्य लगनशील भएर काममा एकाग्र भई लागिरहनुपर्दछ। यो समयमा परिवार/श्रीमान्माथि पूर्ण रूपमा पर निर्भर रहनुपर्ने अवस्था हुन्छ। यसरी आर्थिक रूपमा पनि पूर्ण रूपमा परिवार/श्रीमान्सँग परनिर्भर रहनुपर्ने उता घरपरिवारको रेखदेख, हेरचाह र घरभित्रको काममा पनि झण्डै-झण्डै आधा जसो काम घरपरिवार श्रीमान्ले समाली दिनु पर्ने स्थितिले गर्दा अत्यन्तै सन्तुलित अवस्थामा मात्रै सौहार्द रूपमा व्यवसाय र दाम्पत्य जीवन अगाडि बढ्न सक्ने अवस्था देखिन्छ। अन्यथा परिवार र व्यवसाय दुवै तनाव र अत्यन्तै द्वन्द्वमा चलेको देखिन्छ। यसर्थ जो महिलाहरूको धेर थोर पारिवारिक सहजता छ र आफू स्वयंमा पनि व्यवसायमा लाग्छु भन्ने दृढ संकल्प, प्रतिवद्धता, लगनशीलता र धैर्यसहित पेशामा लागेका छन् उनीहरूको पेशाले निरन्तरता पाइरहेको देखिन्छ। जो तनाव र द्वन्द्वमा व्यवसाय गरिरहेका छन् उनीहरूको व्यवसाय बर्खाको खोला भएको छ हिउँद लागेपछि सुक्ने र त्यसपछि अन्य कामको खोजीमा विशेषगरी जागिरतिर प्रवेश गरेको देखिन्छ र ठूलो समूह पहिचानको लागि कानून व्यवसायी भनी सामान्य काम गरेको देखाउने गरे तापनि घरायसी सेरोफेरोमा नै सीमित रहेको देखिन्छ।

**कानून व्यवसायी तथा कानून व्यवसायमा संलग्न महिलाहरूको पृष्ठभूमि र संख्यात्मक विवरण**

**पृष्ठभूमि :**

२०१३ साल कार्तिक ७ गते प्रकाशित गरी नेपालमा कानूनमा व्यवसाय गर्ने व्यक्तिलाई प्रमाणपत्र दिने कार्यको थालनी भए तापनि वि.सं. २०१७ साल

असोज २० गते प्रथम पटक नेपाली महिला स्व. शान्तिदेवी थापा क्षेत्रीले अभिकर्ताको रुपमा २७ नं. प्रमाणपत्र लिएर कानून व्यवसायीका रूपमा प्रवेश गर्नुभएको देखिन्छ।[३] २०२० सालमा ७३ नं. प्रमाणपत्र लिएर पहिलो महिला अधिवक्ताका रूपमा सुशिला सिंह शिलु कानून व्यवसायीका रूपमा प्रवेश गर्नुभएको देखिन्छ।[४] २०२१ सालमा ९४ नं. प्रमाणपत्र लिएर दोस्रो महिला अधिवक्ताको रूपमा तुषारा क्रान्ति भट्टाचार्यको प्रवेश देखिन्छ।[५] २०२४ सालमा १०६ नं. को प्रमाणपत्र लिएर तेस्रो महिला अधिवक्ताको रूपमा मा.न्या. शारदा श्रेष्ठको प्रवेश देखिन्छ।[६] यसरी महिलातर्फ २७ नं. को प्रमाणपत्र लिएर पहिलो वरिष्ठ अधिवक्ता बन्ने सौभाग्य मिति २०३३।३।१७ मा सुशिला सिंह शिलुले पाउनुभयो भने ५२ नं. को प्रमाणपत्र लिएर दोस्रो वरिष्ठ अधिवक्ता मिति २०६१।१।५ मा विराटनगरलाई कर्मथलो मानी कानून व्यवसाय गर्दै आउनुभएको सुशिला कार्कीले पाउनु भएको छ।[७] महिलातर्फ पहिलो न्यायाधीश बन्ने सौभाग्य अधिवक्ता शारदा श्रेष्ठले पाउनु भएको देखिन्छ।[८]

**संख्यात्मक विवरण :**[९]

क) नेपाल वार काउन्सिल

| दर्जा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| वरिष्ठ अधिवक्ता | २ | ३.८५% | ५० | ९६.१५% | ५२ | |
| अधिवक्ता | ९१० | ७.७४% | १०,८४६ | ९२.२६% | १२,३५३ | |
| अभिवक्ता | ६९३ | ७.१२% | ९,०३८ | ९२.८८% | ११,८६९ | |
| अभिकर्ता | ५ | ०.४६% | १,०८८ | ९९.५४% | ११०५ | |
| जम्मा : | १,६१० | ७.११% | २१,०२२ | ९२.८९% | २२,६३२ | |

३. सर्वोच्च अदालत वार एशोसिएसन महिला शाखा, (२०६१), "महिला कानून बुलेटिन", पे......प्रकाशनका सन्दर्भमा

४. सर्वोच्च अदालत वार एशोसियसन महिला शाखा, (२०६१), "महिला कानून बुलेटिन", पे......प्रकाशनका सन्दर्भमा

५. सर्वोच्च अदालत वार एशोसियसन महिला शाखा, (२०६१), "महिला कानून बुलेटिन", पे......प्रकाशनका सन्दर्भमा

६. सर्वोच्च अदालत वार एशोसियसन महिला शाखा, (२०६१), "महिला कानून बुलेटिन", पे......प्रकाशनका सन्दर्भमा

७. नेपाल वार काउन्सील कार्यालय, कुपण्डोल

८. सर्वोच्च अदालत वार एशोसियसन महिला शाखा, (२०६१), "महिला कानून बुलेटिन", पे......प्रकाशनका सन्दर्भमा

९. स्रोत : नेपाल वार काउन्सील : मिति २०६४/९/५ मा प्राप्त विवरण

ख) संख्यात्मक विवरण : १०

| दर्जा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| वरिष्ठ अधिवक्ता | २ | २.६०% | ७५ | ९७.४०% | ७७ | |
| अधिवक्ता | ९७८ | ७.९२% | ११,३७५ | ९२.०८% | १२,३५३ | |
| अभिवक्ता | ६९३ | ५.८७% | ११,१७६ | ९४.१६% | ११,८६९ | |
| अभिकर्ता | ५ | ०.४४% | १,१०० | ९९.५६% | १,१०५ | |
| जम्मा : | १,६७८ | ६.६१% | २३,७२६ | ९३.३९% | २४,४०४ | |

नोट: संख्यात्मक हिसाबले प्रमाण-पत्र प्राप्त महिलाहरूको संख्या माथिको क र ख तालिकाको तथ्याङ्कअनुसार एक वर्ष अन्तरमा पुरुषको संख्या भन्दा महिला घट्दो देखिन्छ। यो तथ्याङ्कलाई तुलना गर्दा महिला कानून व्यवसायी सख्या ६७ बढ्दा पुरुष का.व्य. संख्या २७०४ बढेको देखिन्छ।

काठमाडौं भ्याली भित्रका बार एकाइहरूमा देखाइएको तथ्याङ्कअनुसार कानून व्यवसायीको प्रमाणपत्र प्राप्त संख्यामा नै कम रहेका महिला कानून व्यवसायीहरूमध्ये अझ कानून व्यवसाय पेशामा आएको वा संलग्न रहेको महिला संख्या त अत्यन्तै न्यून देखिन्छ। त्यसमा पनि कानून व्यवसायलाई आफ्नो मुख्य पेशा बनाएर पेशामा लागिपरेका महिलाहरू पुरुष प्रतिस्पर्धाका बीचमा प्रतिस्पर्धा गर्दै आफ्नो कामको कार्य क्षेत्रमा दक्षता/कुशलता हासिल गर्दै यसै क्षेत्रमा आफ्नो भविष्य देख्ने महिलाहरूको संख्या औंलामा गन्न सकिने अवस्थामा रहेको देखिन्छ। समग्रमा भन्दा तथ्याङ्कले महिलाको संख्या २५,४०४ मध्ये १,६७८ तथा ६.११% देखिन्छ। मिति २०६५/१०/८ सम्मको वार काउन्सीलको विवरण-अनुसार नवीकरण संख्या ६,२८० मध्ये ३१४ तथा ५% देखिन्छ। र, भ्यालिभित्रका वारको तथ्याङ्क र वार कार्य समिति सदस्य तथा पेशामा संलग्न कानून व्यवसायीको भनाइअनुसार महिला नवीकरण संख्या ५५५ मध्ये व्यवसायमा संलग्न महिलाहरू लगभग ८१ जना मात्र रहेको देखिन्छ।

कानून व्यवसायमा महिला सहभागिता वृद्धिका लागि लिनुपर्ने कदमहरू :

१. महिला स्वयंमा कानून व्यवसायमा प्रवेश गर्ने र व्यवसायमा प्रवेश गरिसकेपछि यसका चुनौतीहरूलाई सामना गर्ने दृढ इच्छाशक्ति, संकल्प, धैर्य, लगनशीलतासहित कार्यान्वयन गर्ने आत्मविश्वास हुनु पर्ने।
२. मानव भएको कारणले महिलाले महिला अधिकारको खोजी र आफ्नो अस्तित्वको लडाइ लड्दा आफ्नो प्राकृतिक लैङ्गिक भूमिका र

१० स्रोत: नेपाल वार काउन्सील मिति २०६५/१०/८ मा प्राप्त विवरण: काउन्सीलका कर्मचारी सुरजका

पारिवारिक दायित्वको सीमालाई पनि आफ्नो व्यावसायिक काममा सन्तुलित ढङ्गले अगाडि बढाउने वैचारिक स्पष्टता हुनुपर्ने ।

३. व्यवसायलाई आर्थिक उत्पादनसँग प्रत्यक्ष सरोकार राख्ने गरी कामको क्षेत्र किटान गरी अगाडि बढ्नुपर्ने ।

४. कानून व्यवसाय खुला प्रतिस्पर्धामा आधारित व्यवसाय भएकोले यो व्यवसायमा टिकिरहन समग्र विषयको निरन्तर अध्ययन गर्ने बानी बसाली रहनुपर्ने वा सधैं विद्यार्थी हुन तयार रहनु पर्छ ।

५. व्यवसायिक आकार आएका वा आउन सक्ने सम्भावना देखिएका महिलाहरूलाई वार एकाइहरूले संस्थागत रूपमा उनीहरूको वैचारिक आस्थाको आधारमा विभेद नगरी उनीहरूको क्षमता अभिवृद्धि गरी प्रतिस्पर्धामा ल्याउन र दक्षतासहितको सेवा प्रदान गर्ने व्यवसायिक प्याकेज कार्यक्रम ल्याउनुपर्ने ।

६. वकालतको प्रमाणपत्र लिएकामध्ये कतिले कानूनी सल्लाहरूकार, अध्यापन, अनुसन्धान, सरकारी र गैर सरकारी संसथा (Consultancy, Teaching, Research, NGO, INGO) मा संलग्न रहेर पनि पेशालाई निरन्तरता दिएका छन् ? र कति जना कानून व्यवसायलाई नै जीविकोपार्जन मानेर Litigent Lawyer भनी पेशामा संलग्न छन् ? त्यस बारेमा एकसरो तथ्याङ्क राख्ने संयन्त्रको विकास गर्नुपर्ने ।

७. पेशामा संलग्न महिलाहरू व्यवसायीको रूपमा वकालतको कुन क्षेत्रको काममा बढी संलग्न हुनुहुन्छ ? त्यसबारेमा पनि एकसरो तथ्याङ्क राख्ने सयन्त्रको विकास गर्नुपर्ने ।

८. पेशामा रहेका महिलाहरूको नामसहित एकसरो तथ्याङ्क राख्ने संयन्त्रको विकास गर्नु र तथ्याङ्कलाई व्यवस्थित गर्दै जानु राम्रो हुनेछ । यसरी पेशामा रहने सम्भावना रहेका महिलाहरू तथा माथि टेवलमा उल्लिखित उपत्यकाभित्रका बार एकाइ कार्य समिति, महिला शाखा, केन्द्रीय वार पार्षद र पेशामा संलग्न महिलाहरूको पेशागत स्थिति उनीहरूको Quality Delivery Service र कामको क्षेत्र तथा भविष्य सम्बन्धमा कानून व्यवसायीको पहलमा अनुसन्धान गरी अनुसन्धानबाट तथ्याङ्क वारका कार्यक्रममार्फत छलफलमा ल्याई तथ्याङ्कलाई उजागर गर्ने र व्यवसायमा संलग्न हुन चाहने र संलग्न भई पेशामा आइसकेकाहरूको व्यावसायिक दक्षता वृद्धि कसरी गर्न सकिन्छ ? प्रतिस्पर्धामा उत्रन पेशामा न्यूनतम मापदण्डहरू के-के पूरा गर्नुपर्दछ ? आदि बारेमा

अन्तरक्रिया, छलफल, गोष्ठी तालिम आदि गरी मार्ग प्रशस्त गर्न सकेमा व्यवसायमा लागेका वा लाग्न चाहने महिलाहरूका लागि बढी लाभदायक हुने देखिन्छ ।

निष्कर्ष :

समग्रमा भन्दा अध्ययनशीलता लगनशीलता निरन्तरता, धैर्य र प्रतिस्पर्धाले मात्रै कानून व्यवसायमा संलग्न महिलाहरूको आफ्नो कामको कार्य सम्पादनमा दक्षता अभिवृद्धि भएको देखिन्छ । साथै उहाँहरूको भविष्य पनि व्यवसायमा सफल नै रहेको पाइन्छ । यसको उदाहरणको रूपमा भर्खरै मात्र सर्वोच्च अदालतको न्यायधीशमा नियुक्त हुनु भएको कानून व्यवसायमा महिलाहरुको माझमा व्यवसायिक रूपमा ज्यूँदो इतिहासको रूपमा आफूलाई स्थापित गराई सक्नुभएकी वरिष्ठ सुशिला कार्कीज्यूलाई लिन सक्दछौं ।

तसर्थ संख्यात्मक रूपमै अत्यन्त थोरै संख्यामा रहेका महिला व्यावसायिमध्ये जो पेशामा निरन्तर रूपमा लागिरहनुभएको छ प्रतिस्पर्धामा उत्रनुभएको छ । पेशागत दक्षता हासिल गर्नुभएको छ वा त्यतातर्फ उन्मुख हुनुहुन्छ उहाँहरूको भविष्य पेशामा सुन्दर नै रहेको देखिन्छ । यद्यपि संख्यात्मक रूपमा र पेशामा महिला सहभागिता बढाउने, व्यवसायमा आएकालाई पेशामा लागिरहन प्रेरणा दिने, निरन्तरता दिएकालाई प्रतिस्पर्धामा उत्रन प्रेरित गर्ने तथा कामको क्षेत्रमा दक्षतासहितको सेवा प्रदान गर्ने कुरा (Quality Delivery Service) पेशामा लाग्ने सबैका लागि चुनौती त छँदैछ । त्यति हुँदाहुँदै पनि हाम्रो जस्तो सामाजिक संरचना भएको समाजमा परनिर्भरता मानसिकता बोकी परिवार र समाजले अपेक्षा गरेको लैङ्गिक भूमिका र कर्तव्य निर्वाह गर्दै व्यवसायमा आउन व्यवसायको आम्दानीले जीविकोपार्जन गर्न महिलाहरूका लागि धेरै कठिन र चुनौती रहेको छ ।

कविता

# मितेरी साँघु

डा. सुषमा आचार्य

भानु !
हिजो तिमीले कोरेको भाषिक रेखाङ्कनले
आज राष्ट्रको साँध सिमाना नाघी
विश्वव्यापी करणको अभियानमा सरिक भई
नेपाली जाति र भाषाको प्रतीक बन्दैछ
महलबाट झुपडीको जनजिब्रोमा पुऱ्याई
देवभाषामा मात्र भजिने सीता रामलाई
कान्छा-कान्छी सम्झी
घर घरमा ढिकी, जाँतो मेलापातमा
दुःख वेदना पोख्न
खसालेर बोलिने खाम भाषालाई साधन बनाइदियौ ।
नाम र दामको लोभ नगरी
हृदय-हृदयबीचको मितेरी साँघु बन्यौ
नेपाली जातित्वको पहिचान गराइदियौ
विद्युतीय प्रविधि र भूमण्डलीकरणले
भाषा र साहित्यको वर्णशंकरको रूप
धारण गरेको बेला
स्थान र समयको बन्देज हटी
पुराना मूल्य र मान्यता पाखा लागेको बेला
तिमी भै दिएको भए
उदारता र मुक्तताको रूप धारण गरी
तिम्रो भाषिक आन्दोलनको दैलोभित्र
समेटिने थिए हिमाल, तराई र पहाडका वाणीहरू
समावेशी बनी घन्किने थियो एउटै आवाज
ॐ आकार झैं शाश्वत भएर
नेपाल र नेपालीको नाम विश्वैभरि

त्यसैले मेरो अनुरोध छ भानु तिमीलाई
जसरी तिमी नेपालीका मन मस्तिष्कमा छाइदियौ
राख्यौ सान नेपालीको
अब एकपल्ट फेरि
देशका शासकहरूको हृदयमा उदाइदेऊ
पसिनाले निथ्रुक्क भिजेका नेपालीको मर्म बुझाइदेऊ
आखिर जहाँ रहे पनि
नेपालीत्वको रगतको मूल्य र पहिचानको अपनत्व
भौतिक सम्पन्नताले कहाँ किन्न सक्छ र ?
बनको चरी बनमा नै रमाउँछ हैन र ?
दूध पोषिलो भए पनि
माछा त पानीमा नै बाँच्छ हैन र ?

# निष्पाप आँखाहरू

ललिता 'दोषी'

एकाएक छोरा सुवासको स्वभावमा आएको परिवर्तनले सुधालाई ज्यादै अघात पुऱ्याउँछ। रात निक्कै छिप्पिसक्दा पनि उनी निदाउन सक्दिनन्। मन सिमलभुवाझैं उड्छ। नउडोस् पनि किन ? सुवास बाईस-चौबीस वर्ष पुग्दासम्म अहँ, उनको अनुहारमा कहिले कुण्ठा देख्नै पाइनन् सुधाले। सधैं हँसिलो र धपक्कै बलेको सूर्यपुन्जझैं थियो उनको अनुहार। झट्ट देख्दा कसैले उनी बोल्न सक्दैनन् भन्ने अनुमानसम्म गर्दैनथे। त्यस्तो मान्छेलाई कसले निरीह बनायो ? किन टोलाइरहन्छन् सुवास ? किन गहभरि आँशस पारेर लामो-लामो सुस्केरा हाल्छन् ? कठै ! यस उमेरमा आएर आफ्नो जन्मलाई अभिशाप त सम्झेनन् उनले ? त्यो कसरी हुनसक्छ र ? सुधाको आँखामा अतीत सल्बलाउँछ।

"सुवास दुई-अढाई वर्षको हुँदा सुवासको बाबु मोतीराम अचानक बसदुर्घटनामा परी मरे। २०-२२ वर्षको उमेरमा सिँदुर पुछिँदा सुधा झन्डै पागल नै भइन्। लोग्नेको मायाले विह्वल भएकी सुधाले छोरो सुवासलाई टाइफाइड भएको पत्तै पाइनन्। बिरामी भएको थाहा पाएर राम्रो उपचार गरेपछि सुवासलाई निको त भयो तर श्रवणशक्ति र बोली सदाको लागि हरायो। उनले पहिले बोल्न जानेका आमा, ममा, पापा, ताता आदि शब्द भने राम्रै उच्चारण गर्थे। एकै समयमा लोग्ने गुमाउनुका साथै छोराको बोलीसमेत गुमाउँदा सुधालाई कति वज्र पऱ्यो होला त्यो त केवल उनैले भोगिन्। त्यसैमाथि सुधालाई समाजले दुर्गन्ध नाली छ्याप्न छोडेन। ती अत्यास लाग्दा क्षणमा सुधाका आँखाबाट मानौं, रगतकै आँसु बग्यो। पीडा सहन गर्न नसकी कयौंपटक छोरालाई मारेर आफू मर्ने विचार पनि गरिन्। सुवासको गला दबाउन नसकेर मात्र उनी बाँचिन्। सहरको बसोवास; सहरका अनेक थरी मान्छेहरूका बीचका सुधालाई आफ्नो जीवन भारीझैं भयो। झर्झराउँदो वैंस, सुन्दर अनुहार, ...न्की परेको जिउडाल मसिनो बोली भएकी सुधा बत्तीसै लक्षणले युक्त थिइन्। उनलाई देखेर ऱ्याल चुहाउनेहरूको गणना गरेर साध्य थिएन। कोही स्वार्थले उनी नजिक आउन लालायित हुन्थे भने कोही वास्तविक मायाले नै उनीतिर खिचिन्थे। कोही भन्थे-"सुधा, तिमीले सोचेझैं सिङ्गो जिन्दगी एक्लै काट्न सजिलो छैन। तिमी छोरालाई छोड्न सक्दिना

भने आफ्नै छोरोसरह ठान्छौं" भनेर पनि उनलाई सम्झाउन कोशिस गर्थे ।

सुधाको बैंस खेर नजाओस् भन्ने सोचाइ छिमेकीहरूको पनि थियो उनीहरू सम्झाउँथे-"हेर सुधा, शीततताप खपेर बैंसलाई कुल्चँदै एउटा छोराको मोहमा जिन्दगी नडुबाऊ । राम्ररी बोल्ने भए पनि पछि सुविस्ता होला भन्नु, त्यो पनि होइन । मरेर गइसकेका मानिसको मायालाई छातीमा नच्यात त्यसले भोलि तिमीलाई दुःख हुन्छ । त्यतिखेर पश्चात्ताप गरेर के गछ्र्यौ ? आफू प्यासमा छट्पटिदै मुहान सुवासकै लागि मात्रै खन्यायौ भने तिमी अलपत्र हुन्छ्यौ, याद गर । छोरालाई बालमन्दिरतिर जिम्मा लगाएर तिमी आफ्नो भविष्य सुधार । यसो गर्दा नै तिमी र तिम्रो छोराले पछि सुख पाउँछौ । बच्चाकै लागि जिन्दगी च्याँखे राख्नेहरू रित्तिएको धेरै देखिएको छ । तिम्रो पनि त्यही हालत नहोस् भन्ने लागेर सम्झाएका हौं । तिमी आफै पनि जान्दछ्यौ; तिम्रो बुद्धिको घैंटोले के भन्छ ?"

सुधा सबैका कुराहरू सुन्थिन् । उनीसँग छिमेकीहरूलाई दिने उत्तर नै हुँदैनथ्यो । जसले जुन हिसाबले सम्झाए पनि आफू रम्ने बहानामा आफ्नै काखमा निर्धक्क निदाइरहेको त्यो अबोध शिशुलाई पन्छाउन उनको मनले पटक्कै मानेन । कयौं तुफानको परवाह नगरी सुधा अगाडि बढिरहिन् ।

सुवास पनि नौ वर्ष पुगेर दशमा लागे एकदिन सुवासले सुधानजिकै बसेर साङ्केतिक भाषामा भने-"आमा, तिमी अरूहरूझैं किन हाँस्दिनौ ? मेरै पीरले दुखित नहोऊ । हेर , मसँग मन, मुटु, मस्तिष्क, हिम्मत सबै छ । तिमी गर्वसाथ हाँस, कहिल्यै दुखित नहोऊ । हेर, म आकाशको चन्द्र टिप्न सक्ने हुन्छु र मगमगाउने फूलजस्तै बन्छु। विश्वास गर, म तिमीलाई कहिल्यै रुवाउन्नँ; तिम्रा जीवनमा कहिल्यै दुःख आउन दिन्नँ । तिमी सधैं हाँस्नुपर्छ । तिमी हाँस आमा, तिमी हाँस ।"

सुधालाई केही क्षण त विश्वास नै लाग्दैन । त्यो सब भन्ने आफूले जन्म दिएको शिशु त हो ? ऊ भित्र त्यति आत्मीय प्रेम छ । सुधा खुसी हुँदै सुवासलाई छातीमा टाँसेर धेरै बेर रोइन् ।

सुवासले पुनः सुधाको आँखाको आँसु पुछ्दै भने, "हेर आमा, म कति ठूलो भएँ । आजदेखि म तिमीलाई डोऱ्याउँछु ।" नभन्दै त्यसपछिका दिनहरूमा सुवासले नै सुधालाई ताती गराए । सुवासले पढाइ, खेल र राम्रै अनुशासनबाट प्राप्त गरेको पुरस्कारहरू गन्दागन्दै कहिले आफ्नो यौवन रित्तियो पत्तै भएन सुधालाई ।

हिजोसम्म सुवासलाई नै हेला गर्ने मान्छेहरू सुवासकै स्तुति गाउन थाले । "वाह ! सुवासको छक्कापन्जारहित माया, तीक्ष्ण मस्तिष्क, पौरखी

हातहरू। सुवास त वास्तवमा ईश्वरको सुन्दर सृष्टि पो रहेछ। साँच्चै नै आँखा, बोली वा हात-खुट्टा नहुँदैमा मानिस अपाङ्ग हुँदो रहेनछ। विवेक नभएपछि पो मानिस अपाङ्ग हुँदो रहेछ" भन्न थालेका थिए। सबैका लागि आँखाको नानी बनेको सुवास त्यसरी टुट्दा सुधालाई सहिनसक्नु भयो। सुधा लर्खराउँदै सुवासको कोठामा पुगिन्। सुवासको हालत देखेर आत्तिँदै चिच्याइन्। वरपरका मानिसहरू आए। सबै जम्मा भएर छट्पटाइरहेको सुवासलाई हस्पिटल पुऱ्याए, उसले विष सेवन गरेको रहेछ। सुधाले पनि आफूलाई सम्हाल्न नसकी होस गुमाइन्।

सुधाको धेरै बेरपछि होस खुल्यो। डाक्टरहरूले सुवास बाँच्छन् भनेपछि सुधा विस्तारै उठेर सुवाससामु पुगिन्। सुवास दुई वर्षे बालकझैं गरी सुधाको खोकिलामा टाँस्सिएर धेरै बेर रोएपछि साङ्केतिक भाषामा भने-"आमा, म वास्तवमा अपाङ्ग नै रहेछु। मेरो दिललाई मान्छेहरू ढुङ्गा ठान्दा रहेछन्। भन, कसले देख्छ मन रोएको, म भत्किएँ आमा, अब तिमीलाई डोऱ्याउने सामर्थ्य ममा छैन। मजस्तो अपाङ्गलाई तिमीले मर्न दिएकी भए हुन्थ्यो।"

सुधाले रुँदै साङ्केतिक भाषामा सोधिन्-"बाबु ! तिमीलाई कसले अपाङ्ग भनेको छ र ? तिमी त असल छौ, अरू सबै मानिसभन्दा मलाई त तिमी नै राम्रो लाग्छ, तिम्रै माया लाग्छ।"

सुवासले आँसु चुहाउँदै उत्तर दिए-"आमा ! यो संसारका सबैले मलाई अपाङ्ग भनेका भए पनि म विष खाँदैनथे। मैले आफ्नै मटु सम्झेको आशाले मलाई लाटो भनिन्। नपत्याए जाऊ त्यो ठेगानामा गएर ऊसँग सोध, म को हुँ ?" सुवासले फटाफट ठेगाना लेखेर सुधाको हातमा थमाए। सुधा ठेगानाअनुसार ट्याक्सीमा आशाको घरमा पुगिन् र कोठाभित्र पस्दै-"आशा भनेको को हो ?" भनी सोधिन्।

आशाले वसेको ठाउँबाट उठेर भनिन्-"आशा म हुँ। उनी मेरी साथी राधिका हुन्। किन खोज्नुभएको ? मैले त तपाईलाई चिनिनँ नि !" सुधाले आशाका खुट्टा समातेर रुँदै-"नानी हामीलाई बचाउनोस्। सुवासको पवित्र माया नलत्याउनोस्। तपाईको मायाले सुवासले विष सेवन गरे। बल्लबल्ल बचाउनसम्म सफल भयौं। सुवास तपाईको प्रतीक्षामा छन्। बिन्ती नाइँ नभन्नोस्। म तपाईलाई लाख प्रणाम गर्छु" भनिन्।

आशाले बम पड्केझैं पड्केदै भनी-"तँलाई यो घरमा आउने साहस कसरी भयो, हँ ? मैले के गर्छौ रहेछ भनेर यसो जिस्केर प्रेम गरेझैं गरेको त कुरा यहाँसम्म पुग्यो। भन्न त भन्थ्यो लाटो-"म तिमीलाई असाध्यै माया गर्छु। म तिमी बिना बाँच्न नै सक्दिनँ। हा... हा... क्या गजब विष नै पियो रे त्यसले।

त्यस्तो लाटोलाई मर्न नै दिएको भए हुन्थ्यो, किन बचाएको त ? थुक्क ! लाटोलाई पनि बैंसले कुत्कुत्याउँदो रहेछ । "

सुधाले आशाको खुट्टामा छाँद हालेर रुँदै भनिन्-"नानी, त्यति कठोर नबन्नोस्, उसलाई बचाउनोस् बिन्ती नानी बिन्ती... ।"

आशाले सुधालाई लात मारेर टाढा फ्याँक्दै भनी-"के यो संसारमा राम्रा मानिस नै छैनन् र म त्यो लाटोसँग जिन्दगी बिताऊँ ? निस्की जा, गइहाल् मर्न दे त्यो लाटोलाई, यस्ताको लागि म जस्ताको बलि माग्न लाज लाग्दैन तँलाई नकचरी ?"

आशाका शब्दहरूले सुधाको हृदय नै छियाछिया भयो। भूइँबाट उठ्नसम्म सकिनन् । केवल आँसु झारिरहिन् ।

त्यो दर्दनाक दृश्यले राधिकाको हृदय पग्लिएर पानीपानी भयो । राधिकाले सुधालाई उठाउँदै भनिन् -"आमा ! तपाईको छोराले मान्नुहुन्छ भने म उहाँसँग विवाह गर्छु। हेर, आशा ! प्रेमको लागि ज्यान नै दिन सक्ने प्रेमी पाउँदा पनि तँलाई ठट्यौली भयो होइन ? वास्तविक प्रेम भनेको के हो, त्यो समयले बताउला । कुनै न कुनै दिन तैंले पश्चात्तापको आँसु झार्नेछस्, म ठोकुवा गर्छु बुझिस् ।"

आशाले हा... हा... गर्दै हाँस्दै उत्तर दिई-"ल... ल... मोज गर् । तेरो लाटो लोग्ने र तँलाई बधाई छ। पेटभरि खान पाउने भइस् टुहुरीको भाग्य नै बल्ने भो । तेरा काका-काकीले पनि शान्ति पाउने भए ।"

सुधाले पुलुक्क आशातिर हेर्दै भनिन्-"नानी, तिमी सधैं यसरी नै हाँस्न सक । मलाई र सुवासलाई राधिकाजस्तै नारी चाहिन्छ । म तिम्रो वास्तविक रूप देखाएर सुवासको हृदयबाट तिमीलाई फ्याँक्छु र राधिकालाई नै विवाह गरिदिन्छु ।"

"गर् गर् राधिकालाई गर् कि साधिकालाई विवाह गर । कत्ति न राजा बास्सा जस्तै गर्छे त्यो लाटोलाई, हा... हा... । झारपात, धन्न घरमा बाबु-आमा नभएको बेलामा आइछ । निस्की, निस्किहाल् छिटो, नत्र म लात हानेर निकालिदिन्छु ।"

सुधा र राधिका आशाको भव्य महलबाट बाहिर निस्के । राधिकाले आफ्नो ठेगाना दिएर बाटो लागिन् । सुधा हस्पिटलतर्फ लागिन् ।

सुवासको भित्री मनमा कतै आशा आउँछिन् कि भन्ने झिनो आश थियो । सुधालाई एक्लै आएको देखेपछि त्यो आशा पनि उसको समाप्त भयो । सुवासको गहबाट बलिन्द्र धारा आँसु झऱ्यो ।

सुधाले रिसाउँदै साङ्केतिक भाषामै भनिन्-"तिमी मर, बाँच्नुपर्दैन । म तिमीलाई आफ्नै हातले विष दिन्छु । आमालाई लातले हिर्काउने केटीको मायामा तिमी रुन्छौ भने मलाई तिमी चाहिदैंन । अहँ ! चाहिँदै चाहिँदैन ।"

सुवासले बडो आश्चर्य मान्दै सोधे-"के उसले साँच्चै तिमीलाई लातले हिकाई ? सुधाले हो भन्दै आँसु झारिन् । सुवासले सुधाको आँसु पुछ्दै भने-"मलाई माफ गर । अब म कहिल्यै रुन्नँ र तिमीलाई पनि रुन्न दिन्नँ । म मर्दिन, तिम्रो लागि बाँच्छु ।"

सुवास मर्न खोज्नुको कारण बुझेपछि छिमकीहरूलाई पनि नमज्जा लाग्यो । छिमेकीहरू धेरै केटीहरूको कुरो लिएर सुवाससँग आए । सुवासले केटी नपाएर मर्न खोजेको होइन । प्रेममा पागल भएर मर्न खोजेको हुँ भन्दै धेरै समय विवाह गर्न मानेनन् ।

सुधा लगायत छिमेकीहरूले सुवासलाई विवाह गर्नैपर्छ भनेर कर गरे । आखिर सुवासले सबैको खुसीको लागि विवाह गर्न मञ्जुर गरे । बडो धुमधामका साथ सुवासको विवाह राधिकासँगै भयो । आमा, बाबुबिनाकी टुहुरी राधिकाले आमा र मायालु पति पाइन् । सुधा, सुवास र राधिकाका दिनहरू हर्षउल्लासमै बित्दै गए । समयको गतिसँगै राधिकाले एक छोरो र एक छोरीको जन्म दिइन् । मानौं, स्वर्ग नै भयो सुधाको घर ।

एक दिन असनको भीडमा सुवासको पछि हिँडेकी राधिका कसैको स्पर्शले टक्क रोक्किइन । सँगै आइरहेकी श्रीमती रोकिएर कसैसँग कुरा गर्न लागेको देख्ता उनले पछि फर्केर हेरे । राधिका एउटा मान्छेको आकृतिसित कुरा गर्दै थिइन् । त्यो आकृति आशाको थियो भन्ने परैबाट चिने; नजिक गएनन् । आशाले सुवासलाई देखिन् या देखिनन् भन्न सकिएन । त्यो आशा नै हो भनेर उनीहरूलाई विश्वास गर्नै गाह्रो भयो । बसन्त निखिएर फुङ्ग उडेको शिशिरझैं थियो उनको अनुहार ।

आशाले गहभरि आँसु पार्दै भनी-"के टोलाएकी ? म त्यही आशा हुँ । म आफ्नो घमन्डले चकनाचुर भएँ । अरूलाई फसाउँदा-फसाउँदै आफू फसेको त पत्तै भएन । हो, राधिका तिमीले भनेझैं म पलपल पश्चात्तापको आगोमा जलिरहेकी छु । मलाई थाहा छ, तिमी खुसी छ्यौ, सुखी र तिम्रा प्रत्येक रातहरू सुहागरातजतिकै प्रिय छन् । म भने लोग्नेले उपहारस्वरूप दिएर गएको एड्सको जीवाणुहरूसँग लड्दै मृत्यु कुरिरहेछु ।"

राधिकाले दुखित स्वरमा भनिन्-"के गर्छ्यौ त आशा, तिम्रो कोही छैन भने हिँड हाम्रै घरमा जाऊँ । सुवासले मलाई जति माया खन्याए पनि उनको

अन्तरकुन्तरमा तिमी अझै लुकेकी छ्यौ ।

"साँच्चै हो राधिका ? वीसौं वर्ष बित्दा पनि उनी अझै मलाई माया गर्छन् ?" आशालाई आश्चर्य लाग्छ ।

"हो आशा, संसारमा पवित्र प्रेम गर्नेहरूको माया चितासँग मात्रै जल्छ अन्यथा... ।"

आशा आँसु झार्दै अगाडि बढ्छे। उनका आँखाअगाडि सुवासका निष्पाप आँखाहरू सल्बलाइरहन्छन् । हो ! तिनै निष्पाप आँखाहरू ।

*बुद्धनगर, काठमाडौं ।*

o o o


## इल्या भट्टराईका

### प्रकाशित कृतिहरू

### *खोजीखोजी पढ्नुहोस्*

१. मन मनै त हो (कथासङ्ग्रह)

२. लफबराको वरिपरि (यात्रा निबन्ध)

३. अनि.... (कथासङ्ग्रह)

४. निःशब्द प्रश्नहरू (कथासङ्ग्रह) साझा प्रकाशनबाट प्रकाशित

५. युरोपः नौलो परिवेश (यात्रा निबन्ध) पैरवी प्रकाशनबाट प्रकाशित

पाइने स्थानहरू :- साझा प्रकाशनका पसलहरुमा, पैरवी प्रकाशनका पसलहरुमा

रत्न पुस्तक भण्डार तथा हिमालयन बुक सेन्टर

कविता

# नारी

- यादेवी ढकाल

नारी ऊ जनता भए पनि यहाँ रुन्छे त दासी बनी
आमा हो हुन ता तथापि उसको देखिन्न केही पनि
मात्रै फेसन झैं भएर रहने भोग्या बनी केवल
नारीले किन भोग्नु पर्छ यसरी मापी बनी सङ्कट

पैल्हे आदिमकालमा सब यहाँ नारी थिए शासक
त्यो बेला सब साम्य शान्ति सुखको बग्थ्यो अरे वैभव
आमा हुन् किन भेदभाव गरने, गर्थिन् र सन्तानमा
सत्ता पौरुषको भएपछि त भो वैषम्य संसारमा

नारी, जन्म त हार है करमकै भन्ने छ यो भावना
नारीले त सधैं सही दिनु अरे अन्यायको यातना
रोगी शोषित झैं सधैंभरि रुँदै नारी रहेकी यहाँ
आधा अङ्ग गरी अपाङ्ग दुनिया हाँस्दै छ लाजै बिना

हे नारी अब खेप्नु हुन्न यसरी अन्यायको जाल यो
तोड्नै पर्छ मिलेर जाल दुनिया अल्झाइ राख्दै छ जो
भोग्य साधन झैं भइकन यहाँ खेप्ने सबै खेपियो
नौलो जीवन भोग्नुपर्छ अब ता खोजौं नयाँ मार्ग पो ।

खोटाङ
हाल : कीर्तिपुर

कविता

# गन्धे पोखरी र पीयूषका थोपा

- कृष्णदेव रिमाल

*गन्धे पोखरी थियो*
*एउटा समूह पौडन चाहन्थ्यो*
*केहीलाई मात्र अवसर मिल्यो*
*गहिरो पोखरी*
*छेउछाउमा छाप्ल्याङ छुप्लुङ खेल्न थाले*
*मि.पी. केही गहिराइसम्म डुब्न खोजे*
*किचडहरूको अवरोध आयो*
*केही थोपा पियूष हालेर*
*पोखरी सफा गर्ने सोच्दै थिए*
*उता अर्को समूह त्यहाँ*
*किचड थप्दै थियो*
*यता आफ्नै साथीहरू*
*अझै गहिराइमा जान दवाव दिँदै थिए*
*अर्को समूहले किचड थप्दै गर्दा*
*आफ्नो समूहले पियूष थप्नुको बदला*
*दवाव मात्र थपे*
*पोखरी सङ्लेन*
*अनि मि.पि. किंकर्तव्यविमूढ भएर*
*गन्ध पोखरीबाट बाहिर निस्के*
*सबै साथीसँग मिलेर*
*पोखरी वरिपरि बसे र*
*पियूषका थोपा हाली रहे*
*पोखरी सङ्लने आसै आसमा ।*

o o o

# समय

- सन्ध्या पहाडी

चकमन्न रात
सपनाहरू खजमजिएका छन्
म यतिबेला
विश्वासको दियो बालेर
अँध्यारोमा लड्दैछु
तिनै सपनाहरूलाई
समेटेर एउटा गति दिन खोज्दैछु
रातसँग अँध्यारो छ
ऊ त्यसैलाई छर्छ
यता उता सबैतिर
बाहिर किरणहरू हराएका छन्
भित्र मनमा त्रासहरू पलाएका छन्
कतै निभ्ने हो कि दियो
म त्यसमा अझै
आत्मविश्वासको तेल थप्छु
समय
नथामिने हुरी भएर आएको छ
आँधी भएर आएको छ
जसले गर्दा
मान्छेका अस्तित्व चर्केका छन्
काँचका चुराजस्तै
आशाहरू छैनन्
चाहनाहरू छैनन्
हराएका छन्
समयको यही हुरीसँगै
आकाशका चराजस्तै
समयको यही हुरीभित्र
म भने खोजिरहेकी छु
त्यो प्रकाश जसले
पलपलमा पगपगमा
जीवनलाई ज्योतिर्मय बनाओस् ।

कविता

# निर्वासित बुद्ध : मनहरूबाट

- चन्द्रकला नेवार

म मेरो देशलाई नजिकबाट हेर्न चाहन्छु

म मेरो देशलाई नजिकबाट हेर्न चाहन्छु
मनको पाइला चाल्दै
मेरो देशको
सिमाना-सिमाना डुल्दै छु

कतै केही छुटेजस्तो
देशको सिमाना घटेजस्तो
चसक्क मुटु दुःखेजस्तो
मौन पीडा सहेजस्तो
मेरो देश दुःखको छ...
मेरो देश दुःखको छ... !

हरेक ढोका
मेरो घरको ढाकोजस्तो छ,
हरेक आँगन
मेरो आँगनजस्तो छ,
हरेक अनुहार
आफ्नै अनुहारजस्तो छ,
मनहरू थाम्छु
अपरिचित...
अपरिचित... !
चिन्न अस्वीकार गर्छ
चोइटिएर टुक्रा-टुक्रा हुन्छु,
यो मनलाई कता लगेर बिसाऊँ ?
बुद्ध आज निर्वासित छन्

यो मन,
त्यो मन
थुप्रै मनहरूबाट... !

दिउँसै रात परेका
मनहरू सोध्छन्
निद्रा-निर्वासित
आँखाहरू सोध्छन्
मुटुको माटो सोध्छ
के छ त्यो मन्दिरमा...

देउताको नाउँमा
असहाय, निरीह
कमजोर विश्वासहरूबाहेक ?
किन लाम लागेका
मन्दिरको ढोकामा
हातमा जब
श्रद्धाका दुई थुँगा फूल छैनन् ?
श्रद्धाका दुई थुँगा फूल छैनन् ?

मलाई देउता होइन
शान्ति चाहिन्छ
मलाई शान्तिमा
मान्छे चाहिन्छ
मलाई मान्छे
माया चाहिन्छ ।
० ० ०

# अति नगर

- विजयध्वज थापा

धेरै घर्षण भएपछि
बाँस आफै बल्दछ
धेरै चोट परेपछि
फलाम अस्त्र बन्दछ
नौटङ्की हेर्दा हेर्दा
लाटो चतुर बन्दछ
ढोका थुनी चुट्न थाले
बिरालो बाघ बन्दछ
वर्षा धेरै वर्षेपछि
दुलोको साँप निस्कन्छ
भो भो अति नगर
मसान आफै दन्कन्छ ॥

आगोको लप्काहरू
जब हुरी आई उडाउँछ
झुप्रोको त के कुरा
महल भष्म बनाउँछ
जमिन काँप्दछ धाजो पर्दछ
सागर पनि उर्लन्छ
धेरै राप परेपछि
नरकट पनि पड्कन्छ ॥

दुहुरो पनि जुरमुराउँछ
अवला बघिनी बन्छ
सहन नसकी स्वाभिमानी
आत्मा दाहा गर्छ
भो भो अब धेरै नगर
हर कुराको हद हुन्छ
तिम्रो शिरमाथिको आकाश
तिमीमाथि बज्रन्छ
भो भो अब धेरै नगर
हर कुराको हद हुन्छ ॥

# भानुमोतीको खोजीनिति

- डा. बमबहादुर थापा जिताली

चोखो मानवता कतातिर गयो, तिम्रो छ के हालत ?
साराको सुख-शान्ति, कान्तिपुरको सौन्दर्य कस्तो छ त !
अत्याचार कतै छ, छैन अहिले सन्तोष, चिन्ता छ के ?
भ्रष्टाचार सबै हट्यो कि अझ झन् बढ्दो र घट्दो छ के ?

मान्छेका हित निम्ति शुद्ध मनले रन्काउँदै बाँसुरी
सिर्जन्छन् कवि के विशुद्ध कविता ठानेर सर्वोपरि ?
मोतीराम र भानुभक्त कविको सन्देश साझा सुन-
सच्चा मानवता र राष्ट्रममता गर्नु सदा चिन्तन

यौटा ज्योति सशक्त बन्छ नभको निस्तब्धता खुर्कन
यौटा बीज प्रशस्त हुन्छ जगको आधारमा हुर्कन
स्रष्टा खै ? युगचेतना शिखरको आलोक फैलाउने
भाषा भक्ति र देश भक्तिरसमा उम्रेर मौलाउने

नेपाली परिवेश उज्ज्वल हुने खै लोकमा सिर्जन ?
मान्छे आपस प्रेमसाथ जिउने खै गीतका गुञ्जन ?
मीठो गीत कुनै रचिन्न कि कसो साहित्य-उद्यानमा ?
आफ्नै मादल, बाँसुरी र झरना सङ्गीतका तानमा ।

तिम्रा गीत सुरम्य ताल-लयमा हामी सुसेल्छौं यहाँ
नेपाली कविराज । सुन्दर कला, स्रष्टा तिमी छौ कहाँ ?
हाम्रो अन्तरको अनन्त मुरली फुक्ने बिहानी गयो
भावी भावुक भानुभक्तसरिको भाका भकुण्डो भयो

मीठो छन्द-गला र कविता कोरल्न को सक्छ र !
मोती-शिल्प, कला र जाँगर हुने स्रष्टा यहाँ को छ र !
स्रष्टाको जपना गरी विरहमा बत्ती म बालूँ कति
मौरी रानुबिना रहेसरि भए साहित्यका सन्तति

खाँटी मानवता र राष्ट्रममता छैनन् कुनै फाँटमा
गर्ने सिर्जन आँटिला कविहरू छैनन् कुनै आँटमा
धेरै काम गरेर शुद्ध फलको आस्वाद कल्ले लिने
थोरै काम गरेर धेर फलमा धेरै भए हल्लिने !

छैनन् आपसमा युगीन ऋतुका चैतन्य आभा यहाँ
कालो रात बढ्यो; नवीन युगका स्रष्टा तिमी छौ कहाँ ?
यस्तोमा कसरी गुराँस मनको साँचेर साँचिन्छ र !
गिर्दो हालतमा सधैं छटपटी पिल्सेर बाँचिन्छ र !

नेपाली जन टाक्सिए दिनदिनै नेता सबै सर्किए
बढ्दो घूससँगै बडो छ महँगी, ठूला बडा सप्रिए
सक्नेले मुलुकै लुड्याउन हुने आयोजनामा यहाँ
साझा उन्नत भावमा गहिरिने नेता तिमी छौ कहाँ ?

तानातान गरी लुटेर सुविधा, भत्ता बढाईकन
हानाहान छ देशका सदनमा बढ्दै गए दुर्जन
नेपाली जनता पऱ्यौं सकसमा सन्त्रास चर्की यहाँ
सारा पक्ष-विपक्षका चहकिला तारा तिमी छौ कहाँ ?

० ० ०

# गजल

- ज्ञान उदास


संसारमा आफ्नो भन्नु कोही रैन रैछ
भा'को मन'नि उडिदिन्छ आफ्नो हैन रैछ

उज्यालो तिम्रो निधारको ताराहरू टिपी
आँखाभित्र सजाउँ भन्थे त्यो पनि छैन रैछ

जीवनको लामो यात्रा कहाँ टुँगिन्छ र ?
उनलाई दे'को बाटोमा ऊ पनि गैन रैछ

चिनो भनी इन्द्रेणीको एउटा हार दिएँ
निष्ठूरीले कहाँ हाली त्यो नि लाइन रैछ


चौतारीको शीतलमा वर-पिपलको छाया
छाया टिप्न गा'की मोरी कतै पाइन रैछ


UTL
एसएमएस
कलर रिङ ब्याक टोन
(सिआरबीटी)
अवरोधरहित नेटवर्क
तीव्र गतिको
इन्टरनेट
सर्वाधिक सस्तो कल महशुल
लोकल कल
६० पैसा*
भारतमा फोन गर्न
मात्र रू. ७*
Uniting People...
United Telecom Limited
Tel: 2222222, Web Site: http://www.utlnepal.com


# मितेरी नेपाल विभिन्न गतिविधिमा



















# मितेरी नेपालका कार्य समितिहरु



चन्द्रकला नेवार
अध्यक्ष



महेन्द्रबहादुर गुरुङ्ग
उपाध्यक्ष



यादव भट्टराई
महासचिव



मणिराज सिंह
कोषाध्यक्ष



नम्रता उपाध्याय
सदस्य



ललिता दोषी
सदस्य



कमला रिसाल ज्योति
सदस्य



संगीता शर्मा
सदस्य